# वार्षिक प्रगति प्रतिवेदन

## आ.व. २०७९/०८०

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :-
चलानी नं. :-

## दुई शब्द

संघीय राज्य व्यवस्था प्रणाली अनुरूप कार्यान्वित शासकीय स्वरूप अनुसार नेपालको पशु पालन क्षेत्र तर्फका सम्पूर्ण सेवा प्रवाह तीन तहको सरकार मार्फत व्यवस्थापन हुँदै आएका छन्। तदानुरूप हालको संवैधानिक व्यवस्था अनुसार यस क्षेत्रको परिमाणात्मक विकासको सम्पूर्ण दायित्व स्थानीय तह र प्रदेशमा सरेका छन्; केहि दायित्वहरू तीन वटै तहका सरकारहरूको साझा मुद्दाहरू हुन् भने संघीय पशु सेवा विभाग यस क्षेत्रका गुणात्मक विकास तर्फ योगदान गर्ने अभिभारा बोकेको छ जसको सफलताको मियो तीनै तहको सरकार विचको प्रभावकारी ठाडो तथा क्षैतिज समन्वयमा भर पर्छन्। संघीय शासनीक प्रणालीको अभ्यासले गर्दा भने समग्र राष्ट्रिय पशु सेवाको अच्छुणतामा केहि असर पर्न सक्दैन; समग्र सेवा प्रवाहको स्वरूप मात्र बदलिन्छ भन्ने सिद्धान्त अनुरूप पशु सेवा विभागले प्रादेशिक तथा स्थानीय पशु सेवासँग गहन समन्वय, सहयोग तथा सहकार्य गरी मुलुकको पशु सेवा क्षेत्रको सर्वाङ्गीण विकासको लागि पशु पालन उद्योग तथा व्यापार तर्फ सहजकर्ता तथा नियामक निकायको भूमिकामा प्रस्तुत हुनु परेको वर्तमान यथार्थ छ। कुल ग्राहस्थ उत्पादनमा पशु सेवा क्षेत्रको योगदान, खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता, दिगो विकास लक्ष्यको प्राप्ति र निर्यातमुखी पशु पालन पेशाको विकासका लागि पशु सेवा विभाग परिवर्तन व्यवस्थापनको वाहकको रूपमा रचनात्मक भूमिका खेल्न तथा पशु पालन क्षेत्र तर्फ अन्तर्राष्ट्रियस्तरमा आएको रणनैतिक परिवर्तनसँग तालमेल मिलाउन प्रयासरत छन्।

यसका लागि विभागले कृषि क्षेत्रमा अवलम्बन गरिएका कृषि विकास रणनीती, दीगो विकास लक्ष्यका प्रतिवद्धताहरु तथा देशको आवधिक योजना जस्ता रणनैतिक दस्तावेजहरूले पहिचान तथा परिलक्षित गरेका दुध, अण्डा, मासु, माछा जस्ता पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्त्वमा उच्च वृद्धिदर हासिल गर्न यस क्षेत्रमा गुणात्मक विकासका विभिन्न कार्यक्रम तथा कृयाकलापहरु सञ्चालन गर्दै आएको छ। निजी क्षेत्रहरू, सहकारीहरू, अन्तरसरकारी निकायहरू तथा पशु सेवा क्षेत्रसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न सबै सरकोवालाहरूसँग समन्वय तथा सहकार्यमा मात्र पशु सेवा क्षेत्रको सम्पूर्ण गुण व्यवस्थापन गर्न सकिने यथार्थलाई कृयान्वित गर्न विभाग प्रतिवद्ध छन्।

प्रस्तुत पुस्तिकामा विभागले आ.व. २०७९/८० मा सञ्चालन गरेका विभिन्न कार्यक्रमहरू तर्फ भएका प्रगति, उपलब्धिहरू, कार्यक्रम सञ्चालनमा देखिएका चुनौतीहरू तथा मुलुकको पशु सेवा क्षेत्रमा महशुस गरेका नवीनतम आयामहरू सम्बन्धी जानकारी प्रस्तुत गर्ने जमर्को गरेको छ। यो पुस्तिका नीतिकारहरू, अनुसन्धानकर्ताहरू लगायत सम्बन्धित सरोकारवालाहरूको लागि उपयोगी हुने छन् भन्ने विश्वास गरेका छौं। आगामी दिनहरूमा विभागको यस्तो प्रयासलाई अझ राम्रो तथा परिष्कृत गर्न पाठक वर्ग तथा यस पुस्तिकाको उपयोगकर्ताहरूबाट पृष्ठपोषणको अपेक्षा गर्दछौं।

| | |
|---|---|
| ............... | ............... |
| डा. विनय कुमार कर्ण | डा. सुलोचना श्रेष्ठ |
| उप-महानिर्देशक | उप-महानिर्देशक |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**पशु सेवा विभाग**
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :-

चलानी नं. :-

## मन्तव्य

नेपालको कृषि प्रणालीको अभिन्न अंगको रुपमा रहेको पशुपन्छी तथा मत्स्य क्षेत्रले देशको कुल ग्राहास्थ उत्पादनमा महत्वपूर्ण योगदान पुऱ्याएको छ । राष्ट्रिय समस्याको रुपमा देखिएको मातृ तथा बालबालिका कुपोषणको समस्या न्यूनीकरणमा दुध, अण्डा, मासु र माछाको महत्वपूर्ण योगदान रहेको छ । बढ्दो जनसंख्या र शहरीकरणका साथै खानपिनको शैली तथा व्यवहारमा भएको परिवर्तनले गर्दा पशुपन्छी तथा मत्स्यजन्य पदार्थहरुको माग बढ्दै गएको छ। पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बृद्धि, ब्यवसायीकरण तथा प्रतिस्पर्धी क्षमता अभिबृद्धि गर्दै आन्तरिक तथा वाह्य बजारको पहुँच बिस्तार गर्न आवश्यक रहेको छ। यसै सन्दर्भमा पशुपन्छी तथा मत्स्य क्षेत्रको दीगो विकासद्धारा खाद्य सम्प्रभुता र समृद्ध गर्ने सोचका साथ दीगो पशुपन्छी तथा मत्स्यजन्य उत्पादनका माध्यमले मुलुकलाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाई उच्च आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्यमा यस विभाग क्रियाशिल रहेको छ।

कृषि विकास रणनीति तथा दीगो बिकास लक्ष्यमा जनाईएका प्रतिबद्धताहरु पूरा गर्न पन्ध्रौं योजनाले परिलक्षित गरेको दुध, फुल, मासु र माछा जस्ता पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादकत्व बृद्धि हासिल गर्न यस विभागले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । आ.व. ०७९/८० मा सञ्चालित कार्यक्रमका प्रगति प्रतिवेदन, कार्यक्रम सञ्चालनमा देखिएका समस्या र चुनौंती हासिल भएका उपलब्धिहरुको विषयमा यस पुस्तिका मार्फत जानकारी दिने प्रयास गरिएको छ।

पशु सेवामा संलग्न अनुसन्धानकर्ता, कृषक, उद्यमी लगायत विभिन्न सरोकारवालाहरुलाई यो पुस्तिका उपयोगी हुने विश्वास लिएको छु। यस प्रकाशनमा भएका त्रूटीहरु औंल्याई सकारात्मक पृष्ठपोषणको अपेक्षा गरेको छु जसले आगामी प्रकाशनलाई थप परिस्कृत बनाउन सहयोग पुग्नेछ। यस विभागको आ.व. २०७९/८० को स्वीकृत कार्यक्रमको प्रगति हासिल गर्न सहयोग गर्नु हुने सम्पूर्ण कर्मचारीहरू, कृषक व्यवसायि र अन्य सरोकारवालाहरु सबैलाई धन्यवाद दिन चाहन्छु।

..................
डा. उमेश दाहाल
महानिर्देशक

# विषय सूची


**परिच्छेद - १** ३

१.१ परिचय ३

१.२ पशु सेवा विभाग अन्तर्गतका कार्यक्रम तथा निकायहरू ७

१.२.१ पशु सेवा विभाग अन्तर्गतका महाशाखा तथा निकायहरू ७

१.३ राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम तथा निकायहरू १९

१.३.१ राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम १९

१.४ पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम तथा निकाय ३६

१.४.१ राष्ट्रिय पशुपन्छी आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला ३६

१.५ मत्स्य विकास कार्यक्रम तथा निकाय ३८

१.५.१ केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र ३८

१.६ पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम र निकायहरू ४३

१.६.१ पशु क्वारेन्टाइन सेवा ४३

१.६.२ प्रयोगशाला सेवा ४८

१.६.३ राष्ट्रिय खोप उत्पादन प्रयोगशाला ५८

१.६.४ भेटेरिनरी गुणस्तर तथा औषधि नियमन प्रयोगशाला ६२

१.६.५ केन्द्रीय रिफरल पशु चिकित्सालय ६४

१.६.६ खोरेत तथा सीमाबिहिन पशुरोग अन्वेषण प्रयोगशाला ६५

१.६.७ सार्क क्षेत्रीय सहयोग इकाइ (RSU) ६६

**परिच्छेद - २** ६८

२.१ पशु सेवासँग सम्बन्धित निती, ऐन, नियमावली, निर्देशिका, मापदण्ड तथा कार्यविधीहरू ६८

**परिच्छेद - ३** ७२

३.१ वार्षिक कार्यक्रम तथा विनियोजित बजेट ७२

**परिच्छेद - ४** ८९

४.१ सम्पादित कार्यक्रमका उपलब्धीहरू ८९

४.१.१ नीतिगत व्यवस्था ८९

४.१.२ संस्थागत एवम् संरचनागत सुधारबाट हासिल भएको उपलब्धि ८९

**परिच्छेद - ५** ९३

५.१ नीति तथा कार्यक्रमम र बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरुको प्रगति विवरण ९३

**परिच्छेद - ६** ९७

६.१ पशु सेवाक्षेत्रका मुख्य मुख्य समस्याहरू ९७

**परिच्छेद - ७** ९९

७.१ पशुपन्छीजन्य पदार्थको उत्पादनको अवस्था ९९

७.२ पशुपन्छी तथा मत्स्य बीमा १००

७.३ नेपालमा लम्पी स्किन रोगको प्रकोपको अवस्था १००
७.४ नेपालमा ग्ल्यान्डर्स रोगको अवस्था १०२
**परिच्छेद ८** १०३
८.१ पशु क्वारेन्टाइन कार्यक्रम १०३
८.२ कार्यनीति १०३
८.३ आयात भएका मुख्य मुख्य वस्तुको आयातको विवरण १०४
८.४ निर्यात भएका मुख्य मुख्य वस्तुको आयातको विवरण १०४
८.५ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) गाइ गोरू, बाच्छावाच्छी आयात विवरण १०५
८.६ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) खसी/बोका आयात विवरण १०५
८.७ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) राँगाभैँसी/पाडापाडी आयात विवरण) १०६
८.८ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) खाने माछा आयात विवरण १०६
८.९ पशु क्वारेन्टाइन कार्यालय तथा चेकपोष्टहरूको विवरण १०७

## परिच्छेद - १

### १.१ परिचय

### (क) ऐतिहासिक पृष्ठभूमि

नेपालको पशुपन्छी विकास सम्बन्धी कार्यक्रम सञ्चालनको थालनी संस्थागत रूपमा विक्रम सम्वत् १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट सुरू भएको हो ।१९८२ सालमा सिंहदरबार परिसरमा कृषि प्रदर्शन फार्म खुल्यो ।यसपछि कृषिको समग्र विकास गर्ने उद्देश्यले वि.सं. १९९४ मा कृषि परिषद्को गठन भयो। परिषदबाट कृषि विकासको लागि कृषि फार्महरू खोल्ने, सर्वेक्षण कार्यहरू गर्ने जस्ता कार्यहरू भए। विक्रम सम्वत् १९९८ सालमा त्रिपुरेश्वरमा भेटेरीनरी हस्पिटलको स्थापना भयो। वि.सं.२००० मा मकवानपुरको चित्लाङ्गमा भेडा फार्म खुल्यो। वि.सं. २००४ मा परवानीपुर सेन्ट्रल एक्सपेरिमेन्टल एण्ड रिसर्च फार्म खडा गरी कृषि अनुसन्धानलाई जोड दिन थालियो । वि.सं. २००७ को परिवर्तनपछि कृषि परिषद्बाट भएका विभिन्न कार्यहरूको लेखाजोखा भयो। त्यसैको आधारमा वि.सं. २००८ मा कृषि परिषद्लाई विघटन गरी त्यसबेलाको सबैभन्दा माथिल्लो निकायको रूपमा रहने गरी कृषि विभाग खडा भयो। तत्कालिन कृषि परिषद्को सेक्रेटरीलाई नै कृषि विभागको डाईरेक्टरमा नियुक्ति गरियो। वि.सं. २०१० मा कृषि विभागमा एग्रोनोमी, हर्टिकल्चर, लाईभस्टक एण्ड डेरी, एग्री-ईन्जिनियरिङ्ग र फिसरिज (भेटरेनरी बाहेक) गरी ५ सेक्सनहरू खडा भए। ती सेक्सनका मातहतमा कृषि विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन हुन थाले। वि.सं. २०१४ साल सम्ममा १० जिल्लाहरूमा पशु अस्पतालहरूको स्थापना भयो। पशु स्वास्थ्य सेवाको आवश्यकता बढ्दै गएकोले भारत, संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन र अक्सफामको सहायतामा देशव्यापी रुपमा सेवा पुऱ्याउन ३३ वटा भेटेरिनरी अस्पताल, २१ डिस्पेन्सरी र १८ वटा चेकपोष्ट वि.सं. २०२१ सम्ममा स्थापना भए। यसै समयमा छ वटा पशु विकास फार्महरू पनि खोलिए। वि.सं. २०२३ सालमा पशु विकास तथा पशु स्वास्थ्य विभागको स्थापना गरी पाँचौं पञ्चवर्षीय योजनादेखि पशु स्वास्थ्य, पशु आहारा, पशु प्रजनन तथा पशुपालन व्यवस्थापन सेवालाई एकीकृत रुपमा कृषकहरूको घर दैलोमा पुऱ्याउन उदेश्यले समन्वयात्मक पशु सेवा कार्यक्रम सञ्चालन गरियो । वि.सं. २०२९ सालमा कृषिका सम्पूर्ण कार्यहरू समन्वयात्मक रुपमा लैजानको लागि पशु विकास तथा पशु स्वास्थ्य विभागलाई पुनः कृषि विभागमा गाभिएको थियो।

पशुपालन व्यवसाय बढ्दो माग पूरा गर्न पशु सेवामा आएको कमीलाई महसुस गरी वि.सं. २०३६ मा पुनः पशु विकास तथा पशु स्वास्थ्य विभाग (पछि पशु सेवा विभागको नाममा) पुनर्गठन गरियो । त्यसपछि क्रमिक रुपमा ७५ वटै जिल्लाहरूमा पशु सेवा कार्यलयहरू, ग्रामीणस्तरमा सेवा केन्द्रहरू, प्रयोगशाला तथा फार्महरूको सुदृढीकरण र केही नयाँ फार्महरू स्थापना भए। वि.सं. २०४९ सालमा पशु सेवा विभागलाई पुनः कृषि क्षेत्रका सबै सेवात्मक निकायहरूलाई समेटी कृषि विकास विभागको गठन भयो। तत्पश्चात् व्यवस्थापन पक्षमा जटिलता र सेवामा शिथिलता आएको महसुस गरी पुनः २०५२ साल श्रावण १ गते पशु सेवा विभागको गठन भयो। नेपाल सरकारको मिति २०७५/३/३२ को निर्णय बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत सङ्घीय संरचना अनुसार पशु सेवा विभागको पुनर्संरचना भई पशुपन्छी तथा मत्स्य क्षेत्रको विकास तथा विस्तार एवम् नियमक कार्यहरू गर्दै आएको छ ।

### (ख) दीर्घकालिन सोच

पशुपालन व्यवसायलाई व्यवसायीक, आयमूलक तथा आकर्षक पेशाको रुपमा विकास गरी खाद्य तथा पोषण सुरक्षा, गरिबी न्यूनिकरण र रोजगारी सृजनाका साथै राष्ट्रिय उत्पादनमा योगदान पुऱ्याउने पशु सेवा विभागको दीर्घकालिन सोच रहेको छ ।

**(ग) उद्देश्य**

- पशुपन्छीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी गरिवी निवारण तथा खाद्य सुरक्षामा सहयोग पुऱ्याउने ।
- पशुजन्य पदार्थको प्रशोधन र बजार प्रवर्दन गरी व्यावसायिकरणका आधारहरू सुदृढ गर्ने ।
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्वपूर्ण पशुरोगहरूको नियन्त्रण र उन्मूलन गर्ने ।
- जैविक विविधताको संरक्षण, संवर्द्धन र उपयोग गरी वातावरण मैत्री पशुपालन व्यवसाय पद्धतीको विकास गर्ने ।

**(घ) रणनीति**

- विश्व व्यापार सङ्गठन तथा विश्व पशु स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार पशु स्वास्थ्य सेवालाई भरपर्दो, विश्वासिलो र आधुनिकिकरण गर्ने ।
- पशु तथा पशुजन्य पदार्थको उत्पादन वृद्धिका लागि आवश्यक पर्ने उत्पादन सामाग्रीहरूमा कृषकको पहुँच बढाई उत्पादन लागत कम गरी पशुपालन व्यवसायलाई प्रतिस्पर्धी बनाउने ।
- स्थानीय निकाय तथा सरोकारवालाहरूको सहकार्यमा पशुपन्छी बजार सञ्जाल विकास तथा विस्तारद्वारा कृषक, व्यवसायी तथा उपभोक्ताको लागि प्रतिस्पर्धात्मक तथा गुणस्तरीय पशुवस्तुको बजार पहुँचमा सहज बनाउने ।
- स्थान विशेषको सम्भाव्यताको आधारमा पशुवस्तु विशेषको पकेटहरूलाई केन्द्र बिन्दु मानी व्यवसायीक पशुपालन प्रणालीको विकास गर्ने ।
- वातावरण संरक्षण एवम् जैविक विविधताको संवर्द्धन र उपयोग गर्दै पशुपन्छीहरूमा आधारित आयआर्जन गर्ने खालका पशुजन्य उद्यमको अभिवृद्धि गरी खाद्य सुरक्षा स्थिति सुदृढ गर्ने ।
- पशुपालन व्यवसाय प्रवर्दनका लागि आवश्यक पर्ने प्राविधिक दक्षता एवम् क्षमता अभिवृद्धि गर्ने ।
- राज्यले अपनाएको समावेशीकरण र सामाजिक न्यायको आधारमा पशु विकास कार्यक्रममा लक्षित समुदायलाई मूलधारमा ल्याउने ।

**(ङ) कार्यक्षेत्र**

पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायीकरण, आयमूलक तथा सम्मानित पेशाको रुपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुऱ्याउने पशु सेवा विभागको प्रमुख उद्देश्य हो । यसको लागि पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने मात्र नभई यस व्यवसायलाई बढी नाफामूलक र प्रतिस्पर्धी बनाउनुपर्ने आवश्यकता समेत छ । विभिन्न देशहरूले पशुपालनका तरीका, प्रविधिको उपयोग तथा विकासको नयाँ रणनीति तथा मोडेल अपनाई पशु सेवाको क्षेत्रमा निकै ठूलो फड्को मारिसकेका छन् । विद्यमान पशुपालन क्षेत्रको समस्या तथा चुनौतिहरूसँग लड्न तथा समयक्रममा विकसित भएका सेवाको मागको स्तर बमोजिमको सेवा प्रवाह गर्न सक्षम बनाउन यस क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालाहरूको क्षमता अभिवृद्धि गरी प्रभावकारी सेवा प्रवाह गर्न देहाय बमोजिमका कार्य क्षेत्र निर्धारण गरिएको छ ।

- पशु क्वारेन्टाइन सम्बन्धी कानुन, नीति, मापदण्ड, निर्देशिका कार्यान्वयन गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्यजन्य अन्तर्राष्ट्रिय महामारी रोग नियन्त्रण कार्यमा सहभागिता जनाउने ।
- पशुपन्छी तथा मत्स्यजन्य महामारी अन्वेषण, निदान, नियन्त्रण तथा व्यवस्थापन गर्ने गराउने ।
- जनस्वास्थ्य संरक्षण, जुनोटिक रोग नियन्त्रण एवम् एक स्वास्थ्य अवधारणाको कार्यान्वयन तथा व्यवस्थापन गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्यजन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धी राष्ट्रिय नीति तथा मापदण्ड निर्धारण नियमन गर्ने गराउने ।
- खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता हासिल गर्न पशुपन्छी सम्बन्धी राष्ट्रिय नीति, मापदण्ड, सूचक, अन्तरप्रदेश समन्वय, नियमन गर्ने गराउने ।
- पशुपन्छी स्रोत, आनुवंशिकी संरक्षण विकास एवम् दीगो उपभोगको लागि नियमन गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्यजन्य सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क प्रणाली, अध्ययन, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्यजन्य औषधि, सुक्ष्म पोषण तत्व र विषादीको उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तयारी तथा कार्यान्वयन गर्ने गराउने र नियमन गर्ने गराउने ।
- भेटेरिनरी औषधी र विषादीको आयात अनुमति र नियमन गर्ने गराउने ।
- पशुपन्छीजन्य औषधि, जैविक पदार्थ, दानाको गुणस्तर निर्धारण तथा नियमन गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्यजन्य सम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण र नियमन गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्यजन्य अन्तर्राष्ट्रिय प्रत्यायनयुक्त (Accreditation) प्रयोगशाला विकास र व्यवस्थापन गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्यजन्य उद्योग व्यवसायको अन्तर-प्रादेशिक विकास तथा प्रवर्द्धनमा समन्वय गर्ने ।
- पशुपन्छी तथा मत्स्यजन्य नश्ल सम्बन्धी राष्ट्रिय गुणस्तर तथा मापदण्ड निर्धारण, व्यवस्थापन, समन्वय र नियमन गर्ने गराउने ।
- अन्तर्देशीय चरन तथा खर्क सम्बन्धी तयारी तथा कार्यान्वयन गर्ने गराउने र नियमन गर्ने गराउने ।
- अन्तर्देशीय र अन्तर प्रादेशिक चरन र खर्क प्रवर्द्धनमा समन्वय गर्ने ।
- पशुपन्छी पालन सेवा, सीप विकास, निरन्तर शिक्षा, तालीम, नीति, मापदण्ड, राष्ट्रिय, अन्तर्राष्ट्रिय, तालीममा छनौट सञ्चालन एवम् व्यवस्थापन गर्ने गराउने र मानव संसाधन व्यवस्थापन गर्ने ।
- अन्तर-प्रादेशिक विपद् व्यवस्थापन, रोग नियन्त्रण टोली परिचालनका लागि आवश्यक समन्वय गर्ने ।
- अन्तर्प्रादेशिक पशु सेवा प्रसार समन्वय तथा प्रविधि विस्तार, मापदण्ड एवम् समन्वय गर्ने ।

- विश्व पशु स्वास्थ्य सङ्गठन (World Organization for Animal Health), Animal Production and Health Commission for Asia and Pacific (APHCA) लगायत अन्य संस्थाहरूसँग प्राविधिक सहकार्य एवम् समन्वय गर्ने ।
- पशु चिकित्सा सेवा प्रवर्द्धन गर्न चिकित्सालय एवम् विशेषज्ञ सेवा व्यवस्थापन गर्ने गराउने ।
- ड्रग-रेसिड्यु (Drug Residue), एन्टीमाइक्रोबियल रेसिस्टेन्स (Antimicrobial Resistance) लगायत जनस्वास्थ्यको विषयमा स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण एवम् सूचना प्रवाह तथा नियमन गर्ने गराउने ।
- पशु सेवा सम्बन्धी प्रयोगशाला सम्बद्धता एवम् स्तरोन्नति व्यवस्थापन गर्ने गराउने ।
- पशुपन्छीजन्य व्यवसाय तथा उद्योग प्रवर्द्धन, आयात, निर्यात सिफारिस, नियमन, कार्यविधि निर्धारण तथा कार्यान्वयन गर्ने गराउने ।
- पशुपन्छीजन्य खाद्य पदार्थको स्वच्छता प्रवर्द्धन एवम् अन्वेषण अनुगमन तथा सूचना प्रवाह गर्ने गराउने ।
- जैविक मल उत्पादनको लागि गोठ व्यवस्थापन प्रवर्द्धन एवम् नियमन गर्ने गराउने ।
- पशुपन्छी तथा मत्स्य बीमा प्रवर्द्धन कार्यक्रमको व्यवस्थापन तथा नियमन गर्ने गराउने ।
- पशुकल्याण सम्बन्धी नियमन व्यवस्थापन गर्ने गराउने ।
- मत्स्य विकास, नियमन रोग अन्वेषण तथा नियन्त्रण, समन्वय व्यवस्थापन गर्ने गराउने ।

**(च) मुख्य कार्यक्रमहरू**

- पशु सेवा विभाग
- मत्स्य विकास कार्यक्रम
- पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम
- पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम
- पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम

**(छ) सङ्गठनात्मक संरचना**

नेपाल सरकार, कार्य विभाजन नियमावली, २०७४ (संशोधन सहित) मा उल्लेख भएका कार्यहरू एवम् माथि उल्लेखित उद्देश्यको प्रभावकारी कार्यान्वयन र व्यवस्थापनको लागि यस विभागको कार्यक्षेत्र र सङ्गगठनात्मक संरचनामा बेला बखत फेरबदल हुँदै आएको छ । पशु सेवा विभागको उद्देश्यहरू हासिल गर्न नेपाल सरकारको मिति २०७५/३/३२ को निर्णय अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत पशु सेवा विभागको पुन:संरचना भएको छ । हाल यस विभाग अन्तर्गत तीन वटा महाशाखा (पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा, पशु क्वारेन्टाइन महाशाखा र पशुपन्छी आनुवंशिक स्रोत तथा आर्थिक विश्लेषण महाशाखा) एक इकाई (आयोजना समन्वय इकाई), दुई शाखा (योजना तथा अनुगमन शाखा र प्रशासन शाखा) र ३५ वटा कार्यालयहरू रहेका छन् ।

## १.२ पशु सेवा विभाग अन्तर्गतका कार्यक्रम तथा निकायहरू

### १.२.१ पशु सेवा विभाग अन्तर्गतका महाशाखा तथा निकायहरू

#### (क) पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा

- पशु स्वास्थ्यको क्षेत्रमा आधिकारिक राष्ट्रिय भेटेरिनरी निकाय (National Veterinary Authority) को रूपमा काम गर्ने र तत्सम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने।
- पशु स्वास्थ्य सम्बन्धी नीति, निर्देशिका तथा नर्म्स्को प्रारम्भिक तर्जुमा गर्ने।
- आर्थिक दृष्टिले महत्वपूर्ण सीमाविहिन पशुपन्छीको रोग सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण।
- जनस्वास्थ्यसँग सम्बन्धित तथा जुनोटिक रोगहरूको सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण, तथा उन्मूलन गर्ने कार्यक्रम तर्जुमा गरी लागू गर्ने।
- राष्ट्रिय महत्वका रोग नियन्त्रणका लागि राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने।
- रिफरल पशु चिकित्सा सेवा सञ्चालन नियमन।
- पशुपन्छीका औषधि, जैविक पदार्थ, हर्मोन, विषादी लगायतको गुणस्तर नियमन।
- पशुपन्छीजन्य महामारी एवम् प्रकोप लगायतका विपद् व्यवस्थापन।
- महामारी, विपद् व्यवस्थापन र राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमका लागि औषधि, खोप तथा नियन्त्रण उपकरण/सामग्रीको बफर-स्टक मौज्दात व्यवस्थापन।
- पशु स्वास्थ्य क्षेत्रमा आवश्यक ऐन, नियम, मापदण्ड, निर्देशिका लगायतको आवश्यकता पहिचान तथा प्रारम्भिक मस्यौदाहरू तयार गर्ने।
- पशुपन्छीका रोगहरुको अन्वेषण, नियन्त्रण, रोकथाम तथा उन्मूलनको कार्ययोजना (Contingency Plan) तयार गरी लागू गर्ने।
- एक स्वास्थ्यको लागि पशु स्वास्थ्य तर्फको आधिकारिक राष्ट्रिय प्राविधिक निकायको रुपमा कार्य गर्ने।
- खोप उत्पादन तथा व्यवस्थापनको कार्यको सुपरिवेक्षण तथा आवश्यक समन्वय।
- नेपाल कृषि अनुसन्धान परिषद् लगायत अन्य अनुसन्धान संस्थाहरूसँग समन्वय राखी समन्वयात्मक पशु स्वास्थ्य अन्वेषण तथा अनुसन्धानमा सहजीकरण गर्ने।
- भेटेरिनरी निरीक्षण व्यवस्थापन।
- नेपाल पक्ष राष्ट्र रहेको विश्व पशु स्वास्थ्य सङ्गठन लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनमा पशु रोग तथा अवस्थाको रिपोर्टिङ।
- पशु रोग तथा अवस्थिति सम्बन्धी सूचना प्रणाली व्यवस्थापन।
- प्रयोगशालाको प्रत्यायन (Accreditation) तथा प्रमाणीकरण।
- नेपालमा कार्यरत पशु स्वास्थ्यसँग सम्बन्धित निकायहरूलाई प्राविधिक सहयोग तथा समन्वय गरी क्षमता विकास गर्ने।

- पशु तथा पशुजन्य पदार्थ निकासीको लागि आवश्यक अन्तर्राष्ट्रिय भेटेरिनरी प्रमाणपत्र जारी गर्ने ।
- पशु स्वास्थ्यको क्षेत्रमा एन्टिमाइक्रोबियल रेजिस्टेन्स (Antimicrobial Resistance) तथा एन्टिमाइक्रोबियल प्रयोग (Antimicrobial Use) को नियमन गर्ने ।
- पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य गर्ने ।

***महामारी तथा रोग नियन्त्रण तथा व्यवस्थापन शाखा***

- आर्थिक दृष्टिले महत्त्वपूर्ण सीमाविहिन पशुपन्छीको रोग सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण ।
- पशुपन्छीजन्य महामारी एवम् प्रकोप लगायतका विपद् व्यवस्थापन ।
- महामारी, विपद् व्यवस्थापन र राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमका लागि औषधि, खोप तथा नियन्त्रण उपकरण/सामग्रीको बफर-स्टक मौज्दात व्यवस्थापन गर्ने ।
- आर्थिक दृष्टिले महत्त्वपूर्ण रोग नियन्त्रणका लागि राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्ने ।
- पशुपन्छीका रोगहरुको अन्वेषण, नियन्त्रण, रोकथाम तथा उन्मूलनको आपतकालिन कार्ययोजना (कन्टिन्जेन्सी प्लान) तयार गरी लागू गर्ने ।
- महामारी रोगको रोकथाम तथा नियन्त्रणको लागि कार्ययोजना तयार पार्ने ।
- महामारी रोग सम्बन्धी सूचना सङ्कलन तथा सम्प्रेषण गर्ने ।

***भेटेरिनरी इपिडेमियोलोजी शाखा***

- नेपाल पक्ष राष्ट्र रहेको विश्व पशु स्वास्थ्य सङ्गठन लगायतका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनमा पशुपन्छी (वन्यजन्तुसमेत), माछा, मौरी रोग तथा अवस्थाको रिपोर्टिङ गर्ने ।
- पशु रोग तथा अवस्थिति सम्बन्धी सूचना प्रणाली व्यवस्थापन गर्ने ।
- पशु रोग पहिचानको दक्षता अभिवृद्धिको लागि सूचना तथा जानकारी सम्प्रेषण गर्ने र आवश्यक सञ्चारको कार्य गर्ने ।
- महामारी तथा सीमाविहिन रोग नियन्त्रणका लागि Zoning and Compartmentalization गर्ने ।
- Emerging तथा Re-emerging रोगहरूको नियन्त्रण सम्बन्धी रणनीति तयार तथा कार्यान्वयन गर्ने ।
- पशु रोग सम्बन्धी इपिडेमियोलोजीकल सर्भिलेन्स, अध्ययन गर्ने ।
- पशु रोगको जोखिम विश्लेषण गर्ने ।
- पशु स्वास्थ्य सम्बन्धी अभिलेख अद्यावधिक गरी राख्ने ।

***एकिकृत स्वास्थ्य शाखा***

- एक स्वास्थ्य सम्बन्धी राष्ट्रिय नीतिको मस्यौदा तर्जुमा कार्यान्वयन तथा अनुगमन गर्ने ।

- एक स्वास्थ्यको लागि पशु स्वास्थ्यको तर्फबाट आधिकारिक राष्ट्रिय प्राविधिक विन्दुको रुपमा कार्य गर्ने।
- जनस्वास्थ्यसँग सम्बन्धित तथा जुनोटिक रोगहरूको सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण तथा उन्मूलन गर्ने कार्यक्रम तर्जुमा गरी लागू गर्ने।
- एन्टिमाइक्रोबियल रेजिस्टेन्स तथा एन्टिमाइक्रोबियल प्रयोगको नियमनको कार्यको समन्वय गर्ने।
- खाद्य स्वच्छताको लागि पशु सेवा विभागको फोकल विन्दुको रूपमा कार्य गर्ने र अन्य सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने।
- विश्व पशु स्वास्थ्य सङ्गठन (WOAH) र विश्व स्वास्थ्य सङ्गठनसँग प्राविधिक सहकार्य एवम् समन्वय गर्ने।
- एक स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरूसँग समन्वय गर्ने।
- एक स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक कार्य गर्ने।
- एक स्वास्थ्य सम्बन्धी सूचना प्रणाली व्यवस्थापन।
- एक स्वास्थ्य सम्बन्धी दक्षता अभिवृद्धिको लागि सूचना तथा जानकारी सम्प्रेषण गर्ने र आवश्यक सञ्चारको कार्य गर्ने।

**(ख) पशु क्वारेन्टाईन महाशाखा**

- पशु क्वारेन्टाइनको क्षेत्रमा कानूनी तथा प्राविधिक राष्ट्रिय निकाय (National Technical Authority) को रुपमा काम गरी तत्सम्बन्धी सम्पूर्ण जिम्मेवारी बहन गर्ने।
- पशु क्वारेन्टाइनसँग सम्बन्धी अल्पकालीन, मध्यकालीन तथा दिर्घकालीन योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- पशु क्वारेन्टाइनसँग सम्बन्धित ऐन, नियमावली, मापदण्ड, कार्यविधिको मस्यौदा तयारी तथा कार्यान्वयन गर्ने ।
- निर्धारित गुणस्तर अनुसारका पशुपन्छी तथा माछा र पशुजन्य पदार्थको मात्र आयात निर्यात गर्ने व्यवस्था मिलाउने।
- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री भित्रिन सक्ने पशु रोगहरूको प्रवेश रोक्न विद्यमान ऐन, नियमको कार्यान्वयनको साथै पशु क्वारेन्टाइनको समुचित व्यवस्थापन गर्ने।
- विश्व व्यापार सङ्गठन (WTO) को सम्पर्क बिन्दुको रुपमा कार्य गर्ने तथा Sanitary and Phytosanitary (SPS) Measures अनुरुप क्वारेन्टाइन प्रक्रिया वैज्ञानिक तथा सुदृढ गर्दै जाने।
- WTO को SPS मापदण्ड अनुरुप पशु क्वारेन्टाइन प्रक्रियालाई अध्यावधिक गरी पशुपन्छी र पशुजन्य पदार्थको गुणस्तर नियमन, मापदण्ड निर्धारण, ऐन नियमको प्रस्तावना साथै सो सम्बन्धी नीति तय गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७, १८, र १९ बमोजिमका कार्यहरू गर्ने।

- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको आयात निर्यात सिफारिस प्राविधिक समितिको सचिवालयको रुपमा कार्य गर्ने।
- वैज्ञानिक तथ्यका अधारमा आयात जोखिम विश्लेषण जोखिम व्यवस्थापन तथा कार्यान्वयन गर्ने।
- पशु क्वारेन्टाइन कार्यालय, चेकपोष्ट, होल्डिङ्ग यार्ड (Holding Yard) र नाकाहरूको समयानुकुल स्थापना तथा स्थानान्तरण गर्न आवश्यक व्यवस्था मिलाउने।
- रोग नियन्त्रण गर्ने सम्बन्धमा सीमावर्ती मुलुकका सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यक व्यवस्थापन गर्ने।
- रोगहरू एक ठाउँबाट अर्को ठाउँमा सर्न नदिन आन्तरिक क्वारेन्टाइनलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने।

***जोखिम विश्लेषण शाखा***

- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको आयात जोखिम विश्लेषण गर्ने ।
- सीमावर्ती मुलुकका पशु क्वारेन्टाइन कार्यालयसँग समन्वय गरी कार्य गर्ने ।
- क्वारेन्टाइन कार्यसँग सम्बन्धित कार्यहरूको लागि जोखिम विश्लेषणको खाका तथा प्रोटोकल तयार गर्ने।
- क्वारेन्टाइनमा कार्यरत कर्मचारीहरूलाई जोखिम विश्लेषण गर्ने विधि सम्बन्धी तालीम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- नेपालमा पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरू निर्यात गर्ने मुलुकहरूको पशु रोगको अवस्था (Disease Status) का आधारमा नेपालको लागि क्वारेन्टाइन Pathogen पहिचान गर्ने।
- प्रयोगशाला तथा भेटरिनरी इपिडेमियोलोजी शाखा, जनस्वास्थ्य, वन्यजन्तु तथा सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरी जोखिम विश्लेषण सम्बन्धी कार्य गर्ने ।
- जोखिम सम्बन्धी अध्ययन अनुसन्धान गर्ने निकायहरूसँग समन्वय गरी जोखिम न्यूनिकरणका उपायहरू अवलम्वन गर्ने गराउने।
- रोग जोखिमका अतिरिक्त अन्य जोखिमका सम्वन्धमा सम्बन्धित निकायसँग समन्वय गरी जोखिम विश्लेषण गरी अवश्यक परामर्श गरी प्रतिवेदन तयार गर्ने ।

***आन्तरिक तथा सीमा पशु क्वारेन्टाईन शाखा***

- पशु क्वारेन्टाइनको क्षेत्रमा आधिकारिक राष्ट्रिय निकाय (National Technical Authority) को रुपमा कार्य गर्ने।
- पशु सेवा क्षेत्रको लागि विश्व व्यापार सङ्गठनको समन्वय केन्द्रको रुपमा कार्य गर्ने।
- पशु क्वारेन्टाइन कार्यालयहरूको कार्यक्रम तर्जुमा अनुगमन तथा मूल्याङ्कन गर्ने।
- क्वारेन्टाइनसँग सम्बन्धित सरोकार निकायहरूसँग समन्वय गर्ने।

- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीको माध्यमबाट भित्रिन सक्ने पशु रोगहरूको प्रवेश रोक्न विद्यमान ऐन नियमको कार्यान्वयन गर्ने गराउने ।
- विश्व व्यापार सङ्गठनको Sanitary and Phyto-sanitary Measures अनुरुप पशु क्वारेन्टाइन प्रक्रियालाई अध्यावधिक गरी पशुपन्छी र पशुजन्यपदार्थको गुणस्तर नियमन, मापदण्ड तर्जुमामा यथोचित सहयोग तथा ऐन नियमको कार्यान्वयन गर्ने गराउने ।
- रोगहरू एक ठाउँबाट अर्को ठाउँमा सर्न नदिन ।
- रोग नियन्त्रण कार्यक्रम सञ्चालन भएका क्षेत्रमा रोग भित्रन नदिन र रोगहरू एक ठाउँबाट अर्को ठाउँमा सर्न नदिन आन्तरिक तथा सीमा क्वारेन्टाइनलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।
- पशु क्वारेन्टाइन सूचना व्यवस्थापन (AQMIS) प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- पशु क्वारेन्टाइन कार्यालय, चेकपोष्ट, क्वारेन्टाइन स्थल (Holding Yard) को समयानुकुल सुदृढीकरण गर्ने र आवश्यकता अनुसार स्थाई तथा अस्थाई क्वारेन्टाइन चेकपोष्ट स्थापना तथा स्थानान्तरण गर्न आवश्यक व्यवस्था मिलाउने ।

***आयात निर्यात तथा नियमन शाखा***

- पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको आयात निर्यात सिफारिस प्राविधिक उप-समितिको सचिवालयको रुपमा कार्य गर्ने ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७, १८, र १९ वमोजिमका कार्यहरू गर्ने ।
- आयात निर्यात सिफारिस, विक्री वितरण अनुमति, उद्योग स्थापना सिफारिस गर्न विभागमा पेश गर्ने ।
- आयात, विक्री वितरण, निर्यात सिफारिस अनुमति, उद्योग स्थापनाको सिफारिस माग गर्ने ।
- आयात निर्यात सिफारिस गर्दा विशेषज्ञको रायका लागि जोखिम विश्लेषण शाखा तथा अन्य विज्ञ समूहको राय मागी कार्य गर्ने ।
- आयात निर्यात गर्नु पूर्व राष्ट्रिय पशुपन्छी अन्वेषण प्रयोगशाला/ भेटेरीनरी गुणस्तर तथा औषधी नियमन प्रयोगशाला र राष्ट्रिय पशु आहारा तथा लाईभस्टक गुण नियन्त्रण प्रयोगशालाको प्रतिवेदनको आधारमा कार्य गर्ने ।
- भेटेरिनरी निरीक्षकहरूको व्यवस्थापन तथा सञ्चालन गर्ने ।
- पशुपन्छीको औषधी, जैविक पदार्थ, हर्मोन, विषादी लगायतको गुणस्तर नियमन ।
- पशुपन्छीजन्य औषधि, जैविकी, दाना, सुक्ष्म पोषकतत्व गुणस्तर निर्धारण व्यवस्थापन गर्ने ।
- निर्धारित गुणस्तर अनुसारका पशुपन्छी तथा पशुजन्य पदार्थको आयात निर्यात सुनिश्चित गर्ने ।
- निर्यात गर्ने राष्ट्रको न्यूनतम पशु स्वास्थ्य क्षेत्रको आवश्यकता सम्बन्धी मापदण्ड तयार गर्ने ।

**(ग) पशुपन्छी आनुवंशिक स्रोत तथा आर्थिक विश्लेषण महाशाखा**

- पशुपन्छी र मत्स्य आनुवंशिक स्रोतको सर्वेक्षण, पहिचान, अभिलेखीकरण, दर्ता तथा संलग्न जोखिमको स्तर मूल्याङ्कन र अनुगमन, संरक्षण, संवर्द्धन तथा उपयोगको लागि आवश्यक पर्ने नीति, ऐन, नियम, निर्देशिका, नर्मस, मापदण्ड तथा कार्यविधि, मस्यौदा तर्जुमा, परिमार्जन र कार्यान्वयन आदि सम्बन्धी कार्यमा समन्वय र सहजीकरण गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका नीति एवम् सन्धी, महासन्धी अनुसार पशुपन्छी, मत्स्य आनुवंशिक स्रोत संरक्षण र उपयोगका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय, प्रदेश, केन्द्रीय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गर्नुका साथै सहकार्यको लागि राष्ट्रिय फोकल प्वाईन्टको रूपमा कार्य गर्ने।
- स्थानीय, प्रदेश तथा केन्द्रीय स्तरमा पशुपन्छी तथा मत्स्य आनुवंशिक स्रोत सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि (प्रचार प्रसार, तालीम, अन्तर्क्रिया आदि) का आवश्यक कार्यक्रमहरू कार्यान्वयनमा समन्वय र सहकार्य गर्ने।
- कृषक, व्यवसायी तथा उद्यमीहरूको पशुपन्छी तथा मत्स्यजन्य उत्पादन सम्बन्धी परम्परागत ज्ञान, सीप, प्रविधि र आविष्कारको अभिलेखीकरण र उपयोगलाई प्रोत्साहन गर्ने गराउने कार्यक्रमहरूमा समन्वय गर्ने।
- पशुपन्छी तथा मत्स्य स्रोत संरक्षण र प्रवर्द्धनको लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय, सरकारी, गैर सरकारी तथा नीजि क्षेत्रका सङ्घ संस्थाहरूसँग सहकार्य र समन्वय गरी अध्ययन, अनुसन्धान, प्रविधि विस्तार सम्बन्धी कार्यको पहिचान, तर्जुमा र कार्यान्वयनलाई प्रभावकारी वनाउन सहजीकरण गर्ने।
- पशुपन्छी तथा मत्स्यजन्य पदार्थहरूको उत्पादन, सङ्कलन, ढुवानी, प्रशोधन, विविधिकरण र बजारीकरणका कार्यक्रमहरूको सरोकारवाला निकायहरूसँगको संलग्नतामा अनुगमन, मूल्याङ्कन, नियमनको कार्यान्वयन गर्न समन्वय गर्ने।
- पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन ढुवानी, सङ्कलन प्रशोधन, र बजारीकरण, आदि कार्यमा संलग्न कृषक, ब्यवसायी, उद्यमी र विषयगत प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि (व्यवहारिक सीपमूलक तालीम/अध्ययन/अवलोकन भ्रमण, प्रविधि विस्तारका साथै यान्त्रिकरण तथा सूचना प्रविधि सम्बन्धी ज्ञान र सीप) को लागि सङ्घ, प्रादेशिक र स्थानीय तहहरूसँग सहकार्य र समन्वय गर्ने।
- पशुपन्छी तथा मत्स्यपालनमा कृषकहरूबाट अपनाईएका परम्परागत ज्ञान, सीप आविष्कार र बौद्धिक सम्पत्ती तथा रैथाने पशुपन्छी, मत्स्य साथै घाँसेबालीहरूको स्रोत पहिचान, संरक्षण, उपयोग, प्रवर्द्धन र तिनीहरूको मौलिकताको अधिकार (Patent Right) दर्ता गर्न समन्वय गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा आयोजना हुने पशुपन्छी तथा मत्स्य सम्बन्धी मेला, महोत्सव, प्रदर्शनी, दिवस, अन्तरक्रिया, कार्यशाला गोष्ठिमा सहभागिता जनाउने।
- पशुपन्छी तथा मत्स्य उत्पादन, उद्योग व्यवसाय तथा बजारीकरणसँग सम्बन्धित वैदेशिक सहायताको लागि आयोजना, अवधारणा पत्र तयार तथा कार्यक्रम सञ्चालन/कार्यान्वयनको लागि मार्गदर्शन तर्जुमामा सहजीकरण गर्ने।

- यस महाशाखासँग सम्बन्धित सरकारी, गैर सरकारी, सहकारी र नीजि क्षेत्रका आयोजना, फार्म र उद्योग व्यवसायहरूको नियमित सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन गरी विश्लेषणात्मक प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने।
- केन्द्रीय तथ्याङ्क कार्यालय, सङ्घ, प्रदेश र स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरूसँगको सहकार्यमा पशुपन्छी तथा मत्स्य क्षेत्रका महत्वपूर्ण सूचना तथा तथ्याङ्क (स्रोत केन्द्र, व्यावसायिक फार्म, उद्योग व्यवसाय, पशुपन्छी र मत्स्य तथ्याङ्क तथा पशुपन्छी र मत्स्यजन्य पदार्थहरूको उत्पादन, पशु आहारा तथा चरन खर्क, पशु स्वास्थ्य, पशुपन्छी व्यवसाय) सङ्कलन, विश्लेषण, अभिलेखीकरण, व्यवस्थापन र सम्प्रेषण कार्यमा समन्वय र सहकार्य गर्ने।
- तथ्याङ्क सङ्कलन तथा आर्थिक विश्लेषण प्रणालीलाई वैज्ञानिक ढङ्गबाट अध्यावधिक गर्न आवश्यक नीति, नर्मस, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तर्जुमा र कार्यान्वयनमा समन्वय गर्ने।
- पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन, प्रशोधन, बजार प्रवर्द्धन तथा विविधीकरणमा सरोकारवाला निकायहरूसँगको साझेदारी तथा सहकार्यमा लाभ लागत अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी सम्बन्धित निकायहरूलाई सुसूचित गर्ने गराउने।
- तथ्याङ्क सङ्कलन र विश्लेषणको आधारमा पशुपन्छी तथा मत्स्यजन्य पदार्थहरूको माग तथा आपूर्तिको सम्भाव्यता अध्ययनद्धारा पशुपालन र मत्यस्यपालन क्षेत्रको विकास र प्रवर्द्धनको लागि व्यावसायिक योजना, परियोजना र कार्यक्रमहरूको पहिचान, तर्जुमा र कार्यान्वयनमा प्रादेशिक तथा स्थानीय तहहरूसँग सहकार्य र समन्वय गर्ने।
- पशुपालन र मत्स्यक्षेत्रसँग सम्बन्धित स्रोत केन्द्रहरू तथा यसमा आधारित उद्योग व्यवसायहरूको सम्बन्धित सरोकारवाला निकायहरूको संलग्नतामा प्रभावकारी अनुगमन सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने।
- पशुपन्छी र मत्स्य सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क प्रणाली सम्बन्धी विषयगत अध्ययन, अनुसन्धान, विकास र विस्तारसँग सम्बन्धित क्षमता अभिवृद्धि कार्यक्रमहरूको कार्यान्वयनमा समन्वय गरी सूचना प्रणाली स्थापना र व्यवस्थापनमा नवीनतम प्रविधिहरूको उच्चतम प्रयोगमा सहजीकरण गर्ने।
- मत्स्य तथा अन्य जलचर सम्बद्ध अन्तर्राष्ट्रिय सङ्घ/संस्थासँग समन्वयमा सञ्चालित कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने।
- योजना तथा विकासका नीतिका लागि आवश्यक पर्ने पशुपन्छी तथा मत्स्यजन्य तथ्याङ्क उपलब्ध गराउन सहजीकरण गर्ने ।
- सञ्चालित कार्यक्रमहरूको सहभागीतामूलक, नतिजामुखी अनुगमन, मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन गर्न समन्वय गर्ने ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भएका निर्देशन एवम् परिपत्र बमोजिमका अन्य कार्यहरू गर्ने ।

***पशुपन्छी उद्योग व्यवसाय विकास प्रवर्द्धन शाखा***

- पशुपन्छी तथा मत्स्यजन्य उत्पादन, ढुवानी, सङ्कलन, प्रशोधन र बजारीकरण सम्बन्धी नीति, ऐन, नियम, निर्देशिका, नर्मस, कार्यविधि, मापदण्ड आदिको मस्यौदा तयार, परिमार्जन, कार्यान्वयन लगायतका कार्यमा समन्वय र सहजीकरण गर्ने ।
- पशुपन्छी र मत्स्यजन्य फार्म, स्रोत केन्द्र र यसमा आधारित उद्योग, व्यवसाय बजार विकास र प्रवर्द्धनको लागि व्यावसायिक प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिका कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन सम्बन्धी सरोकार निकायहरूलाई सहयोग गर्ने ।
- भौगोलिक विशेषता र सम्भाव्यताको आधारमा प्रतिस्पर्धात्मक तुलनात्मक लाभका पशुपन्छी तथा मत्स्यजन्य उत्पादनहरूको सम्भाव्यता अध्ययन, मूल्य श्रृङ्खला पहिचान र बजार प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनका लागि प्रादेशिक र स्थानीय तहका सरकारी, गैरसरकारी सहकारी, निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्ने ।
- सरकारी, निजी र सहकारी एवम् स्थानीय तहको साझेदारीमा बजार सञ्जाल विकास र यससँग सम्बन्धित सूचना प्रणाली (Mobile apps, websites, e-marketing system आदि) को व्यवस्थापनमा समन्वय र सहकार्य गर्ने ।
- सघन उत्पादन क्षेत्रमा सार्वजनिक निजी सहकारी साझेदारी अवधारणा (PPP) अनुसार सङ्घीय, प्रादेशिक र स्थानीय तहहरूको सहकार्यमा सङ्कलन केन्द्र, थोकबजार, वधस्थल/वधशाला, दूध, फुल तथा माछा मासुसँग सम्बन्धित उद्योग, मार्ट, पसल, प्रशोधन केन्द्र, सङ्कलन केन्द, भण्डारण केन्द्र तथा हाटबजारको पूर्वाधार विकास, स्थापना र सुदृढीकरणमा सहयोग गर्ने।
- पशुपन्छी तथा मत्स्यजन्य पदार्थ (दूध, फुल, माछा, मासु, ऊन, पश्मिना, हाड, छाला आदि) को मूल्य श्रृङ्खला पहिचान, अध्ययन प्रवर्द्धनका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारीकरणमा सहजीकरण गर्ने।
- पशुपन्छी तथा मत्स्यजन्य उत्पादन/वस्तुहरूको उद्योग, व्यवसाय, सङ्कलन केन्द्र, हाट बजारहरको तथ्याङ्क अध्यावधिकको साथै माग, आपूर्ति र बजार मूल्य सम्बन्धी सूचना सङ्कलन तथा लाभ लागत अध्ययन विश्लेषण कार्यमा सहजीकरण गर्ने।
- स्वच्छ, स्वस्थ्य र गुणस्तरीय पशुपन्छी तथा मत्स्य उत्पादनको लागि असल उत्पादन व्यवस्थापन, बजारीकरण पद्धतिको कार्यान्वयन, नियमन र सुदृढिकरण सम्बन्धी कार्यक्रमहरू सञ्चालनमा समन्वय गर्ने।
- ऊन, पश्मिना, छाला सङ्कलन तथा प्रशोधनको लागि आवश्यक प्रविधि उत्पादन, पूर्वाधार विकास र बजार प्रवर्द्धनमा सरोकार निकायहरूसँग सहयोग र सहजीकरण गर्ने।
- युवा, महिला, जनजाती, दलित, अति गरीव, पिछडिएका क्षेत्र तथा समुदायलाई पशुपन्छी तथा मत्स्यपालन क्षेत्र सम्बन्धी उत्पादन, प्रशोधन तथा बजारीकरणमा आकर्षित गर्न क्षमता अभिवृद्धि, उद्यमशिलता एवम् बजार व्यवसाय प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने।
- निर्यातजन्य उच्च मूल्यका पशुजन्य उत्पादन (ऊन/राडी पाखी, पश्मिना, चीज, छुर्पी, छाला आदि) को गुणस्तरीय उत्पादन, प्रशोधन र बजार प्रवर्द्धनका लागि मूल्य श्रृङ्खलाको विकास र विस्तारद्धारा राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारीकरणमा सहजीकरण गर्ने।

- पशुपन्छीपालन तथा मत्स्यपालन क्षेत्रसँग सम्बन्धित मूल्य श्रृङ्खलामा आधारित उद्योग व्यवसायको विकास र प्रवर्द्धनका लागि अध्ययन अनुसन्धान गर्न सरकारी, सहकारी, गैरसरकारी, निजी क्षेत्र र अन्य सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय गर्ने ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भएका निर्देशन एवम् परिपत्र बमोजिमका अन्य कार्यहरू गर्ने ।

***पशुपन्छी तथ्याङ्क व्यवस्थापन तथा आर्थिक विश्लेषण शाखा***

- पशुपन्छी र मत्स्यजन्य पदार्थ, उद्योग, स्रोत केन्द्र, वस्तुहरूमा आधारित फार्म / सरोकारवाला निकायहरूसँग सम्बन्धित तथ्याङ्क प्रवर्द्धन गर्न, बजार तथा मूल्य सम्बन्धी सूचना विकास कार्यक्रम तर्जुमा गर्ने र पशुपालक कृषकहरूको समन्वयमा व्यावसायिक योजना तथा बजार क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरूको अनुगमन र तथ्याङ्क सङ्कलनमार्फत विवरण अध्यावधिक राख्ने र सम्प्रेषण गर्ने रहेको छ ।
- पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन, प्रशोधन, बजार प्रवर्द्धन तथा विविधीकरणमा सरोकारवाला निकायहरूसँगको साझेदारी तथा सहकार्यमा लाभ लागत अध्ययन, अनुसन्धान तथा विश्लेषण गरी सम्बन्धित निकायहरूलाई सुसूचित गर्ने गराउने ।
- तथ्याङ्क सङ्कलन र विश्लेषणको आधारमा पशुपन्छी तथा मत्स्यजन्य पदार्थहरूको माग तथा आपूर्तिको सम्भव्यता अध्ययनद्धारा पशुपालन र मत्स्यपालन क्षेत्रको विकास र प्रवर्द्धनको लागि व्यावसायिक योजना, परियोजना र कार्यक्रमहरूको पहिचान, तर्जुमा र कार्यान्वयनमा प्रादेशिक तथा स्थानीय तहहरूसँग सहकार्य र समन्वय गर्ने ।
- पशुपन्छी र मत्स्य सम्बन्धी राष्ट्रियस्तरको तथ्याङ्क प्रणाली सम्बन्धी विषयगत अध्ययन, अनुसन्धान, विकास र विस्तार तथा यससँग सम्बन्धित क्षमता अभिवृद्धि कार्यमा सूचना प्रणालीका नवीन प्रविधिहरूको प्रयोग गर्ने गराउने ।
- तथ्याङ्क सङ्कलन तथा आर्थिक विश्लेषण प्रणालीलाई वैज्ञानिक ढङ्गबाट अध्यावधिक गर्न आवश्यक नर्मस निर्देशिका, कार्यविधि, मापदण्ड आदि तर्जुमा गर्न सरोकार निकायहरूसँग समन्वय गर्ने ।
- पशुपन्छी र मत्स्य आनुवंशिक स्रोतको सर्वेक्षण, पहिचान, अभिलेखीकरण, दर्ता तथा संलग्न जोखिमको स्तर मूल्याङ्कन र अनुगमन, संरक्षण, संवर्द्धन तथा उपयोगको लागि आवश्यक पर्ने नीति, ऐन, नियम, निर्देशिका, नर्मस, मापदण्ड तथा कार्यविधि, मस्यौदा तर्जुमा, परिमार्जन र कार्यान्वयन आदि सम्बन्धी कार्यमा समन्वय र सहजीकरण गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका नीति एवम् सन्धी, महासन्धी अनुसार पशुपन्छी, मत्स्य आनुवंशिक स्रोत संरक्षण र उपयोगका कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय, प्रदेश, केन्द्रीय तथा अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय गर्नुका साथै सहकार्यको लागि राष्ट्रिय फोकल प्वाईन्टको रूपमा कार्य गर्ने ।
- स्थानीय, प्रदेश तथा केन्द्रीय स्तरमा पशुपन्छी तथा मत्स्य आनुवंशिक स्रोत सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि (प्रचार प्रसार, तालीम, अन्तरक्रिया आदि) का आवश्यक कार्यक्रमहरू कार्यान्वयनमा समन्वय र सहकार्य गर्ने ।

- पशुपन्छी तथा मत्स्यपालनमा कृषकहरूबाट अपनाईएका परम्परागत ज्ञान, सीप, आविष्कार र वौद्धिक सम्पत्ती तथा रैथाने पशुपन्छी, मत्स्य साथै घाँसेबालीहरूको स्रोत पहिचान, संरक्षण, उपयोग, प्रवर्द्धन र तिनीहरूको मौलिकताको अधिकार (Patent Right) दर्ता गर्न समन्वय गर्ने ।
- पशुपालन र मत्स्य क्षेत्रसँग सम्बन्धित फार्म स्रोत केन्द्रहरू तथा यसमा आधारित उद्योग व्यवसायहरूको सम्बन्धित सरोकारवाला निकायहरूको संलग्नतामा प्रभावकारी अनुगमन सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने ।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भएका निर्देशन एवम् परिपत्र बमोजिमका अन्य कार्यहरू गर्ने ।

***मत्स्य प्रवर्द्धन तथा संरक्षण शाखा***

- मत्स्य सम्बन्धी नीति एवम् ऐन, नियम, निर्देशिका, कार्यविधि, नर्मस एवम् मापदण्ड तयार एवम् परिमार्जनमा सहयोग गर्ने ।
- केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको समन्वयमा मत्स्य विकास कार्यक्रमको दीर्घकालीन, आवधिक एवम् वार्षिक योजना तर्जुमा तथा कार्यक्रम बजेट तयारमा समन्वय गर्ने ।
- स्थानीय तथा प्रादेशिक तह र अन्य सम्बन्धित सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा मत्स्य सम्बन्धी सूचना, प्राविधिक विवरण तथा तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रतिवेदन अध्यवधिक गर्ने ।
- जलाशय र श्रमको उत्पादकत्व वृद्धि सम्बन्धी कार्यक्रम सञ्चालनमा सहकार्य गर्ने ।
- उत्पादन वृद्धिको लागि व्यावसायिक मत्स्य कृषक तथा कृषक समूह एवम् सहकारीसँग समन्वय गर्ने ।
- मत्स्य उत्पादक, वितरक र उपभोक्ता बीच समन्वयका लागि सहजीकरण गर्ने ।
- माछा तथा जलीय जीवपालनको नवीन प्रविधिहरूको मापदण्ड निर्धारणमा सहयोग गर्ने ।
- चिसो तथा न्यानो पानीमा मत्स्यपालन सम्भाव्य क्षेत्रको पहिचानको लागि अध्ययन सर्वेक्षणको मापदण्ड निर्धारण सम्बन्धी कार्य गर्ने ।
- गुणस्तरीय उत्पादन सामाग्री व्यवस्थापन र नियमन सम्बन्धी कार्य गर्ने ।
- मत्स्य बीमा सम्बन्धी मापदण्ड र नियमन कार्यमा सहयोग गर्ने ।
- माछा तथा जलीय जीवजन्य उत्पादनको मूल्य श्रृङ्खला विकास, पोष्टहार्भेष्ट तथा बजार सम्बन्धी मापदण्ड र नियमन कार्यमा सहजीकरण गर्ने ।
- प्राकृतिक जलाशयहरू नदी), खोला, रिजर्भ्वायर (Resorvoir) ताल, घोल एवम् सीमसार क्षेत्रमा मत्स्यपालन सर्वेक्षण / सम्भाव्यता अध्ययन प्राथमिकताका आधारमा आयोजना, परियोजना तर्जुमा तथा कार्यान्वयनमा समन्वय गर्ने ।
- प्राकृतिक जलाशयमा जलीय जैविक विविधता संरक्षण र उपयोग सम्बन्धी कानून, मापदण्ड र नियमन कार्यमा सहजीकरण गर्ने ।
- प्राकृतिक जलाशयबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदाय (Wetland Based Community) सम्बन्धी कानून, मापदण्ड र नियमन कार्यमा सहयोग गर्ने ।

- प्राकृतिक जलाशय र त्यसमा रहेका माछा तथा जलीय जीवहरूको सूची (Inventory) तयार एवम् अध्यावधिक गर्ने।
- मत्स्य विकास र मत्स्य तालीम केन्द्र एवम् प्रदेश तथा स्थानीय स्तरमा सञ्चालित मत्स्य विकास कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित मत्स्य विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- मत्स्य सम्बन्धी क्षमता विकासका लागि स्वदेशी एवम् वैदेशिक अध्ययन, तालीम, गोष्ठी, भ्रमण आदिको अवसरहरूमा आवश्यकता अनुसार कृषक, व्यवसायी, उद्यमी एवम् प्राविधिकहरूको सहभागितामा समन्वय गर्ने।
- मत्स्य तथा अन्य जलचर सम्बद्ध अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग समन्वय एवम् सञ्चालित कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने।
- मत्स्य विकास कार्यक्रमलाई प्रभावकारी बनाउने सन्दर्भमा सरकारी, गैरसरकारी, सहकारी तथा नीजि क्षेत्रका मत्स्य अनुसन्धान, पशु सेवा, शिक्षण संस्थाहरू तथा अन्य विषयगत निकायहरूसँग आवश्यकता अनुसार समन्वय तथा सहकार्य गर्ने।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट भएका निर्देशन एवम् परिपत्र बमोजिमका अन्य कार्यहरू गर्ने।

**(घ) आयोजना समन्वय इकाई**

- पशुपन्छी र मत्यस्यपालनका विविध क्षेत्रहरूमा राष्ट्रिय महत्वका आयोजना प्रस्ताव तयार गर्ने र त्यस परियोजना कार्यान्वयनमा नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्ने।
- पशुपालन एकीकृत स्वास्थ्य लगायत भेटेरिनरी जनस्वास्थ्य, पशुस्वास्थ्य तथा मत्स्य, जिविकोपार्जनसँग सम्बन्धित कार्य गर्ने विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गर्ने ।
- पशुपालनसँग सम्बन्धित रहेर कार्य गर्ने विभिन्न Non-Governmental Organization (NGO)/International Non-Governmental Organization (INGO) सँग समन्वय सहकार्य तथा सहजीकरण गर्ने
- World Bank, Asian Development Bank, BIMSTEC, SAARC, FAO, WOAH, APHCA, WTO, USAID, GIZ, JICA, KOICA, IFAD, WSPA, HSI लगायत अन्य अन्तर्राष्ट्रिय सङ्घ सस्थांहरूसँग सम्पर्क, पत्राचार, सदस्यता नविकरण लगायतका कार्यहरू गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पेशागत संस्था (WVA, WASAVA, NVA, NASA, NEVLA, NELTA etc.) हरूसँग सम्पर्क र सहकार्यमा गर्ने।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना लगायतका राष्ट्रिय परियोजनाहरूसँग समन्वय, सहकार्य तथा सहजीकरण गर्ने।
- सातै प्रदेश र स्थानीय तहसँग छलफल अन्तरक्रिया गरी स्थान विशेष परियोजना प्रस्ताव तयारी र कार्यान्वयनमा समन्वय र सहयोग गर्ने।

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा आयोजना हुने मेला, कार्यशाला, गोष्ठी, अर्न्तक्रिया, महोत्सव, वैज्ञानिक ज्ञान आदान प्रदान, प्रविधि विकास तथा हस्तान्तरण, प्रवर्द्धन लगायतका कार्य, पत्राचार, क्षमता अभिवृद्धि जस्ता कार्यहरुमा सम्पर्क गर्ने ।
- विभिन्न वैदेशिक दातृ संस्थाहरूले नेपालको पशु सेवा विभागसँग कार्य गर्न चाहेको अवस्थामा पशु सेवा विभागसँग Memorandum of Understanding (MOU) तयार गर्ने ।
- राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्रहरू, चिडियाखाना तथा ट्रस्टहरूसँग सहकार्य तथा समन्वय गर्ने ।
- वैदेशिक अध्ययन गोष्ठी लगायतका कार्यक्रम, अवलोकन भ्रमण, तालीमहरुमा तुलनात्मक व्यक्तिगत विवरणको आधारमा कर्मचारी मनोनयन गर्ने ।
- सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गर्ने ।
- प्रकाशन गर्ने कार्यमा सहजीकरण तथा समन्वय गर्ने ।
- विभागीय प्रमुखबाट तोकिए बमोजिमका अन्य कार्यहरू सम्पादन गर्ने ।

**(ङ) योजना तथा अनुगमन शाखा**

- पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी सङ्घीय योजना तथा कार्यक्रम सञ्चालनमा अन्य निकायहरूसँग समन्वय गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमाको लागि सहजीकरण गर्ने ।
- प्रस्तावित कार्यक्रमको स्वीकृतीको लागि माथिल्लो निकायमा पेश गर्ने तथा प्रस्तावित एवम् स्वीकृत कार्यक्रमहरूको अभिलेखीकरण गर्ने ।
- आवश्यकता अनुसार कार्यक्रम संशोधन, परिमार्जन, रकमान्तर, स्रोतान्तर गर्न समन्वय एवम् सहजीकरण गर्ने ।
- कृषि विकास रणनीति कार्यान्वयन तथा अन्तर्गतका निकायहरूको वार्षिक पशुपन्छी विकास कार्यक्रम मार्गदर्शन तथा समन्वय गर्ने ।
- सङ्घीय पशुपन्छी विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको नीति तथा मापदण्डको कार्यान्वयन गर्न पशु सेवा विभाग र अन्तर्गतका निकायहरूबाट नेपालमा सञ्चालित पशु सेवाका कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र गर्न सहयोग गर्ने ।
- पशु सेवाका कार्यक्रमहरूको प्रगति सङ्कलन तथा विश्लेषण गरी नियमित रुपमा मन्त्रालय, राष्ट्रिय योजना आयोग वा अन्य सम्बन्धित निकायहरूमा पठाउने ।
- अन्तर्गतका निकायहरूको वार्षिक पशुपन्छी विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न एवम् सङ्घीय पशुपन्छी विकास कार्यक्रमहरूको आवधिक समीक्षा गर्न समन्वय सहजीकरण गर्ने ।
- पशु सेवाको कार्यमा संलग्न सङ्घ संस्थाहरूका क्रियाकलापहरूको समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने ।
- पशु सेवा विभाग अन्तर्गतका योजना अनुगमन- मूल्याङ्कन शाखाबाट सम्पादन गरिने विभागको कार्यविधिमा उल्लेखित कार्यहरू सम्पन्न गर्ने, गराउने र गर्न सहयोग गर्ने ।

- वार्षिक पुस्तिका प्रकाशनार्थ आवश्यक सूचना सामाग्री सङ्कलन गर्न सहयोग गर्ने एवम् विभाग अन्तर्गतका कार्यालयहरूबाट प्रकाशित हुने वार्षिक पुस्तिका संलग्न गरी व्यवस्थित गर्ने ।
- पत्रपत्रिकामा प्रकाशित पशु सेवासँग सम्बन्धित सूचना सामाग्रीहरूको सङ्कलन गर्ने ।

**(च) प्रशासन शाखा**

- पशु सेवा विभागको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- पशु सेवा विभागको जिन्सी तथा स्टोर व्यवस्थापन लगायत प्रशासनिक कार्यहरू सञ्चालन गर्ने ।
- पशु सेवा विभागको लेखा तथा श्रेस्ता व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- ऐन, कानुन र कार्यविधि निर्माणमा सहयोग पुऱ्याउने ।
- ऐन तथा नियम कार्यान्वयन तथा फैसला कार्यान्वयन गर्ने, गराउने ।
- विभाग अन्तर्गतका कर्मचारीहरूको कार्य सम्पादन सम्बन्धी कार्य गर्ने ।
- पशु सेवा विभाग तथा अन्तरगका निकायहरूको लागि कानूनी परामर्श उपलब्ध गराउने ।
- जनशक्ति व्यवस्थापन ।
- व्यक्तिगत सूचना प्रणाली (PIS) कर्मचारीहरूको व्यक्तिगत विवरण अध्यावधिक गर्ने ।

## १.३ राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम तथा निकायहरू

### १.३.१ राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम

#### १.३.१.१ राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय

- गाई, भैंसी, याक, चौंरी, भेडा, बाख्रा, च्याङ्ग्रा (उग्राउने पशु) तथा बँगुर, कुखुरा, खरायो, हाँस, टर्की, बट्टाई, इमो, लौकाट, अष्ट्रिच, घोडा, खच्चर, गधा लगायतका नउग्राउने पशुपन्छीहरूको न्यूक्लियस हर्ड/मल्टिप्लायर हर्ड/ब्रिडर हर्ड/व्यावसायिक फार्महरूको न्यूनतम राष्ट्रिय मापदण्ड तयारी र उत्पादित पशुहरूको जातीय गुणस्तर नियमन / प्रमाणिकरण गर्ने ।
- नेपाल पक्ष राष्ट्र रहेको जैविक विविधता संरक्षण महासन्धी १९९२, Nagoya Protocol 2010, Global Plan of Action for Animal Genetic Resources and the Interlaken Declaration 2007 ले निर्देशित गरे अनुसारका कार्य गर्ने ।
- पशुपन्छीजन्य जैविक विविधता तथा रैथाने तथा लोपोन्मुख पशुहरूको संरक्षण, संवर्द्धन, सदुपयोग र अभिलेखका लागि राष्ट्रिय नीति, मापदण्ड, प्रोटोकल तयार गर्ने ।
- पशुपन्छीपालन सम्बन्धी परम्परागत सीप, ज्ञान तथा अभ्यासहरूको राष्ट्रिय अभिलेखीकरण, संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी कार्य गर्ने ।
- कृषि जैविक विविधता नीति, २०६३ (पहिलो संशोधन, २०७१) अनुसार पशुपन्छी तथा घाँसेबाली स्रोत सम्बन्धी आवश्यक कार्य गर्ने ।

- लोपोन्मुख तथा रैथाने पशुपन्छीको संरक्षणका लागि कन्टेनजेन्सी प्लान (Species-wise Animal Genetic Resource Contingency Plan) तयार गरी कार्यान्वयन गर्ने ।
- रैथाने पशुपन्छीको, पहिचान, अभिलेख नक्शाङ्कन (National Database and Mapping) लगायतका कार्य गर्ने ।
- पशुपन्छीजन्य जैविक विविधता तथा रैथाने तथा लोपोन्मुख पशुहरूको संरक्षण, संवर्द्धन, सदुपयोगका लागि स्वःस्थानीय (In-situ Conservation), परस्थानीय (Ex-situ Conservation) लगायतका कार्य सञ्चालनका लागि प्रदेश र स्थानीय तहसँग समन्वय सहकार्य गर्ने ।
- पशुपन्छीजन्य जैविक विविधता तथा रैथाने तथा लोपोन्मुख पशुहरूको संरक्षण, संवर्द्धन, सदुपयोग र अभिलेखका लागि नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयसँग समन्व सहकार्य गर्ने ।
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १६ बमोजिम नश्ल सुधार तथा रैथाने पशुपन्छी संरक्षणका लागि आवश्यक कार्य गर्ने ।
- पशुपन्छी आनुवंशिक स्रोत सम्बन्धी राष्ट्रिय फोकल विन्दुको रूपमा कार्य गर्ने ।
- पशुपन्छीका आनुवंशिक स्रोतको अवस्थितिको जोखिम विश्लेषण (Risk Analysis) गर्ने ।
- उत्पादन लागत कम गर्ने प्रविधि विकासका लागि सरकारी स्तरमा रहेका आनुवंशिक स्रोत केन्द्रहरूको क्षमता अभिवृद्धि गर्ने र स्रोत केन्द्रहरूबाट सञ्चालन गरिएका वाह्य स्रोत विकास कार्यक्रमको नियमन गर्ने ।
- आनुवंशिक स्रोत संरक्षणका लागि आनुवंशिक स्रोत केन्द्रहरूको समन्वय तथा सहकार्यमा परस्थानीय (Ex-situ Conservation) कार्यक्रम सञ्चालन गर्ने ।
- गाई, भैंसी, याक, चौंरी, भेडा, बाख्रा, च्याङ्ग्रा (उग्राउने पशु) तथा बँगुर, कुखुरा, खरायो, हाँस, टर्की, बट्टाई, इमो, लौकाट, अष्ट्रिच, घोडा, खच्चर, गधा लगायतका नउग्राउने पशुपन्छी पालनका लागि आवश्यक राष्ट्रिय मापदण्ड तथा प्राविधिक स्पेसिफिकेसन तयार गरी लागु गर्ने ।
- पशुपन्छीको स्रोत, पशु नश्ल र वंश सुधार, पशुजन्य उत्पादन तथा तिनको गुणस्तर सम्बन्धी एकभन्दा बढी प्रदेश समेटिने वस्तु विशेष अभियानमूखी र राष्ट्रिय महत्वका आयोजनाहरू तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- सरकारी, सामुदायिक तथा निजीस्तरमा रहेका पशुपन्छी स्रोत केन्द्रहरूको प्राविधिक मापदण्ड (Technical Parameter) तयारी तथा अध्यावधिक गर्ने ।
- पशुका जात र गुणस्तर अनुसारका स्रोत केन्द्रहरू एवम् ती स्रोत केन्द्रबाट प्राप्त हुने पशु, वीर्य, भ्रूण आदिको माग/आपूर्तिको अवस्था अध्यावधिक गरी प्रदेश तथा स्थानीय तहलाई आवश्यक पर्ने स्रोत मिलान गर्न सहजीकरण गर्ने ।
- पशुपालनसँग सम्बन्धित अनुसन्धान गर्ने निकायसँग समन्वय गरी कार्यमूलक तथा सहभागितात्मक अध्ययन, अनुसन्धान गरी प्रविधि विकास तथा विस्तार गर्ने ।
- विभिन्न पशुपन्छी तथा तिनका Genetic Material का Technical Specification हरू तयार गर्ने ।
- व्यावसायिक फार्महरूको ईन्भेन्ट्री तयारी तथा अध्यावधिक गर्ने ।

- असल पशुपालन अभ्यास (Good Husbandry Practices), असल उत्पादन अभ्यास (Good Manufacturing Practices), व्यावसायिक योजना (Business Plan) निर्माण लगायतका विशिष्टिकृत विषयहरूमा सेवा तथा
- पशुपालन क्षेत्रलाई पकेट प्याकेजको आधारमा व्यवसायीकरण गर्दै मूल्य श्रृङ्खला (Value Chain) का गतिविधिहरू सञ्चालन गर्ने ।
- कृषि पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने ।
- विषय विशेषज्ञहरूको राष्ट्रिय स्तरमा रोष्टर तयार गर्ने ।
- राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत रहेका कार्यालयहरू

### १.३.१.२ गाई आनुवंशिक स्रोत केन्द्र, जिरी, दोलखा

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालन हुने गरी गाई आनुवंशिक स्रोत केन्द्र जिरी, दोलखाको स्थापना भएको हो ।यस केन्द्रको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा गाईको आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्नु हो । गाई विकाससँग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी गाईको उत्पादकत्वमा वृद्धि ल्याई राष्ट्रियस्तरमा व्यावसायिकता अभिवृद्धिमा टेवा पुऱ्याउनु हो ।

**उद्देश्यहरू**

- राष्ट्रियस्तरमा गाईको न्यूक्लियस हर्डको विकास, विस्तार र व्यवस्थापन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीन प्रविधिहरूको अनुसरण गरी उपयुक्त प्रविधिहरूको विस्तार गर्ने ।
- लेकाली घाँस तथा चरन विकास सम्बन्धी प्रविधिको विकास र विस्तार गर्ने ।
- गाई आनुवंशिक स्रोतको संरक्षण, संवर्द्धन र सदुपयोग गर्ने ।

**कार्यक्षेत्र**

- राष्ट्रियस्तरमा गाईहरूको न्युक्लियस हर्डहरूको स्थापना तथा व्यवस्थापन गर्ने ।
- शुद्ध नश्ल/उत्कृष्ट गाईको छनौट गरी Bull Mother Farm को रूपमा विकास गर्ने ।
- गाईको विभिन्न जातहरूको जातीय शुद्धता कायम (Pure Line Maintain) गर्ने ।
- शुद्ध नश्लका गाईको राष्ट्रिय स्रोत केन्द्रको रूपमा कार्य गर्ने ।
- स्थानीय जातका गाईहरूको स्व:स्थानीय (In-situ) तथा परस्थानीय (Ex-situ) संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्दै राष्ट्रियस्तरमा गाई आनुवंशिक जैविक विविधताको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- गाईको उत्पादकत्व बढाउने प्रविधिहरूको विकास र विस्तार गर्ने ।
- भ्रुण प्रत्यारोपणका माध्यमबाट शुद्ध नश्लका बाच्छा बाच्छी उत्पादन गर्ने ।

- Performance Recording System, Pedigree Records, Progeny testing लगायत पशु प्रजनन्का उच्चतम विधि (Tools) का माध्यमबाट Test तथा Proven Bulls को विकास र विस्तार गर्ने।
- गाई विकासका नवीन प्रविधिहरूको उपयोग गरी गाईको वाह्य स्रोत विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालय तथा राष्ट्रिय निकायसँगको सहकार्यमा गाई विकाससँग सम्बन्धित विभिन्न अध्ययन, अनुसन्धान तथा प्रविधि विस्तार गर्ने।
- गाई विकाससँग सम्बन्धित विषयहरूमा स्थानीय र प्रादेशिक तहसँग सहकार्य गर्ने।
- राष्ट्रियस्तरमा गाईपालनका विविध पक्षहरूमा क्षमता अभिवृद्धिका लागि Center of Excellence को रूपमा कार्य गर्ने।
- केन्द्र तथा वाह्य स्रोत विकास कार्यक्रम अन्तर्गत रहेका गाईहरूको अभिलेखीकरण, तथ्याङ्क विश्लेषण तथा प्रकाशनका कार्यहरू गर्ने ।
- गाईका प्राविधिक मापदण्ड (Technical Parameter) हरूको विकास गरी अध्यावधिक गर्ने।
- स्रोत केन्द्रमा विद्यमान उन्नत जातका बङ्गुरको नियमित हर्ड व्यवस्थापन गर्ने।
- बङ्गुरका प्राविधिक मापदण्ड (Technical Parameter) हरूको विकास गरी अध्यावधिक गर्ने।
- Performance Recording System, Pedigree Records, Progeny Testing लगायत पशु प्रजनन् का उच्चतम विधि (Tools) का माध्यमबाट Test तथा Proven Boar को विकास र विस्तार गर्ने।
- राष्ट्रियस्तरमा बङ्गुरको न्युक्लियस हर्डहरुको स्थापना तथा व्यवस्थापन गर्ने।
- बङ्गुरको विभिन्न जातहरूको जातीय शुद्धता कायम (Pure Line Maintain) गर्ने।
- बङ्गुर विकासका नवीन प्रविधिहरूको उपयोग गरी बङ्गुरको वाह्य स्रोत विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- राष्ट्रियस्तरमा गाई तथा बङ्गुरको आहाराको मापदण्ड तयारीको लागि आवश्यक पृष्ठपोषणको कार्य गर्ने ।
- खर्क सुधार तथा रैथाने घाँसहरूको संरक्षण, उचित उपयोग तथा विस्तार गर्ने।
- शितोष्ण तथा सम-शितोष्ण घाँसका प्रजातिहरूको विकास र विस्तार गर्ने।

**१.३.१.३ भेडा आनुवंशिक स्रोत केन्द्र, पानसयखोला, नुवाकोट**

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालन हुने गरी भेडा आनुवंशिक स्रोत केन्द्र पानसयखोला, नुवाकोटको स्थापना भएको हो। यस केन्द्रको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा भेडाको आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्नु हो । भेडा विकाससँग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी भेडाको उत्पादकत्वमा वृद्धि ल्याई राष्ट्रियस्तरमा व्यावसायिकता अभिवृद्धिमा टेवा पुऱ्याउनु रहेको छ।

**उद्देश्यहरू**

- राष्ट्रियस्तरमा भेडाको न्यूक्लियस हर्डको विकास, विस्तार र व्यवस्थापन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीन प्रविधिहरूको अनुसरण गरी उपयुक्त प्रविधिहरूको विस्तार गर्ने ।
- लेकाली घाँस तथा चरन विकास सम्बन्धी प्रविधिको विकास र विस्तार गर्ने ।
- भेडा आनुवंशिक स्रोतको संरक्षण, संवर्द्धन र सदुपयोग गर्ने ।

**कार्यक्षेत्र**

- राष्ट्रियस्तरमा बरूवाल, पोलवर्थ लगायत उन्नत जातका भेडाको न्युक्लियस हर्डहरूको स्थापना तथा व्यवस्थापन गर्ने ।
- भेडाको विभिन्न जातहरूको जातीय शुद्धता कायम (Pure Line Maintain) गर्ने ।
- भेडाको उत्पादकत्व बढाउने प्रविधिहरूको विकास र विस्तार गर्ने ।
- भेडा विकासका नवीन प्रविधिहरूको उपयोग गरी भेडाको वाह्य स्रोत विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- कार्पेट ऊन उत्पादनका लागि योग्य भेडाका जातहरूको प्रवर्द्धन र विस्तार गर्ने ।
- बरूवाल लगायत भेडाको स्वःस्थानीय (In Situ) तथा परस्थानीय (Ex-Situ) संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्दै राष्ट्रियस्तरमा भेडा आनुवंशिक जैविक विविधताको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- भेडाको उत्पादकत्व बढाउने प्रविधिहरूको विकास र विस्तार गर्ने ।
- घाँसका प्रजातिहरू एवम् चरन विकास र विस्तार गर्ने ।
- Performance Recording System, Pedigree Records, Progeny testing लगायत पशु प्रजनन् का उच्चतम विधि (Tools) का माध्यमबाट Test तथा Proven Ram को विकास र विस्तार गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद, विश्वविद्यालय तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायसँगको सहकार्यमा भेडा विकाससँग सम्बन्धित विभिन्न अध्ययन, अनुसन्धान तथा प्रविधि विस्तार गर्ने ।
- भेडा विकाससँग सम्बन्धित विषयहरूमा स्थानीय र प्रादेशिक तहसँग सहकार्य गर्ने ।
- राष्ट्रियस्तरमा भेडापालनका विविध पक्षहरूमा क्षमता अभिवृद्धिका लागि Center of Excellence को रूपमा कार्य गर्ने ।
- केन्द्र तथा वाह्य स्रोत विकास कार्यक्रम अन्तर्गत रहेका भेडाहरूको अभिलेखीकरण, तथ्याङ्क विश्लेषण तथा प्रकाशनका कार्यहरू गर्ने ।
- राष्ट्रियस्तरमा भेडाको आहाराको मापदण्ड तयारीको लागि आवश्यक पृष्ठपोषणको कार्य गर्ने ।
- घाँसका प्रजातिहरू तथा चरन खर्कको विकास र विस्तार गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको माग अनुरूप ऊनको गुणस्तर तथा उत्पादकत्व वृद्धि सम्बन्धी आवश्यक कार्य गर्ने ।

### १.३.१.४ बाख्रा आनुवंशिक स्रोत केन्द्र बुढीतोला, कैलाली

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालन हुने गरी बाख्रा आनुवंशिक स्रोत केन्द्र बुढीतोला, कैलालीको स्थापना भएको हो। यस केन्द्रको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा बाख्राको आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्नु हो। बाख्रा विकाससँग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी बाख्राको उत्पादकत्वमा वृद्धि ल्याई राष्ट्रियस्तरमा व्यावसायिकता अभिवृद्धिमा टेवा पुऱ्याउनु हो।

**उद्देश्यहरू**

- राष्ट्रियस्तरमा खरी र बोयर बाख्राको न्यूक्लियस हर्डको विकास, विस्तार र व्यवस्थापन गर्ने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीन प्रविधिहरूको अनुसरण गरी उपयुक्त प्रविधिहरूको विस्तार गर्ने।
- घाँस तथा चरन विकास सम्बन्धी प्रविधिको विकास र विस्तार गर्ने।
- बाख्रा आनुवंशिक स्रोतको संरक्षण, संवर्द्धन र सदुपयोग गर्ने।

**कार्यक्षेत्र**

- राष्ट्रियस्तरमा खरी, बोयर लगायत बाख्राहरूको न्युक्लियस हर्डहरुको स्थापना तथा व्यवस्थापन गर्ने।
- बाख्राको विभिन्न जातहरूको जातीय शुद्धता कायम (Pure Line Maintain) गर्ने।
- शुद्ध नश्लको राष्ट्रिय स्रोत केन्द्रको रूपमा कार्य गर्ने।
- खरी बाख्राको स्वःस्थानीय (In Situ) तथा परस्थानीय (Ex Situ) संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्दै राष्ट्रियस्तरमा बाख्रा आनुवंशिक जैविक विविधताको व्यवस्थापनमा सहयोग पुऱ्याउने।
- बाख्राको उत्पादकत्व बढाउने प्रविधिहरूको विकास र विस्तार गर्ने।
- Performance Recording System, Pedigree Records, Progeny testing लगायत पशु प्रजनन् का उच्चतम विधि (Tools) का माध्यमबाट Test तथा Proven Buck को विकास र विस्तार गर्ने।
- बाख्रा विकासका नवीन प्रविधिहरूको उपयोग गरी बाख्राको वाह्य स्रोत विकासका कार्यक्रमहरू सञ्चालन गर्ने।
- प्रविधि अनुसरण गर्ने केन्द्रको रूपमा विकास गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषद, विश्व विद्यालय तथा राष्ट्रिय निकायसँगको सहकार्यमा बाख्रा विकाससँग सम्बन्धित विभिन्न अध्ययन, अनुसन्धान तथा प्रविधि विस्तार गर्ने।
- बाख्रा विकाससँग सम्बन्धित विषयहरूमा स्थानीय र प्रादेशिक तहसँग समन्वय सहकार्य गर्ने।
- राष्ट्रियस्तरमा बाख्रापालनका विविध पक्षहरूमा क्षमता अभिवृद्धिका लागि Center of Excellence को रूपमा कार्य गर्ने।

- केन्द्र तथा वाह्य स्रोत विकास कार्यक्रम अन्तर्गत रहेका बाख्राहरूको अभिलेखीकरण, तथ्याङ्क विश्लेषण तथा प्रकाशनका कार्यहरू गर्ने ।
- बाख्राका प्राविधिक मापदण्ड (Technical Parameter) हरूको विकास गरी अध्यावधिक गर्ने ।
- राष्ट्रियस्तरमा बाख्राको आहाराको मापदण्ड तयारीको लागि आवश्यक पृष्ठपोषणको कार्य गर्ने ।

### १.३.१.५ याक आनुवंशिक स्रोत केन्द्र, स्याङ्गवोचे, सोलुखुम्बु

पशु सेवा विभाग, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालन हुने गरी याक आनुवंशिक स्रोत केन्द्र स्याङ्गवोचे, सोलुखुम्बुको स्थापना भएको हो । यस केन्द्रको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा याकको आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्नु हो । याक विकाससँग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी याकको उत्पादकत्वमा वृद्धि ल्याई राष्ट्रियस्तरमा व्यावसायिकता अभिवृद्धिमा टेवा पुऱ्याउनु हो ।

**उद्देश्यहरू**

- राष्ट्रियस्तरमा याक, नाक र चौंरीको न्यूक्लियस हर्डको विकास, विस्तार र व्यवस्थापन गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीन प्रविधिहरूको अनुसरण गरी उपयुक्त प्रविधिहरूको विस्तार गर्ने ।
- लेकाली घाँस तथा चरन विकास सम्बन्धी प्रविधिको विकास र विस्तार गर्ने ।
- याक आनुवंशिक स्रोतको संरक्षण, संवर्द्धन र सदुपयोग गर्ने ।

**कार्यक्षेत्र**

- याक/नाकको स्व:स्थानीय (In-situ) तथा परस्थानीय (Ex-situ) संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्दै राष्ट्रियस्तरमा याक/नाक आनुवंशिक जैविक विविधताको व्यवस्थापनमा सहयोग पुऱ्याउने ।
- राष्ट्रियस्तरमा याक/नाकको न्युक्लियस हर्डहरुको स्थापना तथा व्यवस्थापन गर्ने ।
- याक/नाकको राष्ट्रिय स्रोत केन्द्रको रूपमा कार्य गर्ने ।
- याक/नाकको उत्पादकत्व बढाउने प्रविधिहरूको विकास र विस्तार गर्ने ।
- Performance Recording System, Pedigree Records, छनौट लगायत पशु प्रजनन्का उच्चतम विधि (Tools) का माध्यमबाट उच्च उत्पादकत्व भएका याक/नाकको विकास र विस्तार गर्ने ।
- नवीन प्रविधिहरूको उपयोग गरी याक/नाक/चौंरीहरूको वाह्य स्रोत विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विश्वविद्यालय लगायतका विभिन्न राष्ट्रिय निकायसँगको सहकार्यमा याक/नाक/चौंरीहरूको विकाससँग सम्बन्धित विभिन्न अध्ययन, अनुसन्धान तथा प्रविधि विस्तार गर्ने ।
- याक/नाक/चौंरीहरूको विकाससँग सम्बन्धित विषयहरूमा स्थानीय र प्रादेशिक तहसँग सहकार्य गर्ने ।

- राष्ट्रियस्तरमा याक/नाक/चौंरीपालनका विविध पक्षहरूमा क्षमता अभिवृद्धिका लागि Center of Excellence को रूपमा कार्य गर्ने ।
- केन्द्र तथा वाह्य स्रोत विकास कार्यक्रम अन्तर्गत रहेका याक/नाक/ चौंरीहरूको अभिलेखीकरण, तथ्याङ्क विश्लेषण तथा प्रकाशनका कार्यहरू गर्ने ।
- याक/नाक/चौंरीहरूको प्राविधिक मापदण्ड (Technical Parameter) हरूको विकास गरी अध्यावधिक गर्ने ।
- राष्ट्रियस्तरमा याक/नाक/चौंरीहरूको आहाराको मापदण्ड तयारीको लागि आवश्यक पृष्ठपोषणको कार्य गर्ने
- हिन्दकुश क्षेत्रका याक/नाक/चौंरीपालन हुने राष्ट्रहरू बिच रणनैतिक सहकार्य तथा साझेदारीमा याकको विकास गर्ने ।
- खर्क सुधार तथा रैथाने लेकाली घाँसहरूको संरक्षण, उचित उपयोग तथा विस्तार गर्ने ।

### १.३.१.६ घाँसेबाली आनुवंशिक स्रोत केन्द्र, रञ्जितपुर, सर्लाही

राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय मातहत सञ्चालन हुने गरी घाँसेबाली आनुवंशिक स्रोत केन्द्र रञ्जितपुर, सर्लाहीको स्थापना भएको हो । यस केन्द्रको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा घाँसेबालीको आनुवंशिक स्रोत संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्नु हो । घाँसेबाली विकाससँग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी पशुजन्य पदार्थहरूको उत्पादकत्वमा वृद्धि ल्याई राष्ट्रियस्तरमा व्यावसायिकता अभिवृद्धिमा टेवा पुर्‍याउनु हो ।

**उद्देश्यहरू:**

- राष्ट्रियस्तरमा घाँसेबालीका विभिन्न प्रजातिहरू (हिउँदे, वर्षे, वहुवर्षे र डालेघाँस) को विकास, विस्तार र व्यवस्थापन गर्ने ।
- घाँसेबालीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीन प्रविधिहरूको अनुसरण गरी उपयुक्त प्रविधिहरूको विस्तार गर्ने ।
- सम्बद्ध निकायहरूसँगको सहकार्यमा उष्ण, उपोष्ण, सम-शितोष्ण र शितोष्ण घाँसका प्रजाति तथा चरन विकास सम्बन्धी प्रविधिको विकास र विस्तार गर्ने ।
- घाँसेबाली आनुवंशिक स्रोतको संरक्षण, संवर्द्धन र सदुपयोग गर्ने ।

**कार्यक्षेत्र**

- घाँसको स्वःस्थानीय (In Situ) तथा परस्थानीय (Ex Situ) संरक्षण, संवर्द्धन, प्रवर्द्धन र सदुपयोग गर्दै राष्ट्रियस्तरमा घाँसेबाली आनुवंशिक जैविक विविधताको व्यवस्थापनमा सहयोग पुर्‍याउने ।
- उष्ण तथा उपोष्ण जातका हिउँदे, वर्षे, वहुवर्षे र डालेघाँसहरूको मूल बीउ उत्पादन गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद, विश्वविद्यालय तथा राष्ट्रिय निकायहरूसँगको सहकार्यमा घाँसेबाली विकाससँग सम्बन्धित विभिन्न अध्ययन, अनुसन्धान तथा प्रविधि विस्तार गर्ने ।

- घाँसेबाली विकासका नवीन प्रविधिहरूको उपयोग गरी वाह्य स्रोत व्यवस्थापन तथा घाँसेबाली करार खेती कार्यक्रम सञ्चालन गर्ने ।
- घाँसेबाली विकाससँग सम्बन्धित विषयहरूमा स्थानीय र प्रादेशिक तहसँग सहकार्य गर्ने ।
- राष्ट्रियस्तरमा घाँसेबालीका विविध पक्षहरूमा क्षमता अभिवृद्धिका लागि Center of Excellence को रूपमा कार्य गर्ने ।
- केन्द्र तथा वाह्य स्रोत विकास कार्यक्रम अन्तर्गत रहेका घाँसेबालीहरूको अभिलेखीकरण, तथ्याङ्क विश्लेषण तथा प्रकाशनका कार्यहरू गर्ने ।
- राष्ट्रियस्तरमा घाँसेबाली सम्बन्धी नवीन प्रविधिहरूको अनुसरण र विस्तार गर्ने ।
- घाँसका विभिन्न प्रजातिहरूको विकास र विस्तार गर्ने ।
- राष्ट्रिय घाँसेबालीको बीउ प्रशोधन केन्द्रको रूपमा स्थापना गर्ने ।
- Total Mixed Ration (TMR), Hydroponics लगायत अन्य घाँसेबाली संरक्षण विकास सम्बन्धी आवश्यक कार्य गर्ने ।

### १.३.१.७ राईजोबियम तथा घाँसेबाली बीउबिजन प्रयोगशाला, जनकपुरधाम

पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत घाँसेबालीको बीउको गुणस्तर परीक्षण एवम् राईजोबियम कल्चर उत्पादन गरी कृषकहरुलाई उपलब्ध गराउने उद्देश्यले राईजोवियम तथा घाँसेबाली बीउबिजन प्रयोगशाला, धनुषा जिल्लाको जनकपुरमा स्थापना भएको हो । यस प्रयोगशालाको प्रमुख उद्देश्य राष्ट्रियस्तरमा घाँसेबालीको बीउको गुणस्तर परीक्षण लगायत यससँग सम्बन्धित प्रविधिको विकास र विस्तार गरी घाँसेबालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याई राष्ट्रियस्तरमा व्यावसायिकता अभिवृद्धिमा टेवा पुर्‍याउनु हो ।

**उद्देश्यहरू**

- घाँसेबालीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विकास भएका नवीन प्रविधिहरूको अनुसरण गरी उपयुक्त प्रविधिहरूको विस्तार गर्ने ।
- राईजोबियम कल्चर उत्पादन गरी कृषकहरुलाई उपलब्ध गराउने ।

**कार्यक्षेत्र**

- तराई, भित्रि मधेश, मध्य पहाड तथा उच्च पहाडको लागि उपयुक्त हुने कोशे घाँसको ईनोकुलम उत्पादन तथा विक्रि वितरण गरी घाँसको उत्पादनमा वृद्धि गर्ने ।
- माटोमा राईजोवियम ब्याक्टेरियाको बढी भन्दा बढी उपस्थिति गराई स्थिरीकरण प्रविधिवाट नाईट्रोजनको आवश्यकता परिपूर्ति गर्ने ।
- ईनोकुलमको मागमा आत्मनिर्भर वनाउने ।

- घाँसेबाली बीउ परीक्षण, बीउ प्रशोधन तथा भण्डारण, निरीक्षण तथा अनुगमन।
- विभिन्न घाँसेबाली बीउ बिजनको विश्लेषण तथा परीक्षण गरी गुणात्मक सुधार ल्याउने।
- गुणस्तरीय घाँस तथा घाँसेबाली बीउ उत्पादन प्रविधि कृषक स्तरसम्म पुऱ्याई पशुपालन व्यवसायलाई मर्यादित, सम्मानित र व्यवस्थित बनाई पशुजन्य पदार्थको उत्पादनमा आत्मनिर्भर बनाई रोजगारीको अवसर सिर्जना गर्न सहयोग गर्ने।
- कृषकहरूलाई विभिन्न घाँसको बीउ उपलब्ध गराउने।
- किसानले उत्पादन गरेको घाँसको बीउ विक्रि वितरण कार्यमा सहजीकरण गर्ने।
- विभिन्न क्षेत्रको नोडुल सङ्कलन गरी अध्ययन गर्ने।
- जैविक मलको उपयोगीता बारे कृषकहरूलाई जानकारी गराउने।
- विभिन्न सञ्चार माध्यमहरूवाट ईनोकुलम तथा घाँस खेति सम्बन्धी सूचना प्रवाह गरी जनचेतना अभिवृद्धि गर्ने।
- नतिजा प्रदर्शनको माध्यमवाट कृषकहरूलाई कोशे घाँसेबाली लगाउन प्रोत्साहन गर्ने।
- विभिन्न कृषक व्यवसायी, समूह, समिति तथा सहकारीहरूबाट सञ्चालित बीउ उत्पादन कार्यक्रमहरूको अनुगमन तथा निरीक्षण।
- विभिन्न स्तरका घाँसेबाली बीउको उत्पादन तथा उपलब्धताको लागि प्राविधिक एवम् समन्वयात्मक सहयोग गर्न।
- बीउ बिजन सम्बन्धी नीति, ऐन र नियमावली अनुसार घाँसेबाली बीउ सम्बन्धी निर्देशिका तथा कार्यविधि तयार पारी कार्यान्वयन गर्न सरोकारवाला निकायहरूसँग समन्वय गर्ने तथा परामर्श लिने दिने ।
- सरोकारवाला निकायहरूसँग समन्वय गरी गुणस्तरीय बीउ उत्पादन, व्यवस्थापन एंव विक्री वितरण बारे आवश्यक जनचेतना फैलाउने ।
- बीउ बिजन ऐन, २०४५ अनुसार घाँसेबाली बीउको मापदण्डको लागि सहजीकरण गर्ने।
- राष्ट्रियस्तरमा घाँसेबाली बीउको वासलात तयार गर्न सहयोग तथा सहजीकरण गर्ने।
- विभिन्न घाँसेबाली बीउ उत्पादनको लागि माटो विकास निर्देशनालयसँग सहकार्य गरी Soil Nutrient Profile तयार गर्न पशु सेवा विभागलाई पृष्ठपोषण गर्ने।
- विभिन्न भौगोलिक क्षेत्र र हावापानी अनुसार विभिन्न घाँसेबाली बीउहरूको उत्पादनको लागि नक्साङ्कन (Forage Seed Mapping) गरी घाँसखेतीका लागि उपयुक्त घाँसेबालीको जात सिफारिस गर्ने।
- घाँसेवबालीको बीउ प्रशोधन सम्बन्धी अन्तर्राष्ट्रिस्तरमा विकास भएका नवीन प्रविधिहरू राष्ट्रियस्तरमा विस्तार गर्ने।
- घाँसको बीउको गुणस्तर परीक्षण गर्ने।
- राष्ट्रिय बीउबिजन उत्पादन योजना (National Seed Production Plan) तयारी गर्न सहजीकरण गर्ने।

- राईजोवियम तथा घाँसेबाली बीउ बिजन प्रयोगशालाको आन्तरिक तथा वाह्य गुणस्तर प्रणाली सुनिश्चितता गरी केन्द्रीय बीउ बिजन प्रयोगशालासँग समन्वय तथा सहकार्य गर्ने ।
- घाँसेबाली सम्बन्धी लागत प्रभावी प्रविधि, प्याकेज अफ प्राक्टिस विकास विस्तार गरी राष्ट्रियस्तरमा अभिलेखीकरण गर्न सहजीकरण गर्ने ।
- घाँसेबाली सम्बन्धी अबलम्वन गरिएका प्रविधिहरूको प्राविधिक परीक्षण गर्न सहजीकरण गर्ने ।
- घाँसेबाली उत्पादनको स्पेसिफिकेसन तोकी राष्ट्रिय व्यवहारिक संहिता तयार गर्न सहजीकरण गर्ने ।

### १.३.१.८ राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा

पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व बढाउन स्थानीय पशुको नश्ल सुधार, सन्तुलित पशु आहार, उचित व्यवस्थापन, पशु स्वास्थ्य र व्यावसायीकरणका विभिन्न क्षेत्रमा ठोस कार्यक्रमहरूका साथ सङ्घीय, प्रदेश र स्थानीय तीनै तहका सरकारहरू अगाडी बढिरहेको पाइन्छ । यसै सन्दर्भमा स्थानीय जनता माझ भेडी फार्म भनेर चिनिने यस राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखराले मूलत घरपालुवा पशुपन्छीको नश्ल सुधारको जिम्मेवारी पाएको छ । यो कार्यालय पोखरा महानगरपालिकाको वडा नं १४ मा रहेको १०० हेक्टर आफ्नै स्वामित्वको जमिनमा अवस्थित रहेको छ । जहाँ यस कार्यालयका विविध संरचनाहरू तथा पशुवस्तुको लागि चरन क्षेत्र फैलिएको छ ।

विगतमा देशमा ठूलो सङ्ख्यामा रहेका खास गरी स्थानीय तथा निश्चित प्रतिशत मात्र वर्णशङ्कर जातका कम उत्पादन क्षमता भएका गाईभैंसीहरूमा कृत्रिम गर्भाधानको माध्यमद्वारा नश्ल सुधार गरी उत्पादनशील बनाउने लक्ष्यका साथ सरकारले आर्थिक वर्ष २०६१ ।६२ मा राष्ट्रिय पशु प्रजनन् केन्द्रको स्थापना गरेको थियो भने त्यसभन्दा धेरै अगाडी उन्नत पशुको स्रोत केन्द्रको रुपमा विक्रम सम्वत् २०१७ सालमा पशु विकास फार्मको स्थापना गरेको थियो । हाल आएर सङ्घीयता कार्यान्वयनको क्रममा तत्कालिन राष्ट्रिय पशु प्रजनन् केन्द्र र मुर्रा भैंसी, उन्नत बङ्गुर, ग्रामीण कुखुरा आदीको स्रोत केन्द्रको रुपमा रहेको तत्कालीन पशु विकास फार्म पोखरा दुवैलाई एकीकृत गर्दै राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखराको रुपमा यो कार्यालय क्रियाशील रहेको छ । यसका साथै राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखराले आफ्नो मातहतमा सञ्चालनमा हुँदै आएको पोखरा मोडल डेरीमार्फत् विगत करीब डेढ दशकदेखि साना डेरी उद्यमीहरूलाई लक्षित गरी डेरी उद्यमी एवम् दुग्ध प्रशोधन तथा विविधीकरण तालीमहरू सञ्चालन गर्दै आईरहेको छ । यस कार्यालयमा जैविक विविधता संरक्षण कार्यक्रमको रुपमा स्थानीय कागे भेडाको पनि संरक्षण गर्दै आइएको छ । यसै गरी जमेको वीर्य उत्पादन, वितरण तथा त्यसको व्यवस्थापनको कार्य गर्दै आएको छ ।

२००८ सालमा बेलायत तथा पाकिस्तानबाट साँढे ल्याई तिनीहरूलाई स्थानीय गाईसँग प्रजनन् गराई वंश सुधारको इतिहास शुरु भएको नेपालमा उत्पादन र उत्पादकत्वमा त्यति बेलादेखि नै ध्यान दिएको देखिन्छ । वि.स. २०३७/३८ सालमा तरल नाइट्रोजनको प्लान्टको स्थापना भएपछि जमेको वीर्य उत्पादन गरी कृत्रिम गर्भाधानको कार्य शुरु गरिएको थियो । राष्ट्रिय पशु प्रजनन् कार्यालयमा अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक प्रयोगशाला स्थापनासँगै जमेको वीर्य सङ्कलन गर्ने र यसलाई देशका सबै सम्भाव्य र आवश्यक जिल्लामा पुऱ्याउने कार्यले तिव्रता पाईरहेको छ । हाल राष्ट्रिय पशु प्रजनन् कार्यालयहरूमा नै तरल नाइट्रोजन प्लान्टको स्थापना भएसँगै जमेको वीर्य उत्पादन तथा भण्डारण कार्य थप सरल भएको छ ।

यस कार्यालयको फार्ममा जमेको वीर्य उत्पादन प्रयोजनका लागि उन्नत नश्लका राँगो तथा साँढेका साथै बोकाहरू पनि पालिएका छन् । यस कार्यालयमा मुर्रा जातका राँगो तथा जर्सी र होलिस्टीन जातका साँढे र बोयर जातका बोकाबाट हप्ताको २ दिन वीर्य सङ्कलन तथा प्रशोधन कार्य हुँदै आइरहेको छ ।

यसरी जमेको वीर्य उत्पादनका लागि प्रयोग हुने राँगो तथा साँढे छनौटको लागि कार्यालयले गाई वंश सुधार कार्यक्रम (Dairy Animal Improvement Program, DCIP) समेत सञ्चालन गर्दै आइरहेको छ । यस कार्यक्रम अन्तर्गत देशका विभिन्न जिल्लामा रहेका उच्च प्रजनन्मान भएका गाईका वथान मध्येबाट छनौट गरी ट्यागिङ्ग गरिएको छ र ती गाईहरूको मासिक रुपमा दूधको नमूना सङ्कलन गरी दूधको परिमाण, फ्याट, एस. एन. एफ. लगायत परीक्षण र अभिलेखीकरण गरी विश्लेषण गरीन्छ । साधारणतया त्यस्तो वीर्य विदेशबाट आयात गरिन्छ । यसरी जन्मिएका बाच्छालाई छनौट गरी वीर्य उत्पादन कार्यका लागि प्रयोग गरिन्छ ।

प्रजनन् केन्द्रमा हप्ताको २ दिन वीर्य सङ्कलन हुने भएपनि प्रजनन् कार्यालयको सरसफाई, पशुहरूलाई उचित आहारा, घाँसपातको व्यवस्थामा भने २४ सै घण्टा ध्यान पुर्‍यानु पर्छ । पशुहरूलाई आवश्यक हुने दाना कार्यालयले आफ्नै परिसरमा रहेको दाना उद्योगबाट खरीद गर्ने गरेको छ भने घाँसपातको लागि कार्यालयले आफ्नै जग्गामा विभिन्न प्रकारका मौसमी तथा वहुवर्षीय घाँस लगाउने गर्दछ । हरियो घाँस कम हुने सुख्खा मौसमको लागि कार्यालयमा पालिएका पशुहरूको लागि साइलेज खुवाउने व्यवस्था मिलाईएको छ । सुख्खायामको करिब ५ महिना पशु वस्तुलाई हरियो घाँसको सट्टा साइलेज खुवाउँदै आएको कार्यालयलाई साइलेजकै कारण उत्पदनमा ह्रास आउन पाएको छैन भने पशुहरूको सु-स्वास्थ्य र Body Condition Score मा समेत राम्रो प्रभाव परेको छ ।

व्यावसायिक पशुपन्छीपालन र नश्लसुधारको प्रसँग आउँदा आधुनिक प्रविधि र हावापानी सुहाउँदो उत्पादनशील आयातित नश्ललाई परीक्षण गरी अवलम्बन गर्ने कुरा त आफ्नो ठाउँमा छँदैछ तथापि संसारभर अहिले दीगो, पर्यावरणमैत्री र अर्गानिक प्रकृतिको कृषिको प्रवर्द्धन गर्दै राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा पनि किसानको प्रतिस्प्रर्धी क्षमता विकास गर्न उपयुक्त नश्ल छनौट गर्दा उत्पादन लागत, पर्यावरण र जनताको सुस्वास्थ्य समेतमा पर्ने सम्भावित सकारात्मक र नकारात्मक पाटोलाई मध्यनजर गर्दै स्थानीय नश्लका पशुवस्तुको जैविक विविधता संरक्षण, पर्यावरणमैत्री र लागतमैत्री पशुपन्छीजन्य उत्पादनको प्रवर्द्धनमा प्रयत्नशील रहेको छ ।

**उद्देश्य**

- पशु नश्ल सुधार प्रविधिको विस्तार गरी पशुजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने ।
- पशु आहारा विकासका माध्यमबाट उत्पादन लागत न्यूनीकरण र प्रतिस्पर्धी सक्षमता अभिवृद्धि गर्ने ।
- फ्रोजन सिमेन, घाँसेबाली बीउ तथा पशु प्रजनन् प्रविधि केन्द्रको रुपमा क्रियाशिल रहने ।

**कार्यक्षेत्र**

- कृत्रिम गर्भाधान तथा छनौट प्रजनन् मार्फत् देशका विभिन्न भूभागका लागि उपयुक्त हुने पशुपन्छीको उन्नत, वर्णशंकर तथा छनौट प्रजनन्बाट स्थानीय जातको विकास र संरक्षण गर्ने ।
- कृत्रिम गर्भाधान कार्यक्रम मार्फत् स्थानीय नश्लका पशुको नश्लसुधार गर्ने ।
- स्थानीय जातका पशुपन्छीहरूको संरक्षण, सम्वर्द्धन र उपयोग गर्ने ।
- पशुपन्छी प्रजनन् सम्बन्धी नीतिको समयसापेक्ष पुनरावलोकन गरी आवश्यकता अनुसार संशोधन सहित उपयुक्त नीति तर्जुमा गरी प्रस्ताव गर्ने ।
- मुर्रा भैंसीको न्युक्लियस हर्ड व्यवस्थापन गरी कृत्रिम गर्भाधान सेवा उपलब्ध नभएका ठाउँका कृषकका भैंसीमा नश्ल सुधारको लागि उन्नत नश्लका प्रजनन्योग्य राँगो उपलब्ध गराउने ।
- उन्नत नश्ल (योर्कशायर, ल्याण्डरेस, ड्युरोक) का बङ्गुरको न्युक्लियस हर्ड व्यवस्थापन गरी बँगुरपालक कृषकका लागि उन्नत नश्लका बँगुरका पाठापाठी उपलब्ध गराउने ।
- बोयर बाख्राको स्रोत केन्द्र स्थापना गरी बोयर जातको विस्तारमार्फत् बाख्रामा नश्लसुधार गर्ने ।
- ग्रामीण क्षेत्रका कृषकको लागि उपयोगी न्यु हेम्पसायर तथा अष्ट्रोलर्प जातका कुखराको चल्ला उत्पादन तथा वितरण ।
- मध्य पहाडी क्षेत्रको लागि उपयोगी कागे भेडाको जातीय संरक्षण ।
- विभिन्न किसीमका बहुवर्षीय घाँसको स्रोत केन्द्र व्यवस्थापन ।
- पशुपालक कृषकलाई व्यवहारीक तालीम तथा अन्य परामर्श ।
- फार्ममा भएका पशुपन्छीहरूको वाह्य स्रोत कार्यक्रम समेत सञ्चालन गर्ने
- पशु नश्ल सुधार ।
- गाई, भैंसी तथा बाख्रामा कृत्रिम गर्भाधानको लागि उच्च प्रजनन्मान भएका राँगो, साँढे र बोकाको जमेको वीर्य उत्पादन गर्ने ।
- कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनका लागि जमेको वीर्य तथा तरल नाईट्रोजनको उपलब्धता सुनिश्चित गर्ने ।
- राष्ट्रिय पशु प्रजनन् सम्बन्धी नीतिको प्रस्ताव तयारी, रणनीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि फोकल कार्यालयको रुपमा कार्य गर्ने ।
- कृत्रिम गर्भाधानकर्ताको तालीम सञ्चालनमा प्राविधिक सहयोग पुर्‍याउने तथा तालीम प्राप्त कृत्रिम गर्भाधानकर्ताको टेक्निकल अडिट गरी अनुमति पत्र जारी गर्ने ।
- बाँझोपन निवारण तथा पशु प्रजनन बिकृति कम गर्न बांझोपन निवारण शिबीर तथा अन्य कार्यक्रम सञ्चालन गर्ने ।
- कृत्रिम गर्भाधान सम्बन्धी कार्यक्रम तथा कृत्रिम गर्भाधानकर्ताहरूको अनुगमन तथा नियमन गर्ने ।
- पशु नश्ल सुधार सम्बन्धी कार्यक्रमहरूको फोकल कार्यालयको रुपमा कार्य गर्ने ।

- घरपालुवा पशु अनुवांशिकी स्रोतको संरक्षण तथा सम्वर्द्धन गर्ने गराउने।
- अछामी, लुलु, खैला, याक, लिमे तथा पारकोटे जस्ता स्थानीय राँगो तथा साँढेको वीर्य सङ्कलन गरी क्रायो प्रिजर्भेसन (शीत संरक्षण) को माध्यमबाट जीन बैंक स्थापना गर्ने।
- भ्रुण प्रत्यारोपण कार्यक्रम समय सापेक्ष व्यवस्थापन तथा प्रवर्द्धन गर्ने गराउने।

**न्युक्लियस हर्ड व्यवस्थापन**

- मुर्रा भैंसीको न्युक्लियस हर्ड व्यवस्थापन गरी कृत्रिम गर्भाधानमा प्रयोग हुने वीर्य सङ्कलनको लागि उच्च प्रजनन्मान भएका राँगो उत्पादन गर्नुको साथै कृत्रिम गर्भाधान सेवा उपलब्ध नभएका ठाउँका कृषकका भैंसीमा नश्ल सुधारको लागि उन्नत नश्लका प्रजनन्योग्य राँगा उपलब्ध गराउने।
- योर्कशायर, ल्याण्डरेस र ड्युरोक बङ्गुरको न्युक्लियस हर्ड व्यवस्थापन गरी प्रजनन्का लागि बँगुरपालन गर्ने कृषकहरूलाई यी नश्लका बँगुरका पाठापाठी उपलब्ध गराउने।
- ग्रामीण क्षेत्रका कृषकको लागि उपयोगी न्यु हेम्पसायर तथा अष्ट्रोलर्प जातका कुखराको चल्ला उत्पादन तथा वितरण गर्ने।
- बोयर बाख्राको न्युक्लियस हर्ड व्यवस्थापन गरी उच्च प्रजनन मानका बोयरका पाठापाठी उत्पादन गर्ने।
- मध्य पहाडी क्षेत्रको लागि उपयोगी कागे भेडाको जातीय संरक्षण गर्ने।

**चरन तथा पशु आहारा**

- मध्य पहाडको लागि उपयुक्त हुने विभिन्न किसीमका उन्नत घाँसका बीउ, बिरुवा उत्पादन गरी कृषकहरूको माग बमोजिम उपलब्ध गराउने।
- घाँस तथा चरन संरक्षण तथा विस्तारका नवीन प्रविधिहरूको अनुसन्धानमा सहयोग गर्ने।
- स्वदेश तथा विदेशमा विकास गरिएका पशु आहारा व्यवस्थापन सम्बन्धी नबिनतम प्रविधिहरूको परीक्षण गर्ने।

**प्रविधि प्रसार**

- पशुपालक कृषकलाई व्यावसायिक पशुपालन सम्बन्धी परामर्श प्रदान गर्नुको साथै व्यवहारीक तालीम सञ्चालन गर्ने।
- फार्ममा विकास गरिएका तथा प्रयोग गरिएका प्रविधिहरू कृषकहरूमाझ प्रसारको लागि र गुणस्तरीय पशुपन्छीको स्रोत व्यवस्थापनको लागि उपयुक्त क्षेत्रमा फार्ममा भएका पशुपन्छीको बाह्य स्रोत केन्द्र विकास कार्यक्रम सञ्चालन गर्ने।
- पशु नश्ल सुधार तथा व्यावसायिक पशुपालन सम्बन्धी प्रविधि प्रसारको लागि लिफलेट, ब्रोसर, पुस्तिका लगायतका प्रसार सामाग्री उत्पादन एवम् वितरण गर्ने।
- विभिन्न सञ्चार माध्यमबाट नश्ल सुधार तथा पशुपालन सम्बन्धी जनचेतामूलक सन्देश प्रवाह गर्ने।

### १.३.१.९ राष्ट्रिय पशु प्रजनन् कार्यालय, नेपालगञ्ज

राष्ट्रिय पशु प्रजनन् कार्यालय, नेपालगञ्जले मूलतः पशु नश्ल सुधार तथा पशु आहारा विकासको माध्यमबाट निर्वाहमूखी रहँदै आएको पशुपालन व्यवसायलाई दीगो, भरपर्दो, नाफा मूलक व्यवसायको रुपमा स्थापित गर्दै यस क्षेत्रको व्यावसायिक एवम् औद्योगिक रुपान्तरणका माध्यमबाट दूध र मासुमा आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्नमा योगदान पुऱ्याउने किसिमले आफ्ना कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्ने गरेको छ। विगतमा पशु नश्ल सुधार तथा घाँसेबाली बीउ वृद्धि फार्मको रुपमा दुई फरक धारमा क्रियाशिल कार्यलयहरूलाई सङ्घीयता कार्यान्वयनसँगै परिमार्जित सङ्गठन संरचना अनुसार एउटै कार्यालयको रुपमा स्थापित गरिए पश्चात हाल यसले आफुलाई दोहोरो भूमिकामा उभ्याएको छ। एकातर्फ कृत्रिम गर्भाधान प्रविधिको विस्तार र अवलम्वनमा व्यापकता ल्याई न्यून उत्पादन क्षमतायुक्त स्थानीय नश्लका गाई, भैँसी र बाख्राको जातीय सुधार गरी दूध र मासुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउने तथा अर्को तर्फ पशुजन्य उत्पादनको लागत मूल्य कम गर्दै प्रतिष्पर्धी क्षमताको विकास र सुदृढीकरण लागि घाँसमा आधारित पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने हेतुले उन्नत जातका पोषिला भुइँ र डालेघाँसका बीउ र बेर्ना उत्पादन र वितरण गर्ने स्रोत केन्द्रको रुपमा समेत क्रियाशिल रहेको छ।

**उद्देश्य**

- पशु नश्ल सुधार प्रविधिको विस्तार गरी पशुजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।
- पशु आहारा विकासका माध्यमबाट उत्पादन लागत न्यूनीकरण र प्रतिस्पर्धी सक्षमता अभिवृद्धि गर्ने।
- फ्रोजन सिमेन, घाँसेबाली बीउ तथा पशु प्रजनन प्रविधि केन्द्रको रुपमा क्रियाशिल रहने।

**कार्यक्षेत्र**

- लुम्बिनी, कर्णाली तथा सुदुरपश्चिम प्रदेशका २० जिल्लामा क्रियाशिल यस कार्यालयले बाटोको पहुँच र कृत्रिम गर्भाधान पूर्वाधारको विकाससँगै यस भेगका सबै जिल्ला र स्थानीय तहहरूसम्म सेवा विस्तारको लक्ष्य लिएको छ।

**पशु नश्ल सुधार**

- राष्ट्रिय पशु प्रजनन नीति तथा प्रादेशिक प्रजनन् रणनीति स्थानीय स्तरमा सञ्चालनमा आवश्यक कार्ययोजना तथा दिर्घकालिन योजना वनाउनमा सहयोग गर्ने।
- कृत्रिम गर्भाधान कार्यक्रमका लागि आवश्यक पर्ने उच्च प्रजनन् मानको मुर्रा राँगो तथा शुद्ध खरी, बोयर तथा अन्य जातका बोकाबाट जमेको वीर्य उत्पादन गर्ने।
- नश्ल सुधारका लागि आवश्यक भाले पशु उत्पादनका लागि जातीय नश्ल सुधार कार्यक्रम सञ्चालन गर्ने तथा कार्यक्रममा सहयोग गर्ने।
- विभिन्न भुगोल अनुसार पशु आनुवंशिकी स्रोत संरक्षणका लागि लोपोन्मुख पशुको वीर्य सङ्कलन गरी जीन बैंक स्थापना गर्ने।

- कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनका लागि जमेको वीर्य तथा तरल नाईट्रोजन उपलब्धताको सुनिश्चतता गर्ने।
- कृत्रिम गर्भाधान सामाग्री उपलब्ध गराई प्रदेश तथा स्थानीय तहहरूमा सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्ने।
- उच्च प्रजनन्माका दुधालु तथा मासुका लागि पालिने पशुको अभिलेख, पहिचान तथा छनौट गरी सम्बन्धित फर्मलाई न्यूक्लियस हर्ड स्थापनाका लागि सहयोग गर्ने।
- दूध उत्पादन पकेट क्षेत्रमा एककालिन कृत्रिम गर्भाधान सञ्चालनमा प्राविधिक सहयोग गरी नश्ल सुधारमा टेवा पुर्याउने।
- फिल्ड कृत्रिम गर्भाधान कर्ता (Artificial Inseminator) तालीम सञ्चालनका लागि प्राविधिक तालीम सञ्चालनमा सहयोग तथा कृत्रिम गर्भाधान कर्ताको टेक्निकल अडिट गरी लाईसेन्स प्राप्तिका लागि सिफारिस दिने।
- सम्बन्धित क्षेत्रमा कार्यरत कृषि अनुसन्धान कार्यक्रम तथा संस्थासँग समन्वय गर्ने।
- वाँझोपन निवारण तथा पशु प्रजनन् विकृति कम गर्न वाँझोपन निवारण शिविर तथा अन्य कार्यक्रम सञ्चालन गर्ने।

**चरन तथा घाँसेबाली बीउवृद्धि**

- जै, वर्षिम तथा स्टाईलो घाँसको मूल बीउ उत्पादन गर्ने।
- नेपाल कृषि अनुसन्धान परिषद्को अनुसन्धानबाट सिफारिस भई प्राप्त भएका जातका उष्ण प्रदेशीय घाँसको Nucleus Seed प्राप्त गरी Foundation Seed उत्पादन गर्ने।
- घाँसवालीको प्रमाणित बीउ उत्पादन गर्न वाह्य स्रोत केन्द्रको स्थापना गर्ने।
- फार्मवाट उत्पादित उप-पदार्थको सदुपयोग गर्न Fodder Bank तथा Feed Preservation पद्दतिको विकास गर्ने।
- घाँस तथा चरन संरक्षण तथा विस्तारका नवीन प्रविधिहरूको अनुसन्धानमा सहयोग गर्ने।
- चरन तथा घाँसेबाली सम्बन्धी कृषकस्तरीय तथा मध्यमस्तरीय प्राविधिकका लागि स्थलगत तथा व्यवहारिक तालीम सञ्चालन गर्ने तथा अन्य निकायलाई प्राविधिक सहयोग गर्ने।
- स्वःस्थानीय रूपमा विभिन्न Eco-zone मा रहेका रैथाने घाँस तथा घाँस आनुवंशिक स्रोतको पहिचान, संरक्षण तथा सदुपयोग गर्ने।

### १.३.१.१० राष्ट्रिय पशु प्रजनन् कार्यालय, लाहान

वि.स २०४० सालमा सगरमाथा अञ्चलको सिराहा जिल्लाको हालको लहान नगरपालिका वा.न.१० मा गाई भैंसीको नश्ल सुधारका लागि उन्नत राँगो साँढे हुर्काई वितरण गर्नका लागि करिव ३.५ हेक्टर क्षेत्रफलमा यस कार्यालयको स्थापना भएको हो। प्रविधि विस्तारको क्रमसंगै नश्ल सुधारका लागि उन्नत राँगो साँढेको जमेको वीर्यबाट कृत्रिम गर्भाधान कार्यलाई विस्तार तथा प्रसार गर्न वि.स. २०६६ सालमा यस कार्यालयमा वीर्य प्रशोधन प्रयोगशालाको स्थापना भई जमेको वीर्य

उत्पादन तथा तरल नाईट्रोजन खरीद गरी कृत्रिम गर्भाधान कार्यलाई यस कार्यालयले सहयोग पुर्याईदै आइरहेको छ। प्रशोधित वीर्यका स्ट्र (Straw) हरू संरक्षण तथा भण्डारणका लागि नभई नहुने अति आवश्यक तरल नाईट्रोजनको सहज आपूर्तिका लागि निजी क्षेत्रबाट विगतमा खरीद गर्ने गरिएकोमा वि.स. २०७६ सालको भदौ महिनादेखि कार्यालय हाताभित्र तरल नाईट्रोजन प्लान्ट जडान कार्य सम्पन्न भएको र हाल यस प्लान्टले आफ्नो कार्य क्षेत्र साविकको पुर्वाञ्चल विकास क्षेत्र र हालको प्रदेश नं. १ र मधेश प्रदेशमा जमेको वीर्य र तरल नाईट्रोजन विक्री वितरण गर्दै आइरहेको छ ।

**उद्देश्य**

- पशु नश्ल सुधार प्रविधिको विस्तार गरी पशुजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने।
- पशु आहारा विकासका माध्यमबाट उत्पादन लागत न्यूनीकरण र प्रतिस्पर्धी सक्षमता अभिवृद्धि गर्ने।
- फ्रोजन सिमेन, घाँसेबाली बीउ तथा पशु प्रजनन् प्रविधि केन्द्रको रुपमा क्रियाशिल रहने।

**कार्यक्षेत्र**

- स्थानीय नश्लका गाई, भैँसी, बाख्राको कृत्रिम गर्भाधानको माध्यमले नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यमा सहयोग पुऱ्याउनु।
- राँगो, साँढे तथा बोकाको जमेको वीर्य तथा तरल नाइट्रोजन उत्पादन गरी विक्रि वितरण गर्नु।
- प्रमाणित तथा प्रभावशाली रहेका भालेको वीर्य सङ्कलन गरी जीन संरक्षण गर्नु।
- कृत्रिम गर्भाधान कार्य तथा नश्ल सुधार अभियानको अनुगमन, निरीक्षण तथा विश्लेषण गरी अभिलेख तयार गर्नु।
- कृत्रिम गर्भाधान कार्यमा संलग्न प्राविधिकहरूको क्षमता अभिवृद्धि, आवश्यक पृष्ठपोषण, अभिलेखीकरण नविकरण गर्नु।

**उत्पादनमूलक कार्य**

- विभिन्न जातको पशुको जमेको वीर्य उत्पादन गर्ने।
- वीर्य सङ्कलनका लागि विभिन्न किसिम र जातका प्रभावी भाले पशुको हर्ड व्यवस्थापन गर्ने।
- पशु आहारा व्यवस्थापनका लागि मौसमी तथा बहुवर्षे घाँस तथा दाना उत्पादन गर्ने।
- वीर्य भण्डारण तथा संरक्षणका लागि तरल नाईट्रोजन उत्पादन गर्ने।

**सेवामूलक कार्य**

- कृत्रिम गर्भाधान कर्ताहरूलाई प्राविधिक परामर्श तथा क्षमता अभिवृद्धि कार्यहरू गर्ने।
- कृत्रिम गर्भाधान कार्यको प्रभाव मूल्याङ्कन तथा अभिलेखीकरण गर्ने ।
- भविष्यमा अनुसन्धान तथा खोजमूलक अध्ययन कार्यको लागि वीर्यको माध्यमले जीन संरक्षण गर्ने।

- कृषकहरूलाई कृत्रिम गर्भाधान कार्यहरूको उपयोगीता तथा फाइदावारे जनचेतना वृद्धि गर्ने ।
- कृत्रिम गर्भाधान कार्यलाई वढावा दिन कृत्रिम गर्भाधानकर्ताहरूको उत्प्रेरणा जगाउन मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन गर्ने ।
- गर्भाधान प्रतिशतमा आउने कमीहरूको समस्या निदान गरी आवश्यक तथा बाँझोपन निवारण सम्बन्धी प्राविधिक सेवा टेवा पुऱ्याउने ।
- पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि पूर्वशर्तका रुपमा रहेको वस्तुको वंशाणुगत क्षमतामा वृद्धिका लागि सवैभन्दा सहज र सरल तरिका कृत्रिम गर्भाधान कार्यलाई वढावा दिने ।
- गुणस्तरीय वीर्य सङ्कलन तथा प्रशोधनका लागि प्रमाणित भाले पशुहरूको व्यवस्थापन छनौट र पालन गर्ने ।
- वीर्य प्रशोधन प्रयोगशालाको जैविक सुरक्षा गुणस्तर अक्षुण्ण राख्ने ।
- कृत्रिम गर्भाधानद्वरा नश्ल सुधारको माध्यमले पशुको उत्पादकत्व तथा पशुजन्य पदार्थको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन तथा निर्यात वृद्धिमा सहयोग पुऱ्याउने ।
- कृत्रिम गर्भाधान कार्यको प्रतिफलदर वृद्धिका लागि कृत्रिम गर्भाधान कर्ताहरूको क्षभता वृद्धि तथा पशु बाँझोपन समस्या समाधानका लागि परामर्श सेवा टेवा पुऱ्याउने ।
- नश्ल सुधारका लागि उन्नत प्रविधिहरूको कार्यान्वयन तथा विस्तार गर्ने ।
- समुदायमा रहेको प्रजनन् समूहहरूसँग हातेमालो गर्दै देश भित्रै प्रजनन् भालेहरूको छनौट तथा संकेतीकरण गर्ने ।
- कृत्रिम गर्भाधान कार्यको प्रभावकारिता अध्ययन विश्लेषणका लागि हर्ड रजिष्ट्रेशन तथा पशु सङ्केतिकरण वैज्ञानिक ढंगले सञ्चालन गर्ने ।
- कृत्रिम गर्भाधानको क्षेत्रलाई विस्तार गरी कृत्रिम गर्भाधान सङ्ख्या तथा दरमा समेत वृद्धि गर्ने ।

## १.४ पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम तथा निकाय

### १.४.१ राष्ट्रिय पशुपन्छी आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला

सङ्घीय संरचना अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट पशु सेवा विभाग अन्तर्गतको यस राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालालाई पशुपन्छी तथा मत्स्य आहाराको आधिकारिक निकायको रुपमा काम गर्ने गरी कार्य विस्तृतिकरण प्राप्त भएको छ । प्राप्त कार्य विस्तृतिकरण अनुसार राष्ट्रिय पशु आहारा तथा लाइभष्टक गुण व्यवस्थापन प्रयोगशाला अन्तर्गत रहेका आन्तरिक शाखाहरूको कार्य विभाजन निम्नानुसार रहेका छन् ।

**लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला शाखा**

- पशुपन्छीका दाना, दाना बनाउन प्रयोग गरीने कच्चा पदार्थ, दाना योगशिल र परिरक्षीहरूको नमूना सङ्कलन गरी गुणस्तर परीक्षण तथा विश्लेषण गर्ने ।
- पशुजन्य पदार्थहरू (दूध, अण्डा) को पौष्टिक तत्वहरूको नमूना सङ्कलन गरी गुणस्तर परीक्षण तथा विश्लेषण गर्ने ।

- देशका विभिन्न स्थानबाट भुइघाँस, डालेघाँस, पराल लगायतका पशु आहाराहरूको नमूना सङ्कलन गरी पौष्टिक तत्वहरूको गुणस्तर परीक्षण तथा विश्लेषण गर्ने ।
- मोबाइल ल्याव भ्यान सञ्चालन गरी दाना, दाना कच्चा पदार्थ तथा दूधको स्थलगत नमूना सङ्कलन गरी गुणस्तर परीक्षण तथा विश्लेषण गर्ने।
- घाँसको बीउको नमूना सङ्कलन गरी गुणस्तर परीक्षण तथा विश्लेषण गर्ने।
- पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको प्रोटोकल तयार गरी लागु गर्ने।
- प्रयोगशालाको पूर्वाधार तथा क्षमता अभिवृद्धि गर्दै पशुपन्छी तथा मत्स्य दाना, घाँस तथा अन्य पशु आहाराको गुणस्तर परीक्षणका लागि राष्ट्रिय सन्दर्भ प्रयोगशाला (National Reference Laboratory) को रुपमा विकास गर्ने।
- अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रत्यायन (Accredited) प्रयोगशालाको रुपमा विकास गर्दै लैजाने।

**पशुपन्छी आहारा विश्लेषण शाखा**

- पशुपन्छीका दाना, फिड सप्लिमेन्ट तथा दाना योगशिलहरूको आयात निर्यात गर्नको लागि सिफारिस उपसमितिको सचिवालयको रुपमा काम गर्ने।
- पशुपन्छीका दाना तथा दानामा प्रयोग हुने सुक्ष्म पौष्टिक तत्वहरू, दाना योगशिल, परिरक्षी अन्तरविकसित तथा बर्हिमिश्रीत रसायन सम्बन्धी मापदण्ड निर्धारण र नियमन गर्ने।
- पशुपन्छीका दाना, दाना बनाउन प्रयोग गरीने कच्चा पदार्थ तथा पशुजन्य पदार्थहरू (दूध, अण्डा) को गुणस्तर परीक्षण प्रतिवेदनका आधारमा प्रयोग उपयुक्तता र मात्रा निर्धारण तथा विश्लेषण गर्ने।
- देशका विभिन्न स्थानमा उपलब्ध भुईघाँस, डालेघाँस, पराल लगायतको पौष्टिक तत्वहरूको अध्ययन गरी सोही बमोजिमको आहाराको स्तर निर्धारण गर्ने।
- पशु आहारामा आवश्यक पर्ने कच्चा पदार्थ तथा पशुपन्छीजन्य पदार्थहरू (दूध, अण्डा, पश्मिना, ऊन, हड्डी, छाला आदि) को मापदण्ड तयार गरी गुणस्तर निर्धारण अध्यावधिक गर्ने।
- पशुपन्छी दाना उद्योग, पशुपन्छी तथा मत्स्य दाना तथा दाना बनाउन प्रयोग हुने कच्चा पदार्थहरू, दाना योगशिल, परिरक्षी, लगायतका वस्तुहरूको राष्ट्रिय अभिलेख तयार तथा अध्यावधिक गर्ने।
- पशुपन्छीका आवास (गोठ, खोर) तथा पशुपन्छीजन्य पदार्थहरू (दूध, अण्डा, पश्मिना, ऊन, हड्डी, छाला आदि) को विक्री काउण्टर, भण्डार कक्ष तथा ओसार पसारको मापदण्ड तयार गरी लागु गर्ने कार्यमा समन्वयकारी भूमिका निर्वाह गर्ने।
- पशुजन्य उत्पादनको प्रशोधन गर्ने उद्योगहरू (दाना, दूध, छाला, ऊन, पश्मिना आदि) को अनुगमन, निरीक्षण तथा नियमन गरी सम्बन्धित सरोकारवालाहरूलाई प्राविधिक सुझाव दिने।
- व्यावसायिक पशुपन्छी फार्महरूको अनुगमन निरीक्षण नियमन गरी सम्बन्धित सरोकारवालाहरूलाई प्राविधिक सुझाव उपलब्ध गराउने।

- पशु उत्पादन समाग्री तथा पशुजन्य पदार्थको गुणस्तर मापदण्ड सम्बन्धी जनचेतनामूलक कार्यहरू सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्ने र गराउने ।
- पशुपन्छी तथा मत्स्य आहारा सम्बन्धी उद्योग दर्ताको लागि सिफारिस तथा सञ्चालन अनुमति प्रदान गर्ने ।

**पशु पोषण व्यवस्थापन शाखा**

- दाना ऐन र नियमावलीको समय सापेक्ष संशोधन तथा परिमार्जनका लागि अध्ययन, सिफारिस र समन्वय गर्ने ।
- पशुपन्छी तथा मत्स्य आहारा सम्बन्धी नीतिहरूको मस्यौदा तयार गर्न समन्वय गर्ने ।
- पशुपन्छी तथा मत्स्य आहारा सम्बन्धी कार्यविधि, निर्देशिका, मापदण्ड तर्जुमा तथा परिमार्जन गर्ने ।
- पशुपन्छी तथा मत्स्य आहारासँग सम्बन्धित विज्ञ, निर्देशक समिति तथा समन्वय समितिहरूको संयोजन गर्ने ।
- घाँसेबाली तथा पशुपन्छी तथा मत्स्य आहारा सम्बन्धी परम्परागत ज्ञान, सीप, अभ्यास, प्रविधि आदिको राष्ट्रिय स्तरमा अभिलेखीकरण गरी प्रवर्द्धन गर्ने ।
- पशुपन्छी तथा मत्स्य आहारा र घाँसेबाली सम्बन्धी अध्ययन अनुसन्धानमा अन्तरनिकाय समन्वय गर्ने, गराउने ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा पशुपन्छी तथा मत्स्य आहारा तथा कच्चा पदार्थहरूको माग, आपूर्ति तथा विद्यमान अवस्थाको अध्ययन, विश्लेषण तथा प्रतिवेदन तयार गर्ने ।
- नेपाल कृषि अनुसन्धान परिषद्बाट उन्मोचन गरी सिफारिस गरिएका गुणस्तरीय घाँसेबाली बीउबिजनको अभिलेखीकरण, माग आंकलन तथा आपूर्ति व्यवस्थामा सहजीकरण गर्ने ।
- घाँसेबाली बीउवृद्धि फार्महरूलाई आवश्यक पर्ने मूल/स्रोत बीउको व्यवस्थापन कार्यमा समन्वय गर्ने ।
- पशुपन्छी तथा मत्स्य आहारासँग सम्बन्धित कार्य गर्न विभिन्न सङ्घ संस्थाहरूसँग समन्वय गर्ने ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा घाँसेबाली विकास र विस्तारका लागि समन्वय गर्ने ।
- घाँसेबाली विकासका लागि कृषकहरूको माग अनुसार आवश्यक पर्ने प्रमाणित बीउको स्रोत केन्द्र विकास गरी बीउ उत्पादन र विक्रि वितरणको कार्यलाई सहज बनाउन समन्वय गर्ने ।
- पशुपन्छी तथा मत्स्य आहारा सम्बन्धी नयाँ र कम लागतका प्रविधि तथा प्रतिपादित प्रविधिहरूको आन्तरिकिकरण तथा विस्तार गर्ने ।

## १.५ मत्स्य विकास कार्यक्रम तथा निकाय

### १.५.१ केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र

पहिले कृषि विभाग अन्तर्गत रहेको मत्स्य विकासको सङ्गठन संरचना हाल आएर पशु सेवा विभागको मातहत रहने गरी मत्स्य विकास, प्रवर्द्धन एवम् संरक्षणका लागि निम्नअनुसारका कार्य क्षेत्र तोकीएको छ ।

- मत्स्य सम्बन्धी विषय क्षेत्रमा प्राविधिक आधिकारिक निकाय (Technical Autonomy ) को रुपमा कार्य जिम्मेवारी वहन गर्ने ।

- मत्स्य सम्बन्धी अन्तर्राष्ट्रिय निकायहरूसँग सम्पर्क विन्दु (Focal point) को रुपमा कार्य गरी समन्वय स्थापित गर्ने ।
- मत्स्यपालन र जलीय जीव संरक्षण सम्बन्धी प्राविधिक मापदण्ड तयार गर्ने ।
- गुणस्तरीय उत्पादन सामाग्री व्यवस्थापनका लागि कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य ।
- मत्स्य सम्बन्धी आयोजनाको अवधारण पत्र तयार गर्ने र आयोजना-सञ्चालन वा कार्यान्वयनमा समन्वय गर्ने ।
- मत्स्य सम्बन्धी राष्ट्रियस्तरका सरकारी तथा गैर सरकारी निकायहरु (FAO, WOAH, WFC) सँग समन्वय गर्ने ।
- मत्स्य बीमा सम्बन्धी कानून, मापदण्ड र नियमन सम्बन्धी कार्य गर्ने ।
- मत्स्य सम्बन्धी तथ्याङ्क, सूचना र जानकारीहरू सङ्कलन, विश्लेषण एवम् प्रवाह सम्बन्धी कार्य ।
- माछा तथा जलीय जीवजन्य उत्पादनको मूल्य श्रृङ्खला विकास, पोष्टहार्भेष्ट तथा बजार सम्बन्धी कानून, मापदण्ड र नियमन कार्य ।
- मत्स्य सम्बन्धी दीर्घकालीन, आवधिक तथा वार्षिक योजना/कार्यक्रम तर्जुमा सम्बन्धी कार्य गर्ने ।
- मत्स्य सम्बन्धी उत्पादन सामाग्री एवम् माछा तथा जलीय जीवजन्तु उत्पादनको विक्री वितरण र आयात मापदणड निर्धारण, निर्यातका लागि समन्वय / सहजीकरण र नियमन सम्बन्धी कार्य गर्ने ।
- सङ्घ, प्रदेश र स्थानीय तहमा सञ्चालन हुने मत्स्य प्रवर्द्धन र संरक्षण सम्बन्धी कार्यमा समन्वय गर्ने ।
- मत्स्य बजारको विस्तारका लागि ताजा तथा जिउँदो माछाको विक्री वितरण एवम् सहज ढुवानीमा आवश्यक सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा गर्ने ।
- मत्स्य पर्यटनलाई सहयोग पुर्याउन मनोरञ्जनजन्य मत्स्यपालनलाई प्रवर्द्धन गर्ने किसिमका कार्य गर्ने ।
- मत्स्य विकास र मत्स्य तालीम केन्द्र एवम् प्रदेश तथा स्थानीय स्तरमा सञ्चालित मत्स्य विकास कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत सञ्चालित मत्स्य विकास कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- स्थानीय तथा प्रादेशिक तह र अन्य सम्बन्धित सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यमा मत्स्य सम्बन्धी विवरण तथा तथ्याङ्क सङ्कलन र विश्लेषण गरी अध्यावधिक गर्ने ।
- मत्स्य प्राविधिकको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरू सञ्चालन गर्न सहकार्य गर्ने ।
- मत्स्यकृषक / व्यवसायी र माछामारी जीविकोपार्जन गर्ने समुदायको सामाजिक-आर्थिक पक्षको अध्ययन गरी आवश्यक कार्यक्रम ।
- देशमा भएका विभिन्न जलाशयहरूमा मत्स्य विकासको सम्भाव्यता सर्वेक्षण कार्य गरी प्राथमिकताका आधारमा कार्ययोजना बनाई कार्यान्वयन गर्ने गराउने ।

### १.५.२ मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुर

- मत्स्य सम्बन्धी तालीमका लागि पाठयक्रम तर्जुमा तथा परिमार्जन गर्ने ।
- अनुसन्धानबाट सिफारिस मत्स्यपालन प्रविधिको, विश्लेषण गर्न परीक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- अनुसन्धानबाट सिफारिस मत्स्यपालन प्रविधिको विश्लेषण, प्रमाणीकरण (Technology Analysis, Validation) एवम् प्रसार गर्ने ।
- अनुसन्धानबाट विकसित प्रविधिहरूको सूचि (Inventory) तयार गर्ने ।
- तालीमको आवश्यकता पहिचान (Training Need Assessment) गर्ने ।
- निजीस्तरमा सञ्चालनमा रहेका मत्स्य बीज उत्पादन केन्द्रहरूको गुण नियन्त्रण व्यवस्थापन ।
- पङ्गास तथा टिलापियाको बिज उत्पादन लगायतका प्रविधि परीक्षण ।
- परीक्षणबाट प्राप्त प्रविधिको प्याकेजलाई Scaling up गर्ने ।
- साविक कार्यालयको अन्य कार्य सञ्चालन गर्ने ।
- मत्स्य रोग, परजीवी, पानीको गुणस्तर, दाना सम्बन्धी विभिन्न परीक्षण सञ्चालन गर्ने ।
- माग र समस्यामा आधारित विषयहरूको प्रविधि विकास गर्न अनुसन्धान निकायलाई पृष्ठपोषण (Feedback) तयार गर्ने ।
- मत्स्य प्राविधिक तथा कृषक/व्यवसायीको क्षमता अभिवृद्धिका लागि बिभिन्न प्रकृतिका सीपमूलक तालीम सञ्चालन गर्ने ।
- सङ्घ, प्रदेश तथा स्थानीय तहमा कार्यरत मत्स्य प्राविधिक कृषकहरूको लागि सीपमूलक तालीम पाठयक्रम तर्जुमा तथा परिमार्जन गर्ने ।
- तालीमका लागि कृषक ब्यवसायी तथा सङ्घ सस्थाहरूको माग सङ्कलन गरी सोही आधारमा तालीम सञ्चालन गर्ने ।
- प्रदेश तथा स्थानीय तहमा सञ्चालन हुने तालीममा समन्वय एवम् सहजीकरण गर्ने ।
- गुणस्तरीय मत्स्य बीज उपलब्ध गराउन क्रायोल्याब सञ्चालन गर्ने ।
- भालेमाउ माछाबाट वीर्य सङ्कलन तथा मत्स्य ह्याचेरीलाई वितरण गर्ने ।
- गुणस्तरीय मत्स्य बीज उत्पादन तथा वितरण गर्ने ।
- सहज एवम् आवश्यकता अनुसार गुणस्तरीय मत्स्य बीज उपलब्ध गराउन क्रायोल्याव सञ्चालन गर्ने ।
- स्थानीय एवम् आर्थिक दृष्टिकोणले महत्वपूर्ण प्रजातिका माछाहरूको Gene Bank सञ्चालन गर्ने ।
- मत्स्य ह्याचरी तथा नर्सरीहरूको नियमित अनुगमन तथा तथ्याङ्क अध्यावधिक गर्ने ।

### १.५.३ मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन स्रोत केन्द्र, भैरहवा

- शुद्ध नश्लका मत्स्य बीज उत्पादन सम्बन्धी व्यवस्थापकीय कार्य गर्ने।
- मत्स्य बीज उत्पादक तथा वितरकहरुको राष्ट्रिय अभिलेखीकरण गर्ने।
- प्रादेशिक तथा स्थानीय निकायहरूको मत्स्य उत्पादन, उत्पादकत्व अभिवृद्धिका लागि प्राविधिक सेवा टेवा सम्बन्धी कार्य गर्ने।
- प्रभाव क्षेत्रका जिल्लाहरूमा मत्स्य सम्बन्धी कार्यरत सरकारी, गैर सरकारी, सहकारी निकायहरूबीच समन्वय सम्बन्धी कार्य गर्ने।
- पालनका लागि सिफारिस गरिएका माछाका प्रजातिहरूको शुद्ध नश्ल व्यवस्थापन (Pure Line Breed Maintenance) गर्ने।
- शुद्ध नश्लका मत्स्य बीज (Future Brood) भावी माउ उत्पादन गरी सरकारी मत्स्य फार्म, केन्द्र र मापदण्ड पूरा गरेका नीजि मत्स्य ह्याचरीकर्ताहरुलाई वितरण गर्ने।
- मत्स्य बीज गुण नियन्त्रण व्यवस्थापन गर्ने।
- मत्स्य रोग, मत्स्य दाना र पानीको गुणस्तर व्यवस्थापन सम्बन्धी प्रयोगशाला सेवा सञ्चालन गर्ने।
- शुद्ध नश्लका मत्स्यका जात प्रजातहरुको सङ्कलन गरी एकिकृत गरी वार्षिक रुपमा अभिलेख अध्यावधिक गर्ने।
- भुरा उत्पादनमा प्रयोग गरिदैं आएका माउ माछाहरूलाई क्रमिक रुपमा शुद्ध नश्लका माउ माछाद्वारा प्रतिस्थापन गर्दै जाने।
- मत्स्य बीज स्वास्थ्य प्रयोगशाला सञ्चालन व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- केन्द्रले उत्पादन गर्ने शुद्ध नश्लका माछाहरू मापदण्ड पुरा गरेका (फिङ्गरलिङ) ट्यागिङ्ग गरी नीजि ह्याचरीकर्ताहरु तथा सरकारी निकायहरूलाई माउ माछाको रुपमा प्रयोग गर्ने गरी विक्री वितरण गर्ने।
- उन्नत नश्लको भुरा उत्पादन गर्ने ह्याचरी तथा निजी नर्सरीहरूको राष्ट्रिय अभिलेख रुपमा तयार गर्ने।
- उन्नत नश्लको भुरा उत्पादन गर्ने ह्याचरी तथा निजी नर्सरीहरूको अनुगमन र समन्वय गर्ने।
- उन्नत नश्लका माछाहरूको परीक्षण, वृद्धिदर, रोग प्रतिरोधात्मक क्षमता, प्रजनन् क्षमता आदि सम्बन्धी कार्य गर्ने।
- केन्द्रले गर्दै आएको भुरा उत्पादन तथा विक्री वितरण सम्बन्धी कार्यलाई निरन्तरता दिने।
- प्रादेशिक तथा स्थानीय पालिकाहरूको सम्भाव्यता तथा आवश्कताको आधारमा मत्स्य बीजको प्रक्षेपण गरी राष्ट्रिय वासलात (National Balance Sheet) तयार गर्न सहयोग गर्ने।

### १.५.४ प्राकृतिक जलाशय प्रवर्द्धन एवम् संरक्षण केन्द्र, हेटौडा

- प्राकृतिक जलाशयको प्रवर्द्धन एंव संरक्षण गर्ने।

- जैविक विविधता अध्ययन, संरक्षण एवम् संवर्द्धन गर्ने ।
- स्थानीय माछा लगायतका जलीय जीवहरूको संरक्षण एवम् संवर्द्धन गर्ने ।
- प्राकृतिक जलाशयहरू (घोल, ताल एवम् सिम, रिजर्भ्वायर तथा अन्तर प्रदेशीय नदी प्रणाली) हरूको सर्वेक्षण गरी जलीय जैविक विविधता अध्ययन, माछा तथा जलीय जीवहरूको सूची (Inventory) तयार र उक्त जीवहरूको संरक्षण एवम् संवर्द्धनका निम्ति कार्यक्रमहरू सञ्चालन गर्ने ।
- मत्स्य क्षेत्रमा जीविकोपार्जन गर्ने विपन्न तथा पिछडिएका समुदाय / वर्गलाई प्राकृतिक जलाशयमा सहज पहुँच पुर्याई मत्स्यपालन तथा मत्स्यपर्यटन कार्यक्रमद्वारा आर्थिक-सामाजिक स्थितिको सुदृढिकरण गर्ने ।
- देशभरीका प्राकृतिक जलाशयहरूको अभिलेख तयार गरी अध्यावधिक गर्ने र मत्स्यपालनको लागि उपयुक्त देखिएका जलाशयको उचित व्यवस्थापन, संरक्षण तथा समुचित सदुपयोग गर्न समुह गठन गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।
- प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्दै प्राकृतिक उत्पादन वृद्धि गर्ने ।
- यस केन्द्रको प्रभाव क्षेत्रका जिल्लाहरूमा मत्यस्यपालन कार्यक्रम विस्तार एवम् कृषकको आवश्यकता अनुसार प्राविधिक सेवा टेवा उपलब्ध गराउने ।
- चिसो पानीमा मत्स्यपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।
- रेन्बो ट्राउट मत्यस्यपालनको सम्भाव्यता अध्ययन तथा पालन सिफारिस सम्बन्धी
- रेन्बो ट्राउट मत्स्यपालन तथा मत्स्य पर्यटन सम्भाव्य स्थल छनौट तथा मत्स्य प्रवर्द्धन कार्यक्रम गर्ने ।
- चिसो पानीमा मत्स्यपालन सभावना हुने अन्य मत्स्य प्रजातिको परीक्षण तथा सिफारिस गर्ने ।
- कृषकको माग एवम् आवश्यकता बमोजिम मत्स्य बीज उत्पादन गरी सहज तवरले वितरण गर्ने ।
- प्राकृतिक जलाशयसँग सम्बन्धी कार्य गर्ने अन्य विभिन्न सरकारी तथा गैर सरकारी संस्था पहिचान गरी आवश्यक समन्वयन गर्ने ।
- वार्षिक कार्यक्रम बमोजिम प्राकृतिक जलाशयहरूको अध्ययन/सर्वेक्षण र संरक्षणको लागि आवश्यक कार्य तालिका तयार गरी उक्त कार्यक्रम सञ्चालन गर्ने ।
- प्राकृतिक जलाशयहरूमा मत्स्यपालन सम्भाव्यता अध्ययन/सर्वेक्षण संरक्षण सम्बन्धी कार्य गर्ने ।
- प्राकृतिक जलाशयबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदायको सामाजिक/आर्थिक पक्षको अध्ययन र उपयुक्त कार्यक्रम निर्धारण गर्ने ।
- विपन्न तथा पिछडिएका समुदाय/वर्गलाइ प्राकृतिक जलाशयमा सहज पहुँच पुर्याई मत्स्यपालन तथा मत्स्य पर्यटन कार्यक्रमद्वारा आर्थिक-सामाजिक स्थितिको सुदृढिकरण गर्ने ।
- देशभरीका प्राकृतिक जलाशयहरूको रेकर्ड तयार गरी अध्यावधिक गर्ने र मत्स्यपालनको लागि उपयुक्त देखिएका जलाशयको उचित व्यवस्थापन, संरक्षण तथा समुचित सदुपयोग गर्न समुह गठन गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

- प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्दै प्राकृतिक उत्पादन वृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।
- प्राकृतिक जलाशय र त्यसमा रहेका माछा तथा जलीय जीवहरूको सूची (Inventory) तयार एवम् अध्यावधिक गर्ने ।
- स्थानीय माछा लगायतका जलीय जीवहरूको संरक्षण एवम् संवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- प्राकृतिक जलाशयहरूको लिम्नोलोजीकल, बायोलोजिकल तथा सामाजिक आर्थिक सर्वेक्षण गर्ने ।
- विपन्न तथा पिछडिएका समुदाय / वर्गको आर्थिक-सामाजिक स्थितिको सुदृढिकरण गर्ने ।
- गुणस्तरीय मत्स्य बीज उत्पादन तथा बिक्री वितरण गर्ने ।
- मत्यस्यपालन कार्यक्रम विस्तार तथा प्रविधिक सेवा टेवा पुऱ्यायने ।
- प्राकृतिक जलाशय र त्यसमा रहेका माछा तथा जलीय जीवहरूको अभिलेख तयार एवम् अध्यावधिक गर्ने ।
- प्राकृतिक जलाशयका लागि उपयुक्त स्थानीय जातका माछाहरूको प्रजनन् गर्ने ।
- प्राकृतिक जलाशय सम्बन्धी ऐनहरूको तर्जुमा र कार्यान्वयनमा समन्यन गर्ने ।
- स्थानीय जातका माछाहरूको स्व:स्थानीय (In-situ) र परस्थानीय (Ex-situ) संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- प्राकृतिक जलाशयको महत्व र संरक्षणबारे ज्ञान प्रदान गर्न यस्ता जलाशय वरपर बस्ने तथा यसको उपभोग गरि रहेका समुदायलाई सचेतनामूलक होडिङ्ग बोर्ड तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।
- मत्स्य सङ्ग्रालय निर्माण गर्न आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।
- प्राकृतिक जलाशय सम्बन्धी पोस्टर, पम्पलेट तथा अन्य शैक्षिक सामाग्रीको तयारी साथै प्रकाशन गर्ने ।
- प्राकृतिक जलाशयसँग सम्बन्धी कार्य गर्ने अन्य विभिन्न सरकारी तथा गैर सरकारी संस्था पहिचान गरी आवश्यक समन्वयन गर्ने ।
- प्राकृतिक जलाशयहरु (नदी, खोला, रिजर्भ्वायर ताल, घोल एवम् सिमसार) मा मत्स्यपालन सम्भाव्यता अध्ययन, सर्वेक्षण सम्बन्धी कानुन, मापदण्ड र नियमन कार्य प्राकृतिक जलाशयमा जलीय जैविक विविधता संरक्षण र उपयोग सम्बन्धी कानून मापदण्ड र नियमन मस्यौदा तयारी कार्य गर्ने ।
- प्राकृतिक जलाशयबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदाय (Wetland Based Community) सम्बन्धी कानून, मापदण्ड र नियमन कार्य गर्ने ।

## १.६ पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम र निकायहरू

### १.६.१ पशु क्वारेन्टाइन सेवा

पशु सेवा विभाग तथा मातहतका कार्यालयहरूको सरोकारवाला र पत्रकार बीच कार्यक्रम सार्वजनीकरण गरी सुशासन प्रवर्द्धन तथा पारदर्शिता कायम गर्ने प्रयास गरिएको छ । पशु सेवा विभागसित सम्बन्धित अन्तर्राष्ट्रिय संस्थाहरूको सदस्यता नविकरण र प्रतिवद्धता कार्यान्वयन गरिएको छ। पशु सेवा सँग सम्बन्धित ऐन, नियम, गठन आदेश, कार्यविधि, निर्देशिका, मापदण्डहरू नयाँ निर्माण र संशोधनका लागि विभिन्न सरोकारवाला निकायहरूको संलग्नतामा छलफल अन्तरक्रिया गरी विभागबाट स्वीकृत हुने मापदण्डहरू स्वीकृत गरिएको र अन्यको हकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश भएको छ । पशुपन्छी एवम् पशुपन्छीजन्य पदार्थको आयात निर्यात गर्दा सङ्क्रामक रोग समेत सर्न सक्ने जोखिम रहेकोमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावली,२०५६ लाई कडाईका साथ परिपालना गर्न थप प्रभावकारी ढङ्गबाट पशु क्वारेन्टाइन चेकपोष्टहरूबाट कार्य भइरहेको छ ।जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने पशु औषधी, एण्टिबायोटिकको प्रयोग न्यूनिकरणको लागि पशुपन्छीको दानापदार्थमा एण्टिबायोटिकको प्रयोग निरुत्साहित गरिएको र एण्टिबायोटिक र पशु औषधीको उचित प्रयोगबारे सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गरिएको छ। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ अनुसार पशु सेवा विभागले ग्राण्ड प्यारेन्ट फार्म १ वटा र ४ वटा प्यारेन्ट फार्म स्थापना सिफारिस गरेको छ । 57,044 वटा ग्राण्ड प्यारेण्ट चल्ला आयात, 72,२१६ वटा ब्रोइलर प्यारेन्ट चल्ला आयात, ७२,११० वटा लेयर्स प्यारेण्ट चल्ला, 46,500 गोटा Specific -pathogen -free (*SP* ) अण्डा आयातका लागि विभागबाट सिफारिस दिइएको छ । पशु सेवा विभागले पशु पन्छीका खोरेत, एच. एस. एण्ड बि. क्यू. , रेविज, फेलाइन तथा केनाइनका अन्य खोपहरू लगायत गरी कुल 85 करोड १८ लाख ३७ हजार डोज खोप आयात सिफारिस गरिएको छ । विश्व

पशुस्वास्थ्य सङ्गठन लगायतका अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनसँगको सहकार्यमा विभिन्न कार्यशाला अन्तरक्रिया सम्पन्न गरिएको थियो

**(ख) पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम**

आर्थिक तथा जनस्वास्थ्यका दृष्टिकोणले महत्वपूर्ण पशुपन्छीका रोग तथा समस्याहरूबाट पशुधनको संरक्षण गरी पशुपन्छीको उत्पादन तथा उत्पादकत्वको वृद्धि गर्न सहयोग पुगेको छ ।पशुपन्छीका रोग रोकथाम, नियन्त्रण तथा उन्मूलन गर्न पशु स्वास्थ्य आपतकालीन प्रतिकार्य कार्ययोजना तयारी तथा व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन भै रोग नियन्त्रण कार्यमा सहयोग पुगेको छ। पशुपन्छीका विभिन्न रोगहरूको निदान कार्य भै उपचार सेवा प्रवाह तथा रोग नियन्त्रण कार्य सञ्चालनमा सहयोग पुगेको छ ।

पशुपन्छीहरूका विभिन्न १३ प्रकारका ५ करोड ३८ लाख ७१ हजार ४ सय ५० डोज खोप उत्पादन गरी वितरण गरिएको छ। त्यसै गरि रेविज रोगको भ्याक्सिन बैंककोलागि २०,०००, विश्व रेविज दिवशको उपलक्ष्यमा ३२,१५० डोज र रेविज आउटब्रेकमा १०,७३० डोज रेविज विरुद्धको खोप कार्यक्रम सन्चालन भएको छ। दूध, फूल, मासु र उन लगायतका पशु तथा पशुजन्य पदार्थ उत्पादकत्वमा ठूलो असर गर्ने घातक रोग खोरेत नियन्त्रण गर्न हाल सम्म २६ लाख ८२ हजार पशुमा खोप कार्य सञ्चालन भै रोग नियन्त्रणमा टेवा पुगी खाद्य सुरक्षा सुनिश्चिततामा समेत सहयोग पुगेको छ। मासु लगायतका पशु तथा पशुजन्य पदार्थ उत्पादकत्वमा असर गर्ने घातक रोग स्वाइन फिभर नियन्त्रण गर्न ३६ जिल्लामा राष्ट्रिय स्वाइन फिभर रोग नियन्त्रण कार्यक्रम अन्तर्गत ८ लाख डोज निःशुल्क स्वाइन फिभरको खोप उपलब्ध गराई रोग नियन्त्रणमा टेवा पुगी खाद्य सुरक्षा सुनिश्चिततामा समेत सहयोग पुगेको छ। ७१ जिल्लामा राष्ट्रिय रानीखेत रोग नियन्त्रण कार्यक्रम सञ्चालन भई अण्डा, मासु जस्ता पदार्थहरूको उत्पादकत्वमा असर गर्ने घातक रानीखेत रोग नियन्त्रण गर्नको लागि ३८ लाख डोज खोप उत्पादन भएको तथा स्थानीय कुखुरामा खोप कार्य सञ्चालन भै रोग नियन्त्रणमा टेवा पुगी खाद्य सुरक्षा सुनिश्चिततामा समेत सहयोग पुगेको छ। २८ जिल्लामा राष्ट्रिय एच एस वि क्यु रोग नियन्त्रण कार्यक्रम अन्तर्गत गाई भैसी, पाडा पाडी बाच्छा बाच्छी लाई ७ लाख डोज निशुल्क एच एस वि क्यु खोप उपलब्ध गराईएको छ। पशु रोग नियन्त्रणको लागि प्रयोग हुने खोपको गुणस्तर परीक्षण गरी प्रभावकारी खोपको आपूर्तिको लागि नियमन स्वरुप २३ वटा खोपको नमूनाहरूको गुणस्तर परीक्षण गरिएको छ जसमध्ये १७ वटा मात्रै खोप गुणस्तरीय देखिएको छ। देशमा उत्पादित तथा आयात हुने विभिन्न २६७ गोटा पशु औषधीहरूको गुणस्तर परीक्षण गरिएकोमा सबै औषधिहरु गुणस्तरिय रहेको छ । जनस्वास्थ्यको दृष्टिकोणबाट महत्वपूर्ण भेटेरिनरी ड्रग रेसिड्यु टेस्टिङ कार्यक्रम अन्तर्गत ४६३ गोटा मासुको र ११५५ वटा दूधको नमूना सङ्कलन गरी परीक्षण गरिएकोमा ४ वटा मासुको नमूना र १ वटा दूधो नमूनामा मापदण्ड भन्दा बढि ड्रग रेसिड्यु पाइएको छ। त्यसै गरि पशुमा समेत COVID-19 विषाणुको संक्रमण हुने भएको हुँदा ३४६ वटा कुकुर तथा विरालोमा COVID-19 संक्रमणको लागि नमूना जाँच गरिएकोमा २९ वटा कुकुरमा COVID virus भेटिएको छ। पशु स्वास्थ्य तथा प्रयोगशाला कार्यक्रममा Food and Agriculture Organisation (FAO), Fleming Fund (FHI-360) र National Public Health Laboratory (NPHL)/World Health Organisation सँग सहकार्यमा काम गरिएको छ। FAO सँग कुकुर तथा विरालोमा COVID-19 र घोडा प्रजातीमा ग्लाण्डर्स रोगको संक्रमण, Fleming Fund सँग जिवाणुको Active AMR surveillance र NPHL सँग Extended-spectrum beta-lactamases (ESBL)- E. coli जिवाणु सम्बन्धी कार्यमा सहकार्य भएको छ।

**(ग) पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम**

गाई, भैँसी र बाख्रामा कृत्रिम गर्भधान गर्नको लागी आवश्यक पर्ने जमेको वीर्य राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा, लाहन र नेपालगंजबाट उत्पादन गरिएको छ । चालु आ.व. मा मुर्रा भैसीको २,५५,०५५, होलिस्टिन गाईको ३,३०,८२४, जर्सी गाईको ३,५९,९७९, गीर र साहिवाल गाईको ३४,७३४ र बोकाको १,५७,२० गरि जम्मा ९,६६,३१२ डोज जमेको विर्य उत्पादन भएको छ जसबाट ७० वटा जिल्लाका ५०१ वटा स्थानीय तहहरुमा ७,१८,५२३ वटा पशुमा कृत्रिम गर्भधान गरिएको छ। त्यसै गरी तीन वटा प्रजनन् केन्द्रहरुबाट यस वर्ष १,४४,०२५ लीटर तरलनाइट्रोजन उत्पादन भएको छ र २,५८,४८८ लीटर खरिद गरि जम्म ३,४५,६२८ लीटर तरल नाइट्रोजन वितरण भएको छ।

याक आनुबंशिक स्रोत केन्द्र, स्याङ्बोचेमा १८१ को सङ्ख्यामा याकनाक पालन भएको छ जसबाट यस आ.ब. मा ४५ वटा सङ्ख्यामा याक नाक उत्पादन भएको छ भने त्यस्तै १५ याक नाक वितरण भएको छ। गाई आनुवंशिक स्रोत केन्द्र, जिरीमा १३३ वटा गाई र १८ वटा वंगुर पालन भएको छ जसबाट यस आ.व. मा २८ वटा गाई तथा बच्छाबाच्छी र १०२ वटा वंगुरको पाठापाठी वितरण भएको छ। त्यसै गरि यस आ.व.मा १,३६,३४४ लीटर दूध उत्पादन भएको छ। भेडा आनुवंशिक स्रोत केन्द्र, पानसयखोलामा 228 बरुवाल, ४५ वटा पोलवर्थ क्रस र १ वटा रोमनीमार्स भेडाको व्यवस्थापन गरिएको छ। पाठापाठी उत्पादन सङ्ख्या १०१ वटा पुगेको छ, २२ वटा थुमा वितरण भएको भने २२४ के.जि. उन उत्पादन भएको छ। बाख्रा आनुवंशिक स्रोत केन्द्र, बुढितोला कैलालीमा जम्मा ३९३ वटा बाख्राको व्यवस्थापन गरिएको छ जसबाट यस आ.व.मा १३१ वटा खरी बाख्रा, २६ वटा बोयर बाख्रा र २४ वटा बोयर क्रस गरि १८१ वटा बाख्राको विक्रि गरिएको छ। त्यसै गरी घाँसेबाली आनुवंशिक स्रोत केन्द्र, रन्जितपुरमा २३,५६८ के.जि. विभिन्न प्रकारको कोशे तथा अकोशे घाँसको बीउ र ३५ लाख घाँसको बेर्ना उत्पादन भएको छ। राष्ट्रिय पशु प्रजनन् कार्यालयबाट चालु आ.व.मा ७२,१४६ वटा कुखुराको चल्ला, ४२७ वटा वंगुरको पाठापाठी, २० वटा प्रजननको पाडा, ५० वटा ७० वटा बोका र ७२ वटा भेडा/भेडी उत्पादन तथा वितरण भएको छ।

**(घ) पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन कार्यक्रम**

यस आ.व.मा दाना उद्योगहरुको लागि आवश्यक कच्चापदार्थ आयातको लागी ५४,०१८ मे.टन., फिड सप्लिमेन्ट उत्पादक उद्योगहरुको लागि आवश्यक कच्चापदार्थको आयातको लागि २,०४४ मे.टन, व्यवासायीहरुले कच्चा पदार्थ र सप्लिमेन्टको आयातको लागि ४९,४३४ मे.टन र गाईभैंसी र माछाको तयारी दाना आयातको लागि ४०,३१५ मे.टन सिफारिस गरिएको छ । त्यसै गरी तयारी दाना तथा दाना कच्चापदार्थको २,५१९ वटा नमूना सङ्कलन तथा परीक्षण गरिएको छ। त्यसै गरी High Performance Liquid Chromatography (HPLC) बाट दाना तथा फिड सप्लिमेण्टमा Amino Acids, Vitamins, Aflatoxin परीक्षणको लागि ४४१ वटा नमूना परीक्षण, दाना/दाना उपपदार्थ तथा दूधमा Urea को परीक्षण २७७ वटा नमूनामा र दूधको नमूना सङ्कलन तथा परीक्षण १८७ वटा गरिएको छ। उन्नत घाँस र प्रचलित स्थानीय घाँसको ३४७ वटा नमूना सङ्कलन तथा परीक्षण गरिएको थियो। राईजोबियम तथा घाँसेवाली वीउ विजन प्रयोगशाला, जनकपुरवाट ७ वटा प्रदेशका व्यवसायिक घाँसेवाली बीउ उत्पादक कृषकहरूबाट सङ्कलन गरी २१८ बीउ नमूना परीक्षण गरिएको छ । त्यस्तै ४५० केजी ईनोकूलम (बर्षिम, जै, स्टाईलो र मसुरो) १०० के.जी भेच, १५ के.जी बर्सिम, १०० के.जी जै घाँसको बीउ उत्पादन गरिएको छ।

**(ङ) मत्स्य विकास कार्यक्रम**

मत्स्य विकास कार्यक्रमको उद्देश्य प्राकृतिक तथा कृत्रिम जलस्रोत क्षेत्रको समुचित व्यवस्थापन गरी माछा लगायत जलचरहरूको उत्पादन र उत्पादकत्वलाई बढाई ब्यवसायीकरणको माध्यमबाट खाद्य तथा पोषण सुरक्षामा योगदान पुऱ्याउन सो सम्बन्धी नीतिगत तथा संरचनागत व्यवस्था, समन्वय, स्रोत साधन र सूचना एवम् तथ्याङ्क व्यवस्थापनका लागि कार्यान्वयन गर्ने रहेको छ ।

मत्स्य पालनमा संलग्न कृषकहरूलाई विभिन्न प्रकारका मत्स्यवीजहरू (ह्याचलिङ्ग,फ्राई तथा फिंगरलिंग) उत्पादन गरी वितरण गर्ने, तालिमहरू सञ्चालन गरी प्राविधिक सेवा प्रदान गर्ने , समय समयमा अनुगमन गर्नुका साथै निजि स्तरका नर्सरी तथा ह्याचरी कर्ताहरूलाई समेत तालिम तथा प्राविधिक सेवा टेवा पुर्याइदै आएको छ|

मत्स्य विकास कार्यक्रम अन्तर्गत यस आ.व.मा ह्याच्लिङ्ग ११ करोड ६२ लाख, फ्राई ५३ लाख ६ हजार, फिङ्गरलिङ्ग ३४ लाख ८१ हजार, एडभान्स फिङ्गगरलिङ्ग ४ लाख ५० हजार, सौन्दर्य माछा ६८ हजार, शुद्ध नश्लको मत्स्य विज (ह्याच्लिङ्ग) २ करोड ६४ लाख, शुद्ध नश्लको मत्स्य विज (फिङ्गरलिङ्ग) १४ लाख ६४ हजार र  शुद्ध नश्लको एडभान्स फिङ्गगरलिङ्ग ३ लाख ८८ हजार उत्पादन तथा बितरण गरिएको छ ।

# परिच्छेद - ५

## ५.१ नीति तथा कार्यक्रमम र बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरुको प्रगति विवरण

### तालिका ८: नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरूको प्रगतिको विवतरण

| बजेट वक्तव्यसँग सम्बन्धित बुँदा नं. | मुख्य मुख्य क्रियाकलाप | बजेट उपशीर्षक नं | बजेट (रु लाखमा) | इकाई | बेसलाइन | माइलस्टोन | वार्षिक लक्ष | वार्षिक प्रगति | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 39 | 1 : तरल नाइट्रोजन खरीद तथा वितरण गर्ने | 31202103 | 299.54 | लीटरमा | तरल नाईट्रोजन वितरण 215 लि. (हजारमा) | तरल नाईट्रोजन वितरण 355 लि. (हजारमा) | 355.00 | 281.59 | राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा, लहान तथा नेपालगंज | पशु सेवा विभाग | |
| 40 | २: जमेको विर्य उत्पादन तथा वितरण गर्ने | 31202103 | 203.5 | डोज | 750 डोज उत्पादन तथा वितरण (हजारमा) | 1050 डोज उत्पादन तथा वितरण (हजारमा) | 1050 | 986.62 | | | |
| 40 | ३ : कृत्रिम गर्भाधान (तिनवटै राष्ट्रिय पशु प्रजनन कार्यालयको लक्ष्य राखिएको) | 31202103 | हाम्रो लक्ष्यमा नभएकोले वजेट विनियोजन नभएको | संख्या | 700 कृ.ग. (हजारमा) (६७ जिल्लामा) | 750 कृ.ग. (हजारमा) (६७ जिल्लामा) | 750 | 711.419 | | | |
| 39 | ४. मत्स्य विज उत्पादन कार्यक्रम | 31202101 | 112 | संख्या | व्यवसायिक खेतीका लागि माछा भुरा (फ्राइ) उत्पादन तथा वितरण 329.4 (लाखमा) | व्यवसायिक खेतीका लागि माछा भुरा (फ्राइ) उत्पादन तथा वितरण 346.4 (लाखमा) | 346.4 | 397.2 | केन्द्रीय मत्स्य प्रवर्दन तथा संरक्षण केन्द्र, मत्स्य मानव संशोधन विकास तथा प्रविधि परीक्षण केन्द्र, प्राकृतिक जलाशय मत्स्य प्रवर्दन एवं संरक्षण केन्द्र, मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्दन स्रोत केन्द्र | पशु सेवा विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | |
| 39 | | 31202101 | 26 | संख्या | शुद्ध नश्लका माछा भुरा (फ्राइ) उत्पादन तथा वितरण 77.7 (लाखमा) | शुद्ध नश्लका माछा भुरा (फ्राइ) उत्पादन तथा वितरण 79.4 (लाखमा) | 79.4 | 134.70 | | | |
| 39 | | 31202101 | 1.25 | संख्या | सौन्दर्य माछा उत्पादन तथा बितरण लक्ष्य 50 (हजारमा) | सौन्दर्य माछा उत्पादन तथा बितरण लक्ष्य 50 (हजारमा) | ५० | ६३ | | | |

| बजेट वक्तव्यसँग सम्बन्धित बुँदा नं. | मुख्य मुख्य क्रियाकलाप | बजेट उपशीर्षक नं | बजेट (रु लाखमा) | इकाई | बेसलाइन | माइलस्टोन | वार्षिक लक्ष | वार्षिक प्रगति | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 39 | ५. पशुपन्छी तथा पशु उत्पादन सामग्रीको स्रोत बीउ उत्पादन | 31202103 | 334.9 | संख्या | उन्नत पशुपन्छीहरु (भेडा, मुर्रा तथा जर्सीको पाडा पाडी, वाच्छा वाच्छी र वंगुर) पाठापाठी उत्पादन तथा बितरण- 1245(संख्या) | उन्नत पशुपन्छीहरु (भेडा, मुर्रा तथा जर्सीको पाडा पाडी, वाच्छा वाच्छी र वंगुर) पाठापाठी उत्पादन तथा बितरण- 1250(संख्या) | १२५० | १११४ | पशुपन्छी आनुवांशिक स्रोतकेन्द्र तथा फार्म राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा | राष्ट्रिय पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यालय | |
| 39 | | 31202103 | १ करोड २३ लाख (३००० प्यारेन्ट ३००० रिप्लेसमेन्ट, ९०००० चल्ला उत्पादन ८५००० वितरण) | संख्या | ड्यूअल प्रपोज कुखुराको चल्ला उत्पादन तथा वितरण 74 (हजारमा) | प्रजननका लागि डुअल परपोज प्यारेन्ट चल्ला वितरण गर्ने (हजारमा) | ८५.० | ७४.४ | राष्ट्रिय पशु प्रजनन् कार्यालय पोखरा | पशु सेवा विभाग | |
| 39 | 6. डाले घाँस तथा घाँसेबालीको स्रोत बीउ/बेर्ना उत्पादन | 31202103 | 13.49 | संख्या | वहुवर्षीय तथा बर्षे (डाले घास/भुई घास ) घाँसको , सेट, वेर्ना , गानु आदी उत्पादन तथा बितरण -सङ्ख्या ७70 (हजारमा) | वहुवर्षीय तथा बर्षे (डाले घास/भुई घास ) घाँसको , सेट, वेर्ना , गानु आदी उत्पादन तथा बितरण -सङ्ख्या 800 (हजारमा) | ८०० | ८२५ | घासेवाली आनुवांशिक स्रोत केन्द्र रंजितपुर सर्लाही | राष्ट्रिय पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यालय | |
| 39 | | 31202103 | 19.2 | के.जी. | वहुवर्षीय तथा बर्षे (डाले घास/भुई घास ) घाँसको बीउ मुल विउ उत्पादन तथा बितरण-- ३५९.2 क्वीन्टल | वहुवर्षीय तथा बर्षे (डाले घास/भुई घास ) घाँसको बीउ मुल विउ उत्पादन तथा बितरण-- ३60 क्वीन्टल | ३६०.० | ३५०.४ | घासेवाली आनुवांशिक स्रोत केन्द्र रंजितपुर सर्लाही/राईजोबियम तथा घाँसेवाली बीउ विजन प्रयोगशाला | राष्ट्रिय पशुपन्छी स्रोत ब्यवस्थापन तथा प्रवर्द्धन कार्यालय/पशु सेवा विभाग | |

| बजेट वक्तव्यसँग सम्बन्धित बुँदा नं. | मुख्य मुख्य क्रियाकलाप | बजेट उपशीर्षक नं | बजेट (रु लाखमा) | इकाई | बेसलाइन | माइलस्टोन | वार्षिक लक्ष | वार्षिक प्रगति | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 39 | 7. खोप उत्पादन तथा व्यवस्थापन (५००.६० डोज लाखमा) | 31202102 | 746.74 | डोज | पि.पि.आर./ एच.एस./ वि.क्यु. लगायत पशुपन्छीको संक्रामक रोग विरुद्धको खोप उत्पादन (डोज लाखमा) | पि.पि.आर./ एच.एस./ वि.क्यु. लगायत पशुपन्छीको संक्रामक रोग विरुद्धको खोप उत्पादन (डोज लाखमा) | 542.8 | 538.71 | राष्ट्रिय खोप उत्पादन प्रयोगशाला | पशु सेवा विभाग | |
| 39 | ८. पशु आहारा (तयारी दाना, दानाको कच्चा पदार्थ,विभिन्न प्रजातिका घाँस), फिड सप्लिमेन्ट्स तथा दूधको नमूना सङ्कलन तथा परीक्षण (संख्या: 4600) | 31202104 | 42 | संख्या | नमूना सङ्कलन र परीक्षण गर्ने (संख्या ४६००) | नमूना सङ्कलन र परीक्षण गर्ने (संख्या ४६००) | ४६०० | २८५१ | राष्ट्रिय पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला | पशु सेवा विभाग | |
| 39 | 9. राष्ट्रिय रोग नियन्त्रणको लागि सिरोमनिटरिङ्ग कार्यक्रम | 31202102 | 44.63 | संख्या | 0 | सिरोमनिटरिङ्ग कार्यको लागि नमूना सङ्कलन परीक्षण तथा नतिजा अभिलेखीकरण (हजारमा) | १४.० | ११.६ | केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला तथा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरु | पशुसेवा विभाग पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा | कूल जम्मा १४ हजार |
| 39 | 10. पशुपन्छी रोग अन्वेषण कार्यक्रम | 31202102 | 162.09 | संख्या | 0 | नमूना सङ्कलन तथा परीक्षण (हजारमा) | ३५.३ | ५८.१ | केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला तथा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरु | पशुसेवा विभाग पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा | कूल जम्मा ३५ हजार ३ सय |

| बजेट वक्तव्यसँग सम्बन्धित बुँदा नं. | मुख्य मुख्य क्रियाकलाप | बजेट उपशीर्षक नं | बजेट (रु लाखमा) | इकाई | बेसलाइन | माइलस्टोन | वार्षिक लक्ष | वार्षिक प्रगति | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 39 | 11. भेटेरिनरी ड्रग रेसिड्यु टेस्टिंग | 31202102 | 4.64 | संख्या | 0 | नमूना सङ्कलन तथा परीक्षण तथा नतिजा अभिलेखीकरण (सयमा) | ८.० | १०.० | केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला | | कूल जम्मा ८ सय |
| 39 | क्रियाकलाप 3 माथिको क्रियाकलापमा समेटीएको ७५०००० डोज अन्तर्गत पर्ने (इकाइ डोजमा) | 31202103 | | | | पोखरा र नेपालगंजमा रहेको सिमेन उत्पादन केन्द्रमा थप प्रविधि जडान गरी उन्नत नश्लका साँढे र राँगा ल्याई सिमेन उत्पादन गरिनेछ। आगामी वर्ष २ लाख गाई र २ लाख भैंसीको उन्नत नश्लको सिमेनबाट कृत्रिम गर्भाधान सेवा उपलव्ध गराइनेछ। | 0 | 355710.0 | राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा, लहान तथा नेपालगंज | पशु सेवा विभाग | |
| 42 | पशुपन्छी बीमाको लागि अन्य संस्थालाइ चालु अनुदान (किसान दुर्घटना बीमा समेत) | 31202011 | 6000 | रु | 4800 | 6000 | 0 | 160000 | पशु सेवा विभाग | | 12 करोड भुक्तानिलाई गए पनि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट नभएको। |

## परिच्छेद - ६

### ६.१ पशु सेवाक्षेत्रका मुख्य मुख्य समस्याहरू

**(क) पशु कल्याण तथा छाडा चौपाया व्यवस्थापनका समस्या**

नेपालको पशु तथा पशुजन्य पदार्थ निर्यातका लागि नेपाल भित्र पशु कल्याण मैत्री पशुपालन हुनु पर्ने विश्व पशु स्वास्थ्य सङ्गठन एवम अन्तर्राष्ट्रिय मापदण्ड रहेको छ। गढीमाई मेला लगायतका विषय उठाई नेपालमा पशु कल्याणको अवस्था दयनीय रहेको भनि पटक पटक अन्तर्राष्ट्रियस्तरमा नै आलोचना हुने गरेको छ ।नेपाल सरकारले पशु कल्याण निर्देशिका, २०७३, पशु ढुवानी मापदण्ड, २०६४ जारी गरेको तर प्रभावकारी कार्यान्वयन हुन सकेको छैन्। सम्मानित सर्वोच्च अदालतले अधिवक्ता अर्जुन कुमार अर्याल विरुद्ध नेपाल सरकारको मुद्दामा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिमको समिति तत्काल गठन गर्ने लगायत अन्य जो चाहिने थप संयन्त्र खडा गरी कार्य सञ्चालन गर्नु गराउनु भनी परमादेशको आदेश जारी समेत गरिएको छ।

**(ख) पशु पहिचान तथा ट्रेसिवेलिटिको कार्यान्वयन**

वैज्ञानिक पशु पालन, पशु रोग नियन्त्रण, स्वच्छ पशुजन्य पदार्थ उत्पादन, छाडा चौपाय नियन्त्रण, पशु पशुजन्य पदार्थको निर्यात व्यवस्थित गर्न International Committee on Animal Recording (ICAR) र विश्व पशु स्वास्थ्य सङ्गठन को मापदण्ड अनुसारपशु पहिचानलाई व्यवस्थित गर्नजरुरी छ। सम्मानीत सर्वोच्च अदालतले समेत मिति २०७६, वैशाख ८ गते सरकारको नाममा प्रदेश र स्थानीय तहहरू समेतको सहकार्य सहयोग र समन्वयमा छाडा पशुको साथै किसानले पालि रहेका पशुपन्छीको तथ्याङ्क सङ्कलन गर्ने, पालिएका सबै पशुहरू पहिचान हुन सक्ने गरी ट्यागिङ गर्ने र कम्प्युटर प्रविधिको प्रयोग गर्नु भनी आदेश भएको गरेको र सङ्घीयताको स्वरुप सहयोगी सङ्घीयता भै स्रोत साधनको मुहान पनि सङघ नै हुँदा पशु कल्याण एवम् पशु पहिचानको विषयमा समेत सङ्घीय सरकार र त्यसका निकायहरूले उत्प्रेरक सहजकर्ता एवम सहकार्य गर्ने अगुवाको भूमिका खेल्नुपर्ने भनी व्याख्या गरेको छ ।

**(ग) भेटेरिनरी औषधी नियमन गर्न औषधी ऐन, २०३५ संशोधन**

औषधी ऐन, २०३५ले पशुपन्छी तथा मत्स्य स्वास्थ्यसँग सम्बन्धित औषधीहरूको समेत नियमन गर्ने निकाय औषधी व्यवस्था विभागलाई तोकेकोमा उक्त व्यवस्था अव्यवहारिक देखिएकोले पशुपन्छी तथा मत्स्यसँग सम्बन्धित औषधीहरूको नियमन गर्ने निकाय पशु सेवा विभाग हुनका लागि आवश्यक व्यवस्था हुन सकेको छैन्।

**(घ) उपभोक्ताका लागि गुणस्तरीय एवम स्वच्छ मासु उपलब्धता**

खाद्य पदार्थको राष्ट्रिय मापदण्ड तर्जुमा, अनुगमन, निरिक्षणको जिम्मेवारी सङ्घीय सरकारको रहेको छ। खाद्य पदार्थ मध्ये मासु भिन्न प्रकृतिको भएकाले यसका लागि एउटा छुट्टै ऐन भएको तर त्यसको कार्यान्वयनका लागि कुनै संरचनात्मक व्यवस्था छैन्। पशु वधशाला र मासु जाँच ऐन, २०५५ मा जारी भएको तर हाल २६ वर्ष बित्दा समेत कार्यान्वयन हुन सकेको छैन्। मासु बाहेक अन्य खाद्य पदार्थको अनुगमन नियमनका लागि छुट्टै विभाग खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग भएको तर मासुको गुणस्तर तथा वधशालाको अनुगमनका लागि संस्थागत व्यवस्था छैन्। सम्मानित सर्वोच्च अदालतबाट मिति२०६२ साल, जेष्ठ २३ गते पशु वधशाला र मासु जाँच ऐन, २०५५ को कार्यान्वयनका लागि

निर्देशनात्मक आदेश जारी भएको तत् पश्चात पटकपटक फैसला कार्यान्वयन निर्देशनालयबाट कार्यान्वयनका विषयमा ताकेता समेत भैसकेको छ।

**(ङ) अन्तरप्रदेश तथा अन्तरनिकाय समन्वय सहकार्य**

तीनै तहको सरकार बीच पशुपन्छी तथ्याङ्क, कृत्रिम गर्भाधान तथा रोगको रिपोर्टिङ प्रणालीको समन्वयात्मक संयन्त्र नहुँदा यथार्थपरक अवस्थाको विश्लेषण तथा प्रतिवेदन गर्न समस्या भएको साथै राष्ट्रिय तथ्याङ्क व्यवस्थापन एवम् अन्तर्राष्ट्रिय रिपोर्टिङमा समस्या परेको हुँदा सङ्घ, प्रदेश र स्थानीय बीच समन्वय एवम सहकार्य कानूनबाट नै स्थापित हुन आवश्यक पहल गरिनु पर्ने विषय चुनौतिपूर्ण रहेको छ।

**(च) भेटेरिनरी आवश्यक सेवा सञ्चालन**

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिम भेटेरिनरी सेवालाई आवश्यक सेवामा समावेश भए पनि सो अनुसार संरचना र जनशक्तिको व्यवस्था हुन सकेको छैन्। पशु चिकित्सकीय सेवा, भेटेरिनरी प्रयोगशाला सेवाहरूलाई २४ सै घण्टा सेवा दिनु पर्नेमा सो अनुसार स्रोत साधन विनियोजन हुन नसकेको कारणबाट प्रभावकारी कार्य हुन सकिरहेको छैन्। पशु क्वारेन्टाईन, भेटेरीनरी अस्पताल, प्रयोगशाला तथा फार्महरूमा कर्मचारीहरू चौबिसै घण्टा सेवामा खटिनु पर्ने हुँदा नेपाल सरकारकै अन्य निकायहरू भन्सार, अस्पताल, बीमानस्थलमा जस्तै आलोपालो कर्मचारी व्यवस्थापन गरी उक्त निकायहरू सरह समान सेवा सुविधा प्रदान गरिनु पर्ने सवाल उत्तिकै महत्वपूर्ण रहेको छ।

**(छ) विविध समस्याहरू**

पशु क्वारेन्टाइन कार्यालय, सीमा तथा आन्तरिक क्वारेन्टाइन चेकपोष्टमा होल्डिङ्ग यार्ड, विश्राम स्थल, लगायतका भौतिक पूर्वाधार तथा सुविधाको कमी रहेको छ। पशु ढुवानीलाई व्यवस्थित बनाउने प्रयास गरिए पनि पर्याप्त हुन सकेको छैन्। मरेका पशुपन्छीको शव व्यवस्थापनको लागि उपयुक्त स्थानको अभाव हुँदा प्रभावकारी व्यवस्थापन गर्न कठिन भएको छ। भेटेरिनरी प्रयोगशालाहरूको भौतिक पूर्वाधार एवम् डायगोनोष्टिक क्षमता सुदृढीकरण गर्नु आवश्यक छ भने पशु आनुवंशिक स्रोत केन्द्रहरूको आधारभूत भौतिक पूर्वाधारको सुदृढीकरण उत्तिकै जरुरी रहेको छ। अन्तर निकाय समन्वय, सहकार्यको समेत प्रभवकारी कायान्वयन गर्न सकिएको छैन् ।

## परिच्छेद - ७

### ७.१ पशुपन्छीजन्य पदार्थको उत्पादनको अवस्था

**तालिका ९ : विगत १० वर्षको पशुजन्य उत्पादन विवरण**

| क्र. सं | विवरण | २०७० ।७१ | २०७१ ।७२ | २०७२ ।७३ | २०७३ ।७४ | २०७४ ।७५ | २०७५ ।७६ | २०७६ ।७७ | २०७७/७८ | २०७८/७८ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दूध हजार मे ट.) | १७०० | १७५५ | १८५४ | १९११ | २०९२ | २१६८ | २३०१ | २४७९ | २५६६ | २६१३ |
| २ | मासु (हजार मे ट.) | २९८ | ३०३ | ३२२ | ३३२ | ३४६ | ३५७ | ५५२ | ५२० | ५१२ | ४३० |
| ३ | अण्डा करोड गोटा | ८८ | ८७ | १३० | १३५ | १५१ | ११५४ | १६२ | १४९ | १३३ | १६० |

**तालिका १०: विगत ९ वर्षको कृत्रिम गर्भाधान, पशुपन्छी खोप उत्पादन तथा सेवा विवरण**

| क्र.सं | विवरण | २०७१ ।७२ | २०७२ ।७३ | २०७३ ।७४ | २०७४ ।७५ | २०७५ ।७६ | २०७६ ।७७ | २०७७/७८ | २०७८/७८ | २०७९/८० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृत्रिम गर्भाधान (हजार डोज) | ४८७.९ | ४९३.१ | ५७४.६ | ५७१.७ | ६२२.९१ | ५७७.७२ | ७०१.४३ | ७१८.६५ | ७१८.४८ |
| २ | पशुपन्छी खोप उत्पादन (हजार डोज) | २२१००.६९ | २५६०६.१० | २७३९४.१५ | ३५९००.८५ | ३९३९७.२० | ४१५७५.०५ | ४४६०८.१२ | ५०१९५.३० | ५३८७१.४५ |

### ७.२ पशुपन्छी तथा मत्स्य बीमा

बीमा ऐन, २०४९ र बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ ले औपचारिक रुपमा कृषि बीमा शुरु भएको हो। आर्थिक वर्ष २०७०।७१ देखि बाली तथा पशुधन बीमा प्रिमियम शुल्कमा ५० प्रतिशत अनुदान प्रवाह गर्ने व्यवस्थालाई आर्थिक वर्ष ०७१ ।७२ मा ७५ प्रतिशतमा वृद्धि गर्दै आर्थिक वर्ष ०७९।८० मा ८० प्रतिशत पुर्याइको छ। बीमा प्रिमियममा दिइँदै आएको ८० प्रतिशत अनुदान वापत चालुआर्थिक वर्षको फागुनसम्ममा बाली बीमातर्फ १२ करोड र पशुधन बीमातर्फ ४८ करोड गरी कुल ६० करोड रकम भुक्तानी भएको छ। गत आर्थिक वर्षमा यस्तो अनुदान रकम ९५ करोड ३ लाख रहेको थियो। चालु आर्थिक वर्षको अन्त्य सम्ममा कृषि बीमा प्रिमियममा दिइने अनुदानवापत थप २ अर्ब रकम आवश्यक हुने अनुमान छ। नेपाल सरकारको नीति तथा कार्यक्रमले हाल कृषकलाई पशुपन्छी तथा मत्स्यको बीमा प्रिमियममा ८० प्रतिशत नेपाल सरकारले अनुदान वापत उपलब्ध गराउँदै आएको छ। पशुपन्छी तथा मत्स्य बीमा प्रिमियममा दिइँदै आएको ७५ प्रतिशतअनुदान वापत आ.व. २०७७/७८ मा रु २० करोड रकम भुक्तान गरिएको छ। बीमाङ् रकम र बीमा शुल्कमा वर्षेनि हुँदै गरेको वृद्धिसँगै अनुदान रकममा समेत सोही अनुरुपमा वृद्धि भएको देखिन्छ। २०८० असारसम्म बाली तथा पशुधन बीमा अन्तर्गत कुल रु. ५१ अर्ब १० करोड ४० लाख बीमाङ् कायम भएको छ। आर्थिक वर्ष २०७९ ।८० मा कृषि बीमा अन्तर्गत रु. २ अर्ब ३१ करोड बराबर बीमा प्रिमियम (बीमाशुल्क) सङ्कलन भएको छ। सोही अवधिमा बीमा शुल्क वापतको ८० प्रतिशत अनुदान अन्तर्गत बाली र पशुधन तथा मत्स्य बीमातर्फ गरीकुल रु.१ अर्ब ८४ करोड अनुदान उपलब्ध गराइएको थियो। पछिल्लो समयमा नेपाल सरकारको बीमा प्रिमियममा ८० प्रतिशत अनुदान नीतिले पशुपन्छी तथा मत्स्य क्षेत्रमा व्यवसायीकरण आधुनिकीकरण औद्योगिकीकरण यान्त्रीकरण प्रवर्द्धन भएकोछ।

**तालिका ११: विगत पाँच वर्षको बाली तथा पशुधन बीमाको अवस्था**

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | 2075 /76 | 2076 /77 | 2077 /78 | 2078 /79 | 2079 /80 |
| बीमाङ् रु करोडमा | 2209.49 | 2638.02 | 4330.30 | 5003.55 | 5110.40 |
| वृद्धि प्रतिशत | 67.1 | 19.4 | 64.1 | 15.5 | 2.13 |
| बीमा शुल्क रु.करोडमा | 100.48 | 118.7 | 193.99 | 219.19 | 231.38 |
| वृद्धि प्रतिशत | 74.9 | 17.6 | 64.2 | 13.0 | 5.56 |
| अनुदान रु. करोडमा | 75.36 | 88.63 | 145.49 | 165.07 | 184.86 |
| वृद्धि प्रतिशत | 74.93 | 17.76 | 64.15 | 13.45 | 11.98 |

स्रोतः नेपाल बीमा प्राधिकरण २०८०

### ७.३ नेपालमा लम्पी स्किन रोगको प्रकोपको अवस्था

लम्पी स्किन रोग पक्सभाइरिडि (Poxviridae) जात अन्तरगतको क्याप्रीपक्स भाइरसका कारण गाईभैंसीहरूमा अत्याधिक सङ्क्रमण गराउने सीमाविहिन रोग हो।यस रोगमा मृत्युदर कम भएपनि यस रोगले दूध र मासु उत्पादनमा ह्रास ल्याउने, गर्भ तुहाउने, बाझोपना सिर्जना गर्ने, छालाको गुणस्तर घटाउने आदि कारणले गर्दा आर्थिक रुपले यो रोग महत्वपुर्ण मानिएको छ। यो रोग सङ्क्रमित पशुसँगको प्रत्यक्ष र अप्रत्यक्ष सम्पर्कबाट, प्रजनन योग्य सांढेको सिमेनवाट साथै लमखुट्टे, झिङ्गा, किर्ना, भुसुनाको टोकाईबाट पनि सर्ने गर्दछ।यो रोग लागेका पशुहरूमा १०५.८ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, छालामा १ देखि ५ से.मी. सम्म वा अझै ठूलो गांठोहरू देखा पर्ने, सुपरफिसियल लिम्फनोडहरू सुन्निने, मुख, नाकको फोरा वरिपरि, पुच्छर, अण्डकोष, फाँचो वरिपरि समेत दुख्ने खालका गाँठोहरू देखिने, लङ्गडोपना, थुनेलो हुने, बाली नजाने, गर्भ तुहिने जस्ता लक्षणहरू देखिन्छन्। यो रोग मुख्यगरी सब साहारन अफ्रिका मध्य पूर्व र टर्कीमा महामरीकै रुपमा देखिने गरेको र एशियामा सन् १९८९ मा इजरायलमा यो रोग देखिएको थियो।यो रोग पछिल्लो समयमा सन् २०१९ पछि दक्षिण र पूर्वी एशियाका देश जस्तै बंग्लादेश, भारत, चीन, चीन ताइपेइ र भियतनाममा देखा परी सकेको अवस्था छ।

नेपालमा वि.सं. २०७७ साल असार१० मा मोरङको सुन्दरहरैचा नगरपालिका वडा नं. ११ का गाईहरूमा लम्पी स्किन रोगका लक्षणहरू पहिलो पटक देखा परेको थियो। लक्षण देखा परे पश्चात् उक्त गाईहरूबाट नमूना सङ्कलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मलिकुलर (PCR) विधिबाट परीक्षण गर्दा मिति २०७७ श्रावण १२ गते लम्पी स्किन रोग पुष्टी भएको प्रयोगशाला प्रतिवेदन प्राप्त भएको थियो।यस लगत्तै असार महिनामा नै चितवनको राप्ती नगरपालिका, रत्ननगर नगरपालिका र खैरहनी नगरपालिका र मकवानपुरको हेटौंडा नगरपालिमा यो रोग देखिइ धैरै जिल्लाहरूमा फैलिएको थियो। आ.व. २०७७/७८ मा कुल ८ वटा जिल्लाको ११ वटा पालिकाहरूमा लम्पी स्किन रोगको सङ्क्रमण

देखा परेको प्रयोगशाला प्रमाणित रिपोर्ट प्राप्त भएको थियो भने आ.व. २०७८/७९ मा ९ वटा जिल्लाको १९ वटा पालिकाहरूमा सङ्क्रमण देखा परेको प्रयोगशाला प्रमाणित रिपोर्ट प्राप्त भएको थियो। यसरी आ.व. २०७७/७८ र २०७८/७९ दुबै वर्षमा कुल १६ वटा जिल्लाका २९ वटा पालिकाहरूमा उक्त रोगको सङ्क्रमण देखा परेको थियो। आ.व. २०७७/७८ मा रोगका सङ्क्रमण देखा परेका जिल्लाहरूमा कुल १४५८ गाई र ५ वटा भैंसीमा लम्पी स्किन रोगबाट सङ्क्रमित भई १३ वटा गाईको मृत्यु भएको रिपोर्ट प्राप्त भएको थियो भने आ.व. २०७८/७९ मा कुल १८३१ गाई र ७ वटा भैंसीमा सङ्क्रमण देखिएता पनि कुनै पनि मृत्यु नभएको रिपोर्ट प्राप्त भएको थियो। यसरी लम्पी स्किन रोगबाट कुल ३२८९ गाई र १२ वटा भैंसीमा सङ्क्रमण भएको रिपोर्ट प्राप्त भएको थियो । यस बर्ष यो रोगको सङ्क्रमण ७७ वटै जिल्लामा पुष्टी भई हाल मनाङ र मुस्ताङ जिल्लामा रोग पूर्ण रुपमा नियन्त्रणमा आइसके पनि कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा बढी प्रभावित पहाडी जिल्लाहरुमा हाल रोग नियन्त्रण उन्मुख रहेको जानकारी सम्बन्धित प्रदेशको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयबाट प्राप्त भएको छ। हाल यी क्षेत्रमा नयाँ सङ्क्रमित पनि फाट्टफुट्ट मात्र फेला परेका र रोग देखिएका पशुहरु उपचारबाट निको भएको जानकारी प्राप्त भएको छ। यस बर्षको विगत पाँच महिनाको अवधिको लम्पी स्किन रोगबाट सङ्क्रमित पशु सङ्ख्या ११ लाख ४९१ गोटा, उपचार पश्चात निको भएको पशु सङ्ख्या ८ लाख ६७ हजार ८१० र सक्रिय सङ्क्रमित पशु सङ्ख्या १ लाख ८३ हजार ८०१ रहेको विवरण प्राप्त भएको छ। प्रदेशहरुबाट प्राप्त तथ्याङ्कका आधारमा रोगको कारण मरेको पशु सङ्ख्या ४८ हजार ८८० र खोप लगाई सकिएको पशु सङ्ख्या ३लाख ५० हजार ९२६ रहेको छ।

कोशी प्रदेशका २५ वटा पालिकामा कार्यरत पशु चिकित्सकहरुसँग एक हप्ता अघि भएको छलफलमा सो प्रदेशका पहाडी जिल्लाहरुमा हाल रोग नियन्त्रणमा रहेको जानकारी पाइएको तर तराईका जिल्लाहरु (झापा, मोरङ र सुनसरी) मा फाट्टफुट्ट देखा परिरहेको छ।कोशी प्रदेशले खोप खरिदको लागि रु. ५० लाख, आकस्मिक रोग नियन्त्रणको लागि हरेक जिल्लामा २ देखि ३ लाख र मन्त्रालयमा ६० लाख बजेट विनियोजन गरेको छ। कोशी प्रदेशमा रोग नियन्त्रणका लागि अभियानका रुपमा खोप कार्य सञ्चालनमा रहेको जानकारी प्रदेशबाट प्राप्त भएको छ। मधेश प्रदेशमा रोगको सङक्रमण वृद्धि हुने क्रममा रहेको देखिन्छ।मधेश प्रदेशले ६४ हजार खोप खरिद गरी सकेको, प्राविधिकहरुलाई खोप लगाउने तालिम दिइसकिएको छ र आगामी बर्ष गते देखि सप्ताहव्यापी रुपमा खोप कार्य सञ्चालन गर्ने कार्य योजना रहेको जानकारी प्राप्त भएको। मधेश प्रदेशले खोप खरिदको लागि रु. ५० लाख, आकस्मिक रोग नियन्त्रणको लागि हरेक जिल्लामा ५ लाख बजेट विनियोजन गरेको छ । मधेश प्रदेशका केही स्थानीय तहहरुले खोप खरिद गरी प्रयोग गरी रहेकोछ । गण्डकी प्रदेशले खोप खरिदको लागि रु. १ करोड बजेट विनियोजन गरेकोछ र अघिल्लो आ.व.मा खरिद गरिएको खोप कार्य सञ्चालनमा रहेको जानकारी प्राप्त भएको छ। बागमती प्रदेशले खोप खरिदको लागि रु. ६५ लाख, आकस्मिक रोग नियन्त्रणको लागि हरेक जिल्लामा ५ देखि ९ लाख बजेट विनियोजन गरेको र सोही अनुसार श्रावणको २५ देखि ३१ गते सम्म सप्ताह व्यापि रुपमा खोप कार्य गर्न भ्याक्सिनेटर नियुक्तिको सूचना जारी गरेको छ । लुम्बिनी प्रदेशमा पनि खोप कार्य चालु रहेको र खोप खरिद कार्यको लागि थप २ करोड ८३ लाख बजेट व्यवस्थाको प्रक्रिया अघि बढेको जानकारी प्रदेशबाट प्राप्त भएको छ। सुदुरपश्चिमका पहाडी जिल्लाहरुमा रोग नियन्त्रणको क्रममा रहेको तर तराईका जिल्लामाहरुमा क्रमश रोग देखिन शुरु भएको। हाल रोगी पशुहरुमा मृत्युदर कम हुदै गएको जानकारी प्राप्त भएको छ। हालसम्म विभागको सिफारिसमा निजी क्षेत्रबाट आयात भएको खोप सङ्ख्या १० लाख ३७ हजार डोज रहेको छ।

पशु सेवा विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना गरी परिचालन गरिएको, सहसचिवको नेतृत्वमा प्रदेश र स्थानीय तहका सरोकारवालाहरुसँग समन्वय गर्न सातै प्रदेशमा टोली परिचालन गरिएको र यसरी खटिएको टोलीले प्रभावित क्षेत्रमा स्थलगत अनुगमन, प्रदेश तथा स्थानीय तहसँग समन्वय सहित उपचार, प्राविधिक सल्लाह दिइरहेको छ । रोगको प्रकोप रिपोर्टिङ भएका स्थानमा प्रदेशसँग समन्वयमा पशु चिकित्सक सहितको टोली परिचालन गर्ने गरिएको छ।रोगको रोकथाम तथा नियन्त्रणको लागि आवश्यक औषधिहरु तथा खोप आपूर्तिका लागि संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक कार्य भइरहेको छ। प्रदेश र स्थानीय तहमा लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक समन्वय गर्न सम्पर्क व्यक्ति (Focal person) तोकिएको छ।सङ्क्रमित पशुको उपचार विधि (Treatment guidelines) र लम्पी स्किन रोगबारे बारम्बार सोधिने प्रश्नउत्तरको संगालो तयार गरी विभागको वेबसाइटमा राखी सबैलाई जानकारी गराइएको छ।आम जनसमुदाय, कृषक तथा प्राविधिकहरूका लागि जानकारीमूलक सूचना सामग्रीहरु प्रकाशन तथा प्रसारण गरिएको छ। लामखुट्टे, झिङ्गा, किर्ना लगायतका टोक्ने किराले यो रोग सार्ने हुँदा गोठ सफा राख्न, गोठ वरिपरिका पानीका खाल्डाखुल्डी पुर्न र गोठ नि:सङ्क्रमण गर्न पशु धनीहरुलाई अनुरोध गरिएको छ। विभागको सिफारिसमा जोर्डन, तान्जानियाँ र टर्कीबाट विभिन्न पैठारीकर्ताहरुले खोप आपूर्ति गरिरहेका छन्। खोप आयातको लागि पशु सेवा विभागमा आवेदन प्राप्त हुनासाथ तत्काल पैठारीको लागि अनुमति दिने प्रक्रियालाई सुचारू गराइएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट विभिन्न विकास साझेदारहरुसँग रोग रोकथाम तथा नियन्त्रणमा सहयोगका लागि समन्वय गरिएको छ। औषधिहरुको नियमित आपूर्ति व्यवस्था मिलाउन औषधि उत्पादक र आयातकर्ताहरुसँग समन्वय गरिएको छ ।केन्द्रीय सहित पाँच वटै पशुपन्छी रोग अन्वेषण प्रयोगशालाबाट नमूना परीक्षण गरी रोग निदान कार्यलाई प्राथमिकताकासाथ निरन्तरता दिइएको छ ।लम्पी स्किन रोगसँग सम्बन्धित तथ्याङ्कहरु पालिकास्तरबाट नै भेरीफाई गर्ने गरी सङ्कलन तथा प्रेषणको लागि संघ, प्रदेश र स्थानीय तहका पशु सेवाका सम्बन्धित निकायहरुमा समन्वय गरिएको र प्रत्येक हप्ताको विहिबार प्रदेशका पदाधिकारी तथा सम्पर्क व्यक्तिहरूसँग virtual meeting गरिने व्यवस्था मिलाइएको छ।राष्ट्र व्यापि रुपमा वृहत खोप कार्यक्रम सञ्चालन गर्न

लम्पी स्किन रोग विरुद्धको खोप निःशुल्क उपलब्ध गराउन छिमेकी राष्ट्र भारत र चीनसँग समन्वय गरिएको छ। यस क्रममा माननीय मन्त्रीज्यूबाट केहि दिन अघि सम्पन्न भारत भ्रमणका क्रममा भारतीय समकक्षी तथा अन्य सरोकारवाला निकायसँग भएको समन्वयमा लम्पी स्किन रोग विरुद्धको खोप र स्वदेशमै लम्पी स्किन रोग विरुद्धको खोप उत्पादन गर्न आवश्यक मास्टर सिड निःशुल्क उपलब्ध गराउन समन्वय गरिएको छ। भारतीय पक्षबाट माग गरे अनुसार खोप उत्पादन तथा तत्काल प्रयोगका लागि खोपको उपलब्ध गराउन अवधारण पत्र पशु सेवा विभागबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पेश गरिएको छ। १६१ स्थानीय तहमा एक पालिका एक भेटेरिनरी डाक्टर कार्यक्रम मार्फत डाक्टर परिचालनको व्यवस्था र एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत स्थानीय तहमा प्राविधिकहरुको व्यवस्थापनको लागि बजेट व्यवस्था गरिएको छ। प्रत्येक स्थानीय तहमा महामारी नियन्त्रणका लागि संघीय शसर्त अनुदान अन्तर्गत रू. १ लाखका दरले रकम विनियोजन गरिएको छ।महामारीको स्वरुपलाई मध्यनजर गरी सङघ, प्रदेश र स्थानीय तहको समन्वयमा थप जनशक्ति र साधन स्रोत व्यवस्थापन तथा परिचालनका लागि आवश्यक कार्य भइरहेको छ।

यो रोगको खास उपचार छैन। आयोडिन, पोटासियम पारमेग्रेट लगायतका कुनै पनि इन्टिसेप्टिक झोलको प्रयोग गरी घाउको सरसफाई तथा किराहरू शरीरका घाउहरूमा आकर्षित नगराउनको लागि बजारमा उपलब्ध किरा भगाउने मल्हमहरू लगाउन सकिन्छ। एन्टी हिस्टामिनिक र ब्रोडस्पेकट्रम एन्टिवायोटिक सुई दिएमा थप जीवाणुजन्य सङ्क्रमणबाट बचाउन सकिन्छ। यो रोगको रोकथामका लागि रोगी पशुलाई अलग्गीकरण गर्ने, नयाँ पशुवस्तु फार्ममा ल्याउँदा रोग नभएको यकिन गरेर मात्र ल्याउने र ल्याई हालले पनि १४ दिन सम्म बथानमा नमिसाई अलग्गै राख्ने, मरेका पशुलाई खाडलमा राम्रोसँग गाड्ने, गोठको सरसफाइ र निःसङ्क्रमणमा ध्यान दिने, गोठ वरिपरि लामखुट्टे, झिङ्गा, किर्ना र विभिन्न किसिमका टोक्ने खालका किराहरू नियन्त्रण गर्ने, रोगको सङ्क्रमण देखिएको क्षेत्रमा सर्भिलेन्स गर्ने, रोग फैलिएको अवस्थामा सकभर पशुको ओसारपसार नियन्त्रण गर्ने र रोग फैलिरहेको जानकारी प्राप्त भएमा सो क्षेत्रका सार्वजनिक चरन, पानी खाने सार्वजनिक पोखरी आदिमा पशुहरु चराउन नलैजाने आदि गर्नुपर्दछ।

### ७.४ नेपालमा ग्ल्यान्डर्स रोगको अवस्था

ग्ल्यान्डर्स रोग बुर्खोल्डेरिया म्यालाई (*Burkholderia mallei*) नामक जीवाणुको कारण मुख्य रुपमा अश्व जातिका पशु जस्तै घोडा, खच्चर, गधामा देखा पर्नेश्वास प्रश्वास सम्बन्धी सङ्क्रामक तथा प्राणघातक रोग हो।यो रोगबाट कहिलेकाँहि भेडा, बाख्रा, उँट, कुकुर तथा बिरालो जाति पनि प्रभावित हुन सक्छन्। सङ्क्रमित मासु खाँदा बाघ, चितुवा जस्ता मांसहारी पशुहरू प्रभावित हुन सक्छन्। छालामा देखिने यस रोगलाई फार्सी (Farcy) समेत भनिने र सङ्क्रमित पशुसँगको लसपसबाट मानिस (विशेषगरी पशु चिकित्सक, तबेला र प्रयोगशालामा काम गर्ने व्यक्तिहरू) मा सर्नसक्ने हुँदा जुनोटिक महत्व समेत रहेको छ।यस रोगका लक्षणहरू देखिन केहि दिनदेखि केहि महिनासम्म लाग्न सक्छ।खच्चर तथा गधामा तीक्ष्ण र घोडामा दिर्घकालिन प्रकारका लक्षणहरू देखिन्छन्।तीक्ष्ण रुपमा उच्च ज्वरो आउनुका साथै नाक र आँखाबाट तरल पदार्थहरू बग्ने र श्वास फेर्न गाह्रो भई पशु मर्नेसक्छ। दीर्घ रुपमा प्राय जसो ज्वरो घटबढ भइरहने, खोकि रहने र श्वास-प्रश्वासमा गडबड हुने, प्रभावित पशु क्रमशः दुब्लाउदै जाने, जिग्रिङ्ग देखिने, पछाडिको खुट्टाको मध्य जोर्नीसम्म सुन्निने, लसीका ग्रन्थिका नलीहरू सुन्निने, छालामा गिर्खाहरू देखिने र क्रमशः निको हुँदै तारा आकारको डामहरू रहने लक्षणहरू देखिन्छन्।

नेपालमा यस रोगको प्रकोपसँग मिल्दाजुल्दा लक्षणहरू कहिलेकाँहि यदाकदा देखिएता पनि आधिकारिक रुपमा प्रयोगशाला प्रमाणित भने हुन सकेको थिएन। यसै क्रममा वि.सं. २०७७ साल कार्तिक २४ मा बाँके जिल्लाको नेपालगन्ज उप-महानगरपालिका वडा नं. ०५ स्कुल टोलका घोडा र खच्चडहरूमा ग्ल्यान्डर्स रोगका लक्षणहरू पहिलो पटक देखा परेको थियो। लक्षण देखा परे पश्चात् उक्त घोडा र खच्चडहरूबाट नमूना सङ्कलन गरी केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरमा मलिकुलर (PCR) विधिबाट परीक्षण गर्दा मिति २०७८ कार्तिक २६ गते लम्पी स्किन रोग भएको प्रयोगशाला प्रतिवेदन प्राप्त भएको थियो।उक्त क्षेत्रमा २४ वटा घोडा तथा खच्चडहरूमा सङ्क्रमण देखिएको थियो भने १६ वटा घोटा र खच्चडको मृत्यु भएको प्रिवेदन प्राप्त भएको थियो। यस पश्चात् २०७७ कार्तिक २९ मा ललितपुर जिल्लाको गोदावरी नगरपालिकाको ईट्टा भट्टिमा काम गर्ने दुइ वटा खच्चडहरूमा ग्ल्यान्डर्स रोगको सङ्क्रमण देखा परेको प्रयोगशाला प्रतिवेदन प्राप्त भएको थियो।यस पश्चात् भने नेपालमा ग्ल्यान्डर्स रोगको सङ्क्रमण भएको प्रतिवेदन प्राप्त भएको छैन।

यस रोगका उपचारका लागि सोडियम सल्फाडाईजिन, टेट्रासाइक्लिन, सिप्रोफ्लोक्सासिन मध्ये कुनै एकको प्रयोग गर्न सकिन्छ। ग्ल्यान्डर्स रोगको रोगथाम तथा नियन्त्रणका लागि सर्भिलेन्स गरी शङ्कास्पद पशुहरूको रोपोर्टिङ्ग गर्ने, सङ्क्रमित पशुहरूको मानविय तवरले नष्ट गर्ने, मरेको पशुलाई राम्रोसँग खाडलमा गाड्ने वा जलाउने, सङ्क्रमित तबेला वा क्षेत्रलाई राम्ररी सफा तथा निसङ्क्रमण गर्ने, नयाँ पशु तुरुन्त बथानमा नमिसाउने, सङ्क्रमित सोत्तर, पिसाब, गोबर आदि राम्रोसँग गाड्ने गर्नुपर्दछ।

## परिच्छेद ८

### ८.१ पशु क्वारेन्टाइन कार्यक्रम

पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीमा कुनै रोग लागेको छ, छैन भन्ने कुरा एकिन गर्न पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीलाई कुनै खास ठाउँमा तोकिएको अवधिभर परीक्षणको लागि एकैसाथ वा छुट्टा छुट्टै राखिने कार्यलाई पशु क्वारेन्टाइन भनिन्छ।

भूपरिवेष्ठित मुलुक नेपालको छिमेकी राष्ट्र भारतसँग करिब १७०० किलोमिटर खुल्ला सिमाना रहेको छ। खुल्ला सिमाना भएको कारण आवतजावत गर्ने पशुपन्छीको निगरानी र तिनीहरूबाट भित्रिन सक्ने संक्रामक रोगहरूको नियन्त्रण गर्न पशु क्वारेन्टाइनलाई व्यवस्थित पारेर लैजानु आजको आवश्यकता हो। यसका साथै अन्य मुलुकबाट हवाइ मार्ग हुँदै पशुपन्छीहरूको माध्यमबाट फैलन सक्ने संक्रामक रोगको बारेमा पनि सोच्न आवश्यक हुन्छ। तसर्थ विद्यमान आन्तरिक तथा सीमा क्वारेन्टाइनलाई व्यवस्थित गर्दै लैजानु पर्ने देखिन्छ।

नेपालमा सन् १९६० को दशकमा गौगोटी रोगको महामारी फैलिँदा पशु क्वारेन्टाइनको महत्वलाई मनन गरी तत्कालै चार विकास क्षेत्रमा तराईबाट पहाडतर्फ रोग नफैलियोस् भन्ने उद्देश्यले एक एक वटा क्वारेन्टाइन चेकपोष्टहरू स्थापना गरिएका थिए। त्यसपछि सन् १९८० देखि १९८५ सम्म एसियाली विकास बैंकको ऋण सहयोगमा सञ्चालित पहिलो पशु विकास आयोजनाको सहयोगमा दक्षिणी सिमानाको पशु वस्तुहरू आवतजावत हुने प्रमुख नाकाहरूमा थप २० वटा चेकपोष्टहरू स्थापना गरिएका थिए। उक्त आयोजनाले चेकपोष्टहरूका भवनहरू निर्माण गर्नुका साथै एक जना नायव प्राविधिक सहायक (ना.प्रा.स.) र एकजना मैसेञ्जरको अस्थायी दरबन्दी श्रृजना गरेको थियो। सन् १९९२ मा कृषि मन्त्रालयको पुनर्संरचनामा चेकपोष्टको महत्वलाई पुनर्स्थापित गरी केन्द्रमा एउटा पशु क्वारेन्टाइन शाखा र मुलुकभर २४ वटा क्वारेन्टाइन चेकपोष्टहरूमा दक्ष जनशक्तिको व्यवस्था भइ हरेक चेकपोष्टमा एक एक जना पशु चिकित्सक (रा.प.तृ.प्रा.), दुई जना पशु स्वास्थ्य प्राविधिक (रा.प.अनं.प्र.प्रा.) र दुई जना कार्यालय सहयोगीहरूको दरबन्दी स्वीकृत भएको थियो। त्यस्तै पशु क्वारेन्टाइन शाखामा एक जना वरिष्ठ पशु चिकित्सक (रा.प.द्वि.प्रा.), एक जना पशु चिकित्सक (रा.प.तृ.प्रा.) र दुई जना नायव पशु स्वास्थ्य प्राविधिक (ना.प.स्वा.प्रा., रा.प.अनं. द्वि.प्रा.) को प्राविधिक दरबन्दी रहेको थियो। वि.सं. २०६१ सालमा चेकपोष्टहरूलाई विभिन्न कार्यालय अन्तर्गत समाहित गरी आठवटा रा.प.द्वितीय श्रेणीको अधिकृत प्रमुख रहेको पशु क्वारेन्टाइन कार्यालयहरूको स्थापना गरियो। जस अनुसार पशु क्वारेन्टाइन कार्यालयहरूको कार्यक्षेत्र प्रष्ट रूपमा तोकिएको छ। त्यस्तै आठवटै पशु क्वारेन्टाइनहरूको समन्वय गर्न तथा तिनको अनुगमनका लागि केन्द्रमा रा.प.प्रथम श्रेणीको अधिकृत कार्यालय प्रमुख रहेको एउटा केन्द्रीय पशु क्वारेन्टाइन कार्यालयको स्थापना गरिएको थियो। हालसालै देश संघीय संरचनामा प्रवेश गरेसँगै मन्त्रालय तथा विभागको समेत संगठनात्मक पुनर्संरचना हुँदा साविकको केन्द्रीय पशु क्वारेन्टाइन कार्यालय पशु सेवा विभागको पशु क्वारेन्टाइन महाशाखाको रूपमा रहेको छ। यस महाशाखा अन्तर्गत आन्तरिक तथा सीमा पशु क्वारेन्टाइन व्यवस्थापन शाखा, आयात निर्यात व्यवस्थापन शाखा र जोखिम विश्लेषण शाखा समेत स्थापना गरी क्वारेन्टाइन गतिविधिहरू संचालनमा रहेका छन्। यसरी क्वारेन्टाइनको कार्य विस्तार भइ विश्व पशु स्वास्थ्य संगठन (WOAH) तथा विश्व व्यापार संगठन (WTO) को मापदण्ड अनुरूप कार्य गर्न सक्षम बन्दै जाने विश्वास लिइएको छ।

### ८.२ कार्यनीति

१. क्वारेन्टाइन नियम कानून लागु गर्ने निकायहरू जस्तै भन्सार, क्वारेन्टाइन, प्रहरी प्रशासन, सरकारी वकिल आदिबीच केन्द्र, क्षेत्र तथा जिल्लामा समन्वय कायम गरी कार्यक्रम सञ्चालन गर्दै जाने।

२. विश्व पशु स्वास्थ्य सङ्गठन **(WOAH)** तथा विश्व व्यापार सङ्गठन **(WTO)** को मार्गदर्शन अनुसार देशको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ बमोजिम क्वारेन्टाइन कार्यक्रमलाई सञ्चालन गर्दै जाने।

३. पैठारी गरिएका पशुपन्छीको स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र भए नभएको जाँच गर्ने र क्वारेन्टाइन प्रमाणपत्र दिने, नियम बमोजिम नभएमा पशु, पशुजन्य पदार्थ र पशु उत्पादन सामग्रीलाई पशु स्वास्थ्य तथा पशु सेवा ऐन, नियमावली अनुसार कारवाही गर्ने, भ्याक्सिनहरू दिनुपर्ने भए उक्त भ्याक्सिनहरू दिने व्यवस्था गर्ने।

४. पैठारी गरिएका पशुहरूमा संक्रामक रोग लागेको शंका लागेको खण्डमा उक्त खेपका पशुहरूलाई क्वारेन्टाइन स्थल वा नाकामै रोकी सम्बन्धित पैठारीकर्ताकै खर्चमा आवश्यक नमूनाहरू लिइ तोकिएको प्रयोगशालामा पठाइ रोगको निर्क्यौल गर्ने र सङ्क्रामक रोग ठहर भएमा पशुहरूलाई नाकाबाट नेपाल भित्रिन बन्देज गर्ने र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सोको नियमावली, २०५६ अनुसार कारवाही गर्ने, स्वस्थ भएमा क्वारेन्टाइन प्रमाणपत्र जारी गरी पैठारी गर्न दिने।

५. निकासी गरिने पशु तथा पशुजन्य पदार्थको परीक्षण तथा उपलब्ध स्वास्थ्य प्रमाणपत्रको जाँच गर्ने र आवश्यक परेमा आवश्यकता अनुसारको भ्याक्सिन लगाइ निकासी गर्न प्रोत्साहित गर्ने।

६. देशभित्र एक ठाउँबाट अर्को ठाउँमा सङ्क्रामक रोग फैलिन नदिन आन्तरिक क्वारेन्टाइनमा विशेष जोड दिने।

७. हवाइमार्ग हुँदै वाह्य देशबाट भित्रिने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको आवतजावतमा नियन्त्रण गरी सङ्क्रामक पशुरोग भित्रिन नदिन अन्तराष्ट्रि«य क्वारेन्टाइनमा जोड दिने।

८. सिमावर्ती क्षेत्रमा पशुहरूमा सङ्क्रामक रोग फैलिएको खण्डमा वा नाका भएर आउने पशुमा कुनै नयाँ सङ्क्रामक रोग आएको भए सोको जानकारी सम्बन्धित निकायलाई दिइ रोग निदान र नियन्त्रणमा सहयोग गर्ने साथै सोको जानकारी पशु सेवा विभागमा दिने।

९. जिल्लाभित्र पर्ने सरकारी वकिल, भन्सार, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, सम्बन्धित सिमाचौकी प्रहरी इकाइसँग समन्वय तथा सहयोग लिइ कार्यक्रम सञ्चालन गर्ने, गराउने।

१०. क्वारेन्टाइन सम्बन्धी जनचेतना बढाउन कृषक स्तरमा छलफल तथा गोष्ठीहरूको आयोजना गर्ने।

## ८.३ आयात भएका मुख्य मुख्य वस्तुको आयातको विवरण

**तालिका १२: आयात भएका मुख्य मुख्य वस्तुको आयातको विवरण**

| पशुवस्तु | इकाइ | आयात विवरण | पशुवस्तु | इकाइ | आयात विवरण |
|---|---|---|---|---|---|
| राँगाभैँसी | संख्या | १५ | ऊन | मे.ट. | ३६७.४८ |
| बाच्छाबाच्छी | संख्या | ० | फ्रोजन फिस | मे.ट. | ६५२.५८ |
| खसीबोका | संख्या | ११५५ | फ्रेस फिस बोनलेस | मे.ट. | १५८ |
| घोडा/खच्चर | संख्या | ० | सिपि (क्रुड प्रोटिन) | मे.ट. | १६५ |
| कुकुर | संख्या | ३१७ | डि. सि. पि. | मे.ट. | १४२५ |
| बिरालो | संख्या | ४२ | दुध जन्य पदार्थ | मे.ट. | ८२ |
| प्यारेन्ट स्टक चल्ला लेयर्स | संख्या | ५६,१०७ | माछाको दाना | मे.ट. | ५,७७९.६७१ |
| प्यारेन्ट स्टक चल्ला ब्रोइलर | संख्या | ३,०३,९४५ | फिड सप्लिमेन्ट | मे.ट. | १४,२९७.४१ |
| एक्वारियम माछा | संख्या | ३,९१,०१३ | क्याटल फिड | मे.ट. | ४०४५ |
| ग्रान्ड प्यारेन्ट स्टक | संख्या | ८२,६८२ | डग फिड | मे.ट. | ७८.४२१ |
| एस.पी.एफ. अण्डा | गोटा | ३८,०५० | सोया लेसिथिन | मे.ट. | १४७.१५ |
| ह्याचिङ्ग अण्डा | गोटा | १,२४३२९ | चौँरीको पुच्छर | गोटा | ४७,४०० |
| खाने माछा | मे.ट. | ३०५.१६ | | | |

## ८.४ निर्यात भएका मुख्य मुख्य वस्तुको आयातको विवरण

**तालिका १३: निर्यात भएका मुख्य मुख्य वस्तुको आयातको विवरण**

| पशुवस्तु | इकाइ | निर्यात विवरण |
|---|---|---|
| गोट पोलिक्लोनल एन्टीबडी | मि.ग्रा. | १,९४६ |
| वेट ब्लु क्रोम ट्यान बफ लेदर | वर्ग मि. | ३८,३४,६८४ |
| घीउ | मे.ट. | ३४.५ |
| बङ्गुर | गोटा | ७२६ |
| गोरु, बाच्छाबाच्छी | गोटा | १,१८७ |
| बाख्रा, खसीबोका | गोटा | १२९ |
| राँगाभैँसी, पाडापाडी | गोटा | १५५ |

### ८.५ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) गाइ गोरू, बाच्छावाच्छी आयात विवरण




### ८.६ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) खसी/बोका आयात विवरण



८.७ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) राँगाभैँसी/पाडापाडी आयात विवरण)




८.८ आ.व. २०६९/०७० - २०८०/०८१ (१२ वर्ष अवधिको) खाने माछा आयात विवरण



## ८.९ पशु क्वारेन्टाइन कार्यालय तथा चेकपोष्टहरूको विवरण

**तालिका १४: पशु क्वारेन्टाइन कार्यालय तथा चेकपोष्टहरूको विवरण**

| सि. नं. | पशु क्वारेन्टाइन कार्यालय तथा इमेल ठेगाना | प्रमुख | पशु क्वारेन्टाइन चेकपोष्ट | | | | | जम्मा चेकपोष्ट |
|---|---|---|---|---|---|---|---|---|
| १ | पशु क्वारेन्टाइन कार्यालय, काँकडभिट्टा aqojhapa@gmail.com | प. चि. डा. मुकेश कुमार सिंह | काँकडभिट्टा, झापा | गौरीगञ्ज, झापा | भद्रपुर, झापा | पशुपतिनगर, इलाम | | ४ |
| २ | पशु क्वारेन्टाइन कार्यालय, विराटनगर aqobrt@gmail.com | प. चि. डा. मुकेश मणि सिंह | रानी, मोरङ | भन्टवारी, सुनसरी | माडर, सिरहा | | | ३ |
| ३ | पशु क्वारेन्टाइन कार्यालय, जनकपुर quajnk@gmail.com | ब. प. चि. डा. मुकेश नायक | भिट्टामोड, महोत्तरी | जटही, धनुषा | मलङ्गवा, सर्लाही | | | ३ |
| ४ | पशु क्वारेन्टाइन कार्यालय, वीरगञ्ज pashuoffice@gmail.com | ब. प. चि. डा. हेराम यादव | सिर्सिया, पर्सा | मटिअर्वा, बारा | पथलैया, बारा (आन्तरिक) | औरहिया, रौतहट | | ४ |
| ५ | पशु क्वारेन्टाइन कार्यालय, काठमाण्डौ ktmquarantine@gmail.com | ब. प. चि. डा. मोदनाथ गौतम | त्रिभुवन अ. विमानस्थल | तातोपानी, सिन्धुपाल्चोक | रसुवागढी, रसुवा (अस्थायी) | नागढुङ्गा, काठमाण्डौ (अस्थायी, आन्तरिक) | रामनगर, चितवन (आन्तरिक) | ५ |
| ६ | पशु क्वारेन्टाइन कार्यालय, भैरहवा aqobhairahawa@gmail.com | ब. प. चि. डा. भक्त निउरे | वेलहिया, रुपन्देही | महेशपुर, नवलपरासी | कृष्णनगर, कपिलवस्तु | | | ३ |
| ७ | पशु क्वारेन्टाइन कार्यालय, नेपालगञ्ज aqobhairahawa@gmail.com | ब. प. चि. डा. राकेश मोहन सिंह | नेपालगञ्ज, बाँके | गुलरिया, बर्दिया | भालुवाङ, दाङ (अस्थायी, आन्तरिक) | | | ३ |
| ८ | पशु क्वारेन्टाइन कार्यालय, गड्डाचौकी animalquarentinekanchanpur@gmail.com | प. चि. डा. टिका राम खनाल | गड्डाचौकी, कञ्चनपुर | वेलौरी, कन्चनपुर | धनगढी, कैलाली | दार्चुला, दार्चुला | | ४ |
| | **जम्मा** | | | | | | | **२९** |

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशु सेवा विभाग

हरिहरभवन, ललितपुर
फोन नं.: ०१-५५२२०५६
फ्याक्स नं.: ०१-५५४२९१५
Website: www.dls.gov.np